पोखरा दर्पण, त्रैमासिक बुलेटिन

वर्ष १४, । अंक २६ । २०७७ असोज


- संरक्षक

**मानबहादुर जिसी**

प्रमुख

**मञ्जुदेवी गुरुङ**

उपप्रमुख

**महेश बराल**

प्रमुख प्रशासकीय अधिकृत

- सम्पादक मण्डल

संयोजक

**माधवप्रसाद बराल**

- सदस्य

**नवराज सापकोटा**

**एकराज गिरी**

**सोमनाथ लम्साल**

**मन क्षेत्री**

- प्रकाशक

**पोखरा महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

न्यूरोड, पोखरा

**सम्पर्क नं.**

**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**

**फ्याक्स नं. +९७७ ६१ ५२०६००**

Email: info@pokharamun.gov.np

website : www.pkharamun.gov.np

www.facebook.com/pokharamun


## सम्पादकीय

# बजेटको अर्जुनदृष्टि: पूर्वाधार

पोखरा महानगरपालिकाको सातौं नगर सभाले आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम र वार्षिक बजेट पारित गरेको छ । बजेट ५ अर्ब ३४ करोड छ । नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा संविधानको मर्म, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, पोखरा महानगरको बस्तुगत अवस्था, विकासको हालको अवस्था र जनताको आवश्यकतालाई ख्याल गरेका छौं । बजेट निर्माण गरिरहँदा हामीले कोरोना भाइरसको सामाना गर्नुपरेको छ ।

जनताको नजिकको सरकारको रुपमा रहेको पोखरा महानगरपालिकाले कोरोनाको नियन्त्रण, उपचार र रोकथामा बल बुताले भ्याएसम्मका प्रयास गरिरहेको छ । आम नगरबासीलाई कसरी सुरक्षित राख्न सकिन्छ त्यसप्रति पनि महानगर संवेदनशील छ । बजेट निर्माण गर्दा नगरवासीको स्वास्थ्यलाई केन्द्रमा राखिएको छ ।

पोखरा महानगरका आफ्नै भौगोलिक विविधता छन् । नगरको मुख्य बजार क्षेत्रमा सहरी विकासले गति लिएको छ । धेरै भूभाग ग्रामीण पहाडी क्षेत्र छ । त्यसैलाई ध्यान दिएर पूर्वाधार विकास बजेटको केन्द्रमा छ । विकटलाई निकट ल्याएर मुख्य बजार क्षेत्रसँग जोड्ने योजना प्राथमिकतामा छ । त्यसैले खुद्रे, मसिना तथा कनिका छरे जस्तो बजेट बाँड्न भन्दा दीर्घकालीन महत्व राख्ने ठूला पूर्वाधारमा बजेट केन्द्रित छ । जसले गर्दा महानगरपालिकाभित्र पूर्वाधार विकासले फड्को मार्ने विश्वास छ । पूर्वाधारको पनि पूर्वाधार सडक भएको हुँदा पहाडी ग्रामीण भेगलाई सडक सञ्जालले मुख्य बजार क्षेत्र जोड्ने कनेक्टिङ सडकलाई प्राथमिकता दिइएको छ । महानगरका सेवा सुविधालाई छिटो छरितो बनाउन वडा कार्यालयहरु पनि सुविधा सम्पन्न हुनुपर्दछ । वडा कार्यालयहरु व्यवस्थित र सुविधायुक्त भएमात्र सेवा, प्रवाह सहज हुने विश्वासका साथ वडा कार्यालयहरु निर्माणलाई पनि प्राथमकितामा राखिएको छ ।

विकास जनताका लागि हो । राज्यले विशेष गरी अपांगता भएका, ज्येष्ठ नागरिक र विविध पक्षबाट पछाडि परेका छन् उनीहरुको विषयमा पोखरा महानगर संवेदनशील छ । विभिन्न जातजातिको संस्कृति, कला, भाषा, मौलिकतालाई जोगाइ राख्न महानगर सचेत छ । बजेटले ती विषय र मुद्दालाई पनि सम्बोधन गरेको छ ।

पोखरा पर्यटकीय सहर हो । पोखरालाई पर्यटकीय अन्तर्राष्ट्रिय स्तरको स्मार्टसिटी बनाउने हाम्रो अर्जुनदृष्टि छ । बजेटको अर्जुनदृष्टि पनि त्यसैमा छ । बजेटमा पूर्वाधार विकास र दीर्घकालीन योजना केन्द्रमा रहनु त्यसैको द्योतक हो । सूचना प्रविधिमैत्री सेवा त्यसैको उपज हो । सुशासनयुक्त र भ्रष्टाचारमुक्त महानगरपालिका बनाउने सत्यप्रयासमा कुनै सम्झौता हुँदैन । पोखरा नगर र नगरबासीप्रति सधैं नै जिम्मेवार र उत्तरदायी रहने प्रतिबद्धता फेरि एक पटक दोहोऱ्याउँछौं ।

# सार्वजनिक यातायात प्रयोग गर्दा अपनाउन पर्ने स्वास्थ्य सावधानीहरु



नाक र मुख राम्ररी ढाक्ने गरि मास्क लगाउनुहोस्



बस्दा सिंगल सिटमा बस्नुहोस र अरुको सिधा अघिल्तिर नफर्कनुहोस्




पटक पटक अल्कोहलयुक्त स्यानीटाइजरको प्रयोग गर्नुहोस्



अनावश्यक रुपमा सतहहरु नछुनुहोस्



यात्रापछि, आफ्नो गन्तब्य पुग्ने बित्तिकै पहिला साबुन पानीले मिची-मिची हात धुनुहोस्

**पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा**



# पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीद्वारा महानगरको सातौं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

**गण्डकी प्रदेशका सांसदज्यूहरु, नगर सभासदज्यूहरु, सहरी योजना आयोगका उपाध्यक्षज्यू तथा सदस्यहरु, राष्ट्रसेवक कर्मचारी एवं पत्रकार मित्रहरु उपस्थित सम्पूर्ण महानुभावहरु।**

- नेपालको संविधानले व्यवस्था गरे बमोजिम विकास र सम्वृद्धिका लागि स्थानीय सरकारहरु सञ्चालनमा आई संघीय लोकतान्त्रिक गणतन्त्र पूर्ण संस्थागत हुनेतर्फ उन्मुख भएको छ । संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त र मर्म अनुसार संघीय सरकार गण्डकी प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम समेतलाई आत्मसाथ गर्दै स्थानीय सरकार सञ्चालनको तीन वर्षे सिकाइ र भोगाइ मार्फत् थप उर्जा संगाल्दै पोखरा महानगरपालिकाको सातौं नगरसभामा आ.व.२०७७/२०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महशुस गरेको छु ।
- राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, र जनजीविका प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति

भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । सहिदको सपना र मार्गदर्शन अनुरुपको विकासलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा यस घडीमा गर्न चाहान्छु ।

- विश्व अहिले कोरोना भाइरसबाट आक्रान्त छ । यसको कारणले विश्वमा ४ लाख ७२ हजार भन्दा बढी मानिसको मृत्यु भइसकेको छ । भाइरसको कारणले ज्यान गुमाउने नेपालीसहित सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमित भई उपचाररत नगरवासी, सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी लगायत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाइरसबाट पोखरा महानगरलाई सुरक्षित राख्न महानगरले बलबुताले भ्याएसम्म प्रयास गरिरहेको छ । महानगरवासीले पनि नगरलाई सुरक्षित राख्न आफ्नो तर्फबाट भूमिका निर्वाह गर्न आव्हान गर्दछु । साथै कोरोना रोकथाम, उपचार र नियन्त्रणमा महानगरलाई साथ दिनुहुने सबैमा हार्दिक आभार व्यक्त गर्दछु । अग्रपंक्तीमा रहेर स्वास्थ्य सेवा प्रवाह गर्ने सम्पूर्ण स्वास्थ्यकर्मीप्रति सम्मान व्यक्त गर्दछु ।
- पोखरा नगरका आफ्नै खाले विशिष्टता र विविधताहरु रहेका छन् । त्यस्तो विशिष्टता र विविधतालाई सन्तुलित ढंगले व्यवस्थापन गर्नुपर्दछ भन्ने मान्यतामा रही हामी हाम्रा अभियानलाई अगाडि बढाइरहेका छौं । पोखरा महानगरपालिकाको विशिष्ठिकृत भौगोलिक तथा सामाजिक संरचना अन्तर्गत सघन सहरी क्षेत्र, सहरोन्मुख क्षेत्र र ग्रामीण क्षेत्रमा फरक फरक प्रकारका आर्थिक, सामाजिक तथा साँस्कृतिक चरित्रहरु छन र विगत तीन वर्ष देखि नै महानगरपालिकाले यी नै विशिष्ठता अनुरुप विकासका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।
- विगत ३ वर्षका अनुभवहरुबाट सिक्दै यस आर्थिक वर्षमा सहरी योजना आयोग गठन गरेर महानगरपालिकाले दीर्घकालीन दृष्टि निर्माण गरी सो मा आधारित रहेर यस वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ संक्रमणको कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायको आवश्यकता र प्राथामिकतालाइ नै बदलिदिएको छ । यस परिस्थितिबाट विश्वले छुटकरा पाउन थप समय लाग्ने सक्ने हुनाले यसका असरहरुलाई न्यूनीकरण गरेर जनजीवनलाई नियमित तुल्याउन नयाँ रणनीति अवलम्बन गर्नुपर्ने देखिएकाले हाम्रा विकासका लक्ष्य तथा प्राथामिकताहरुलाई समेत पुर्नपरिभाषित गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यस महामारी पश्चात भएको लकडाउनको अवधि चैत ११ देखि जेठ ३२ गते सम्ममा महानगरमा मात्रै करिब रु.१६ अर्ब बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको छ । यो क्षतिले महानगरपालिकाको आन्तरिक राजश्व संकलन, विकासका कार्यक्रमहरु र नियमित सेवा प्रवाहमा प्रतिकुल असर गरेको छ । यसर्थ विषम परिस्थितिको सामाना गर्दै यस महामारीका सम्भावित असरहरुलाई न्यूनीकरण गर्न र महानगरवासीहरुको जीवन रक्षा गर्दै विकास गतिविधिहरुलाई निरन्तरता दिनेगरी योजना बनाइएको छ ।
- नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख समाज तथा दिगो विकास लक्ष्य २०३० ले निर्दृष्ट गरेको कोही पनि पछाडि नरहुन भन्ने लक्ष्यलाई साकार पार्ने आधार निर्माण गर्ने गरी विगत ३ वर्ष देखि अवलम्बन गरिएका नीतिहरुलाई अझ थप परिमार्जन गरी यस आर्थिक वर्षमा प्रस्तुत गरिएको छ । यस सन्दर्भमा राष्ट्रिय योजना आयोगले तयार गरेको पन्ध्रौ पञ्च वर्षीय योजना, गण्डकी प्रदेश सरकारले तयार गरेको प्रथम पञ्च वर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, चालू आवधिक योजना, पोखरा महानगरको वस्तुगत अवस्था, विभिन्न राजनीतिक दल, संघ संस्था, प्रवुद्ध वर्ग तथा नागरिक समाजका प्रतिनिधिहरुको सुझावहरुका साथै कार्य अनुभवहरुलाई महत्वपूर्ण आधारको रुपमा लिएको छ ।

**नगर सभासद्ज्यूहरू**

पोखरा महानगरपालिकामा चालू आर्थिक वर्षमा सम्पादन भएका महत्वपूर्ण क्रियाकलाप र उपलब्धिहरूलाई बुँदागत रूपमा पेश गर्ने अनुमति चाहन्छु ।

**१. पूर्वाधारतर्फ**

- आर्थिक वर्ष २०७६/७७ मा पूर्वाधार विकासलाई प्राधमिकतामा राख्दै प्राथमिकताको आधारमा अगाडि बढाइएका सडकहरु आव २०७६/७७ मा सम्पन्न गर्ने गरी रु. ७२ करोड ४० लाख ३८ हजार बजेट विनियोजन भएको थियो । उक्त कार्यक्रम मार्फत् १२

वटा पी वान सडकहरुमा ६० किमी बाटो ग्राबेल गरिएको छ । १३ किमी बाटो कालो पत्रे भएको छ । यसरी पीवान सडकहरुमा ६० प्रतिशत भौतिक प्रगति र ४८.६ प्रतिशत वित्तीय प्रगति भएको छ । समपुरक अनुदान बजेटबाट १० किमी ग्राबेल र ६ किमी कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ । उक्त योजनाहरुको भौतिक प्रगति ४१.४३ प्रतिशत र वित्तीय प्रगति ४७.५५ प्रतिशत रहेको छ । आव २०७६/७७ मा ८ वटा मोटरेबल पुलहरु मध्ये घोरकुना मोटरेबल, भोटीखोला मोटरेबल पुल, मोटरेबल पुल सम्पन्नको चरणमा पुगेका र अन्य चार वटा पुलहरुको भूमिगत संरचना तयार भएको छ । सिर्जना चोकस्थित आकाशे पुलको फाउन्डेसनको काम सम्पन्न भई स्टिल फ्रेब्रिकेसनको काम भइरहेको छ ।

- गत वर्षदेखि सञ्चालित उज्यालो पोखरा कार्यक्रमलाई निरन्तरता दिँदै सडक छेउछाउमा रहेका सोलार बत्तीलाई मर्मत गर्ने कार्य नेपाल विद्युत प्राधिकरणसँगको सहकार्य गरी स्मार्ट सडक बत्तीको व्यवस्थापन गर्ने कार्य अगाडि बढाइएको छ । साथै महेन्द्रपुल, पृथ्वीचोक, सभागृहचोक लगायतका स्थानमा ट्राफिक लाइट व्यवस्थापनको लागि आवश्यक सर्भे डिजाइन सम्पन्न भइसकेको र महेन्द्रपुलमा ट्राफिक लाइट निर्माण कार्यको लागि बोलपत्र आव्हान गरिएको छ ।
- मुख्य सहरी सडकहरुको स्तरोन्नति गर्ने क्रममा पोखरा महानगरपालिका पूर्वाधार कार्यालय कास्की र सडक विभाग गरी रु. ४० करोड लागतमा अस्फाल्ट कंक्रिट गर्ने टेन्डर प्रक्रिया सकिएर काम सुरु हुने चरणमा पुगेको छ । भौतिक पूर्वाधारमा थप गुणस्तरीयता कायम गर्न सडक विज्ञको रुपमा छुट्टै प्राविधिक व्यवस्था गर्नुका साथै निर्माण सामग्रीको गुणस्तर कायम गर्न महानगरपालिकाको आफ्नै गुणस्तर मापन प्रयोगशाला सञ्चालनमा ल्याइएको छ । मेयर नमुना सडक निर्माण अन्तर्गत पोखरा वडा न १७ को बिरौटादेखि तीनकुनेसम्म (आरटिओ) सडक, वडा नम्बर १० को राममार्ग सडक निमार्ण भइरहेको छ । चालू आर्थिक वर्षमा १७ किमी कालोपत्र (पिच) ७० किमी ग्राभेल ९.११ किमी बाटो ढलान, १२ किमी बाटो स्तरोन्नति, ३ दशमलव ५ किमी नाला निमार्ण, ४१ दशमलव ५ किमी फुटट्राक निर्माण, ५ किमी ढल तथा नाली निर्माण र २ दशमलव ५ किमी खानेपानी पाइपलाइन विस्तार गरिएको छ ।
- वडा नम्बर १८ मा राष्ट्रिय विभूति तथा पार्कसहित खुल्ला व्यायमशाला निर्माण गरिएको छ । अन्य २ वटा वडामा पार्कसहित खुल्ला व्यायामशाला निर्माण गर्नुका साथै १७ वटा वडामा खुल्ला व्यायामशाला निर्माण गरिएको छ । लेक टु लेक, केभ टु केभ जोड्ने सडकको स्तरोन्नति गरिएको छ । फेवातालदेखि बेगनासताल सम्म सिधा बस सेवा सञ्चालन गरिएको छ । पोखरा सभागृह मर्मत सम्भार कार्य अगाडि बढाइएको छ ।
- सेती गर्जलाई साहसिक पर्यटन पूर्वाधार निर्माण सराङकोट पर्यटन पूर्वाधार निर्माण, पातलो छाँगोमा सिसाकोपुल निर्माण लगायतका आयोजनाहरु सम्झौताको प्रक्रियामा रहेका छन् । पोखरा ३२ लामेआहालमा पोखरा क्षेत्रीय बसपार्क निर्माणको लागि प्रदेश सरकारसँग समन्वय गरिएको छ । ग्रामीण कृषि सडक स्तरोन्नति तथा अन्य सहरी सडक मर्मत सम्भार तथा विस्तार गरिएको छ ।
- सडक सबै पूर्वाधारको पनि पूर्वाधार हो । क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो महानगर पोखराले सडक पूर्वाधारको विकासलाई प्राथमिकतामा राखेको छ । महानगरका सबै ३३ वटै वडाहरुलाई एक आपसमा स्तरीय सडक सञ्जालबाट जोड्ने लक्ष्य राखियता पनि यस आर्थिक वर्षमा कोरोना महामारीको कारण लक्ष्य प्राप्ति हुन नसकेकोमा आगामी आर्थिक वर्षमा समेत सडक सञ्जाल कार्यक्रमलाई निरन्तरता दिने नीति लिइएको छ ।

**२.भवन निर्माणतर्फ**

- चालू आर्थिक वर्षमा ५ वटा सामुदायिक भवन निर्माण कार्य सम्पन्न गरिएको छ । १ गुम्बा, २ मन्दिर, २ शवदाह गृह, झोलुंगे पुल २, पार्क २, राष्ट्रिय विभूति तथा सहिद पार्कमा शालिक निर्माण, ५ स्थानामा आधुनिक शौंचालय निर्माण गरिएको छ । चालु आर्थिक वर्षमा वडा नम्बर २, ११, १२, ३०, ३२, १९ र २२ का वडा कार्यालय भवन निर्माण कार्य अगाडि बढाइएको छ । जस मध्ये वडा नम्बर ११,१२,२२,३०,३२ सम्पन्न भइसकेको छ । वडा नम्बर २ को कार्यलयको भवन निर्माण ७० प्रतिशत सकिएको र वडा नम्बर १९ वडा कार्यलयको ५० प्रतिशत कार्य सकिएको छ । यस अन्तर्गत भौतिक प्रगति ७५ प्रतिशत र वित्तीय प्रगति ५० प्रतिशत

भएको अनुमान छ ।

**३. खानेपानी तर्फ**

- पोखरा महानगरपालिका अन्र्तगत साविक लेखनाथबासीलाई शुद्ध खानेपानी उपलब्ध गराउन चालू आर्थिक वर्षमा लेखनाथ साना सहरी खानेपानी आयोजनाको नरशपुर, थुमाकोडाँडा, आरुपाटामा खानेपानीको ट्यांकी निर्माण सम्पन्न भएको छ । खानेपानीको लाइन समेत विस्तार गरी घर घरमा धारा जोड्ने र्काय भइरहेको छ। पोखरा २१ मा र ३३ सहलगानी खानेपानी आयोजना अगाडि बढाइएको छ । बेगनास सहलगानी खानेपानी आयोजना र लामागाउँ खानेपानी आयोजना अगाडि बढाइएको छ ।
- पोखरा महानगरपालिको बजार क्षेत्रमा प्रत्येक घर घरमा शुद्ध पानी वितरण गर्ने उद्देश्यका साथ सञ्चालित ७ अर्ब रुपैंयाँको JICA खानेपानी परियोजनाको काम अगाडि बढिरहेको छ । आरटियो रोड खानेपानी योजना, काहुँ खानेपानी योजना, सराङ्कोट खानेपानी योजना साथै वडा नम्बर २८,२४,३३,२१ र २५ मा खानेपानी योजनाहरु सञ्चालन भइरहेका छन् । महानगर भित्र ६ हजार ३ सय घरधुरीमा खानेपानीको समस्या रहेकाले आर्थिक वर्ष ७७/७८ मा महानगर भित्रका सम्पूर्ण घरहरुमा १ घर एक धाराको व्यवस्था गरी पूर्ण खानेपानीको सुविधायुक्त सहर घोषणा गरिने छ ।

**४. ताल संरक्षण**

- फेवाताल संरक्षणका लागि प्रदेश सरकारसँगको सहकार्यमा सिल्टेसन ड्याम निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । अँधेरी खोला सिल्टेसन ड्याम, घाँटीछिना सिल्टेसन ड्याम र बेतेनी खोला सिल्टेसन ड्यामको निर्माण कार्य सकिएको छ । लौरुक सिल्टेसन ड्याम निर्माणाधीन अवस्थामा छ । यी ड्यामहरुले फेवाताल संरक्षणमा महत्वपूर्ण योगदान दिनेछन् । फेवाताल संरक्षणका लागि फेवातालमा बगेर आउने अन्य खोला तथा खोल्सीहरुमा ग्याबिन पर्खाल तथा चेक ड्यामको निर्माण कार्य भइरहेको छ ।

**५. स्मार्ट सिटी**

- स्मार्टसिटी पूर्वाधार अन्तर्गत सबै वडा कार्यालयमा इन्टरनेट–इन्ट्रानेट प्रणाली जडान गरी महानगर र वडाको सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिएको र महाशाखा/ शाखाहरुमा नेटवर्किङ गरी इ–गभर्नेसमा जोड दिइएको छ । पोखराका मुख्य चोकहरुमा सिसिटिभी क्यामरा जडान गरिनुका साथै मुख्य बजार क्षेत्रमा सिसिटिभी जडानको लागि सर्भे सम्पन्न गरिएको छ । बजार क्षेत्रमा फ्रि वाइफाइको व्यवस्था गरिएको छ। सम्पूर्ण वडाहरुमा इन्टरनेटको पहुँच पुर्‍याइ अनलाइन नक्सा पास सिस्टम लागू गरिएको छ ।

**६. न्याय सम्पादन**

- नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको न्यायिक अधिकार एवं दायित्वको संवैधानिक व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै स्थानीय विवादको स्थानीय स्तरमा नै समाधान गर्ने गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप पोखरा महानगरपालिका न्यायिक समितिले आफ्नो क्षेत्राधिकार भित्र रही पोखरा महानगरपालिका न्यायिक समितिमा परेका २३ वटा उजुरी मध्ये २ वटा उजुरीको दरपिठ भएको छ। ११ वटाको न्यायिक निरुपण भइसककेको छ। मेलमिलापमा गएको जम्मा उजुरी निवेदन १० वटा मध्ये ५ वटा मेलमिलाप भएको, एक मेलमिलाप हुन नसकेको भनी प्रतिवेदन प्राप्त भएको र बाँकी ४ वटा उजुरीहरुको मेलमिलाप प्रक्रियामा रहेको छ । त्यसै गरी न्यायिक समितिको निर्णयबाट बन्दाबन्दीको समयमा नागरिकहरुको न्यायमा पहुँच र सहजता होस भन्ने उद्देश्यले अनलाइन उजुरी लिने कार्य भएकोमा अनलाइन मार्फत् दर्ता भएको उजुरी संख्या २ वटा रहेका छन् जुन न्यायिक निरुपणको प्रक्रियमा छन् ।
- स्थानीय तहका लागि न्यायिक समितिको अभ्यास र यस बारेमा नागरिकलाई सूचित गर्ने हेतुले जानकारी पर्चा प्रकाशन गरी वितरण गरिएको छ। स्थानीय स्तरमा नै विवादको समाधान गर्न र मेलमिलाप प्रक्रिया मार्फत दिगो सम्बन्ध स्थापित गर्न मेलमिलापको माध्यमलाई प्राथमिकता राखिएको छ। महानगरपालिकामा १७४ जना मेलमिलापकर्ता सूचिकृत भएका छन । गत आ.व.०७५/०७६ मा १० वटा वडामा **'वडा मेलमिलाप केन्द्र'** स्थापना भएकोमा यस आर्थिक वर्षमा १९ वटा वडामा वडा मेलमिलाप केन्द्र स्थापना गरिएको छ । हाल सम्म जम्मा २९ वटा वडामा वडा मेलमिलाप केन्द्र स्थापना भइसकेको छ । आगामी आवमा यसलाई निरन्तरता दिने नीति लिइनेछ ।

## ७. हामी बनाउँछौ हाम्रो महानगर

- यस आर्थिक वर्षमा कोरोनाको कारण हामी बनाउँछौ हाम्रो महानगर कार्यक्रम सञ्चालन कठिनाइ भयो । आगामी वर्ष टोल बस्तीमा सञ्चालन हुने विकास निर्माणको कार्यहरुमा महानगर र टोलबासीको ५०/५० प्रतिशतको साझेदारीमा योजना अगाडि बढाउने नीति लिइएको छ ।

## ८. हाम्रो प्रयास, अन्तर्राष्ट्रिय सहर निर्माणको अभ्यास

- यस आर्थिक वर्षमा शान्तिनगर चोकदेखि हल्लनचोक सम्मको बस्तीलाई रंगिन क्लस्टरमा विस्तार कार्य अगाडि बढेको छ । महानगरपालिकाको भवन आचारसंहिता तयार भएको छ । चोक तथा आइल्यान्डलाई सौन्दर्यकरण गर्नुका साथै व्यवस्थित अपांगमैत्री फुटपाथ बनाउने कार्य प्रारम्भ भई सम्पन्नको चरणमा छ । महानगरपालिका क्षेत्र भित्र निर्माण गरिएका मुख्य तथा कनेक्टिङ सडकको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ ।

## ९. उपप्रमुखसँग महिला

- महिलाहरु आर्थिक रुपमा सवल र सक्षम नहुदाँ सम्म हिंसा मुक्त समाज निर्माण गर्न सम्भव छैन् । यसै तथ्यलाई मध्यनगर गर्दै पोखरा महानगरले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरेको छ । महिलाहरुको क्षमता अभिवृद्धि गराउँदै आर्थिक रुपमा सवल र सक्षम बनाउँदै उद्यमशिलताको विकास गराउन कार्यक्रम सञ्चालन भएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा तीन करोड बजेट व्यवस्था गरिएकोमा ३३ वडाबाट कार्यक्रम माग गरी सहकारी, समूहहरु, व्यक्तिगत गरी १ सय २१ जनासँग सम्झौता गरिएको थियो । चालू आवमा कृषि, पशु, सिलाइ केन्द्र र दैनिक खाद्य सामग्री वितरण गर्ने व्यवसायीहरुलाई प्राथमिकतामा राखेर ७४ जनालाई उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत लगानी गरिएको छ । आगामी आर्थिक वर्षमा यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## १०. सामाजिक सुरक्षा

- ज्येष्ठ नागरिक, एकल महिला र दलित नागरिकहरुलाई परिचयपत्र वितरण गरी सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई सरलीकरण गरिएको छ । जीविकोपार्जनमा सहयोगी बन्ने आयमूलक तथा सीपमूलक कार्यक्रम वडा वडामा सञ्चालन गरिएको छ । प्रदेश सरकारसँगको समन्वयमा महानगरपालिकाले महिला सुरक्षित आवासगृह सञ्चालन ल्याएको छ । वेवारिसे, अभिभावक विहीन, हिंसा पीडित, सडक र श्रमिक बालबालिकाहरुको उद्धार गरी राहत पुर्नस्थापना केन्द्रमा व्यवस्थापन गरिएको छ । विभिन्न वर्गका अपांगता भएका १ सय ६५ जनालाई परिचयपत्र वितरण गरिएको छ । बाल अधिकार सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । बाल क्लब गठन, वडा स्तरीय बाल सञ्जाल र महानगर स्तरीय बाल सञ्जाल गठन गरिएको छ । बालबालिकाको नेतृत्व तथा क्षमता अभिवृद्धि गर्न तालिम सञ्चालन गरिएको छ । बाल उद्धार कोष स्थापना गरिएको छ । महानगर भित्र सञ्चालित विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग सम्मन्वय गरी सामाजिक विकास अन्तर्गत विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको छ । हिम्सा पीडित, वेवारिसे र मानसिक अवस्था ठिक नभएका महिलाहरुलाई उद्धार र पुर्नस्थापना गरिएको छ । आव २०७७/०७८ मा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

## ११. शिक्षा

- महानगर शिक्षा नियमावली निर्माण गरी महानगरपालिकाबाटै माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गरिएको छ । पोखरा महानगरपालिकामा शिक्षा परिषद् गठन गरी पोखरा महानगरपालिको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अध्ययन दल निर्माण गरी अध्ययन प्रतिवेदन तयार पारिएको छ । सोही प्रतिवेदनले दिएको सुझावहरुलाई कार्यान्वन गरी शैक्षिक गतिविधि अगाडि बढाइएको छ ।
- बालमैत्री शिक्षाको अवधारणा अनुरुप धुलोमुक्त कक्षा सञ्चालनका लागि विद्यालयहरुमा ह्वाइटबोर्ड वितरण र बालमैत्री शिक्षण पद्धतिको अवलम्बन गरिएको छ । महानगर भित्र रहेको सामुदायिक विद्यालयका कक्षाकोठालाई धुलोमुक्त बनाइएको छ । गण्डकीबहु प्राविधिक शिक्षालयको स्थापना गरिएको छ । यसै शैक्षिक सत्रदेखि सिभिल इन्जिनियरिङ र अटो मोबाइल इन्जिनियरिङमा कक्षा सञ्चालन गरिने छ । पोखरा महानगरपालिका वडा नम्बर २९ स्थित जनप्रकाश माविसँग गण्डकी बहु प्राविधिक शिक्षालय सञ्चालन गर्न सम्झौता गरिएको छ । सोही वडामा जग्गा व्यवस्थापन गरी शिक्षालयको स्थायी संरचना निमार्ण गर्ने प्रक्रिया अगाडि बढिसकेको छ । गण्डकी बहु प्राविधिक शिक्षालयको सञ्चालक समिति गठन गरी सञ्चालनार्थ आवश्यक पर्ने जनशक्तिको

व्यवस्थापन गरिएको छ । सहरी योजना आयोग अन्तर्गत तालिम केन्द्र स्थापना गरी बालविकास केन्द्र र ECD शिक्षिका सशक्तीकरण तालिम सञ्चालन गरिएको थियो । कक्षा ५ र ८ को परीक्षा प्रणालीलाई सुधार गरी शैक्षिक गतिविधिहरुमा गुणस्तर वृद्धि गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

- कोभिड १९ को कारण सिर्जित परिस्थितिले शिक्षामा पारेको प्रभावलाई न्यूनीकरण गर्न महानगरको पहलमा पोखरा शैक्षिक अभियान अन्तर्गत टेलिभिजन कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको छ । शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्न र यस विषम परिस्थितिमा शैक्षिक गतिविधिहरुलाई सहज रुपमा सञ्चालन गर्न शैक्षिक सरोकारवालाहरुसँग निरन्तर परामर्श र सहजीकरण गरिएको छ । शैक्षिक सरोकारवालाहरुसँगको साझेदारीलाई थप प्रभावकारी बनाइनेछ । पोखरा महानगरपालिका भएका विकास निर्माण लगायत सम्पूर्ण गतिविधिलाई नगरवासी समक्ष पुर्‍याउन 'हाम्रो पोखरा र राम्रो पोखरा' टेलिभिजन कार्यक्रम उत्पादन गरी प्रसारण गरिएको छ भने महानगरको मुखपत्र पोखरा दर्पण त्रैमासिक रुपमा प्रकाशन हुँदै आएको छ ।

**१२. कृषितर्फ**

- पोखरा महानगरपालिकामा यस वर्ष ४ वटा किसान बजार पोखरा १६ र १९ ठूलीपोखरी, पोखरा १३, काहुँखोला तथा पोखरा १७ बिरौटामा, पोखरा २२ रतिपोखरीमा कृषि उपज संकलन केन्द्र निर्माण कार्य सम्पन्न गरी स्थानीय कृषि उत्पादन बिक्री वितरण भएको छ । पोखरा महानगरपालिका र लेखनाथ उद्योग वाणिज्य संघको साझेदारीमा आधुनिक कृषि उपज खरिद बिक्री केन्द्र पोखरा २७ तालचोकामा निर्माण सम्पन्न भई कस्टम हायरिंग केन्द्र समेतको कृषक तथा उपभोक्ताले सेवा लिन पाउने गरी आवश्यक व्यवस्था गरिएको छ ।
- बाली सुरक्षण तथा बिमा कार्यक्रम अन्तर्गत यस वर्ष पोखरा महानगरपालिकाले बिमामा प्रोत्साहनको लागि किसानले तिर्नुपर्ने बिमा प्रिमियम रकममा ५० प्रतिशत अनुदान र समूह सहकारीको लागि ७५ प्रतिशत अनुदानको व्यवस्था गर्नुका साथै युवा व्यवसायीका बीच एक हप्ता एक दिन, खेतबारीमा एक छिन कार्यक्रम सञ्चालन भएको छ । कृषिमा यान्त्रीकरणतर्फ कृषक फर्म, समूह, सहकारीको मागको आधारमा आधुनिक उपकरण वितरण गर्नुका साथै जेठो बूढो धान संरक्षणका लागि १० टन पोखेली जेठोबूढो धानको बीउ वितरण गरिएको छ । ६० वटा स्थायी प्लास्टिक घर निर्माण र ४ सय ५० वटा अस्थायी प्लास्टिक घर निर्माण गरेर बेमौसमी तरकारी खेती प्रवर्द्धन गरी तरकारी आयातलाई न्यूनीकरण गर्ने कार्य गरिएको छ । मेयर प्रविधि मैत्री कृषि परियोजना सञ्चालन गरी किसानलाई आर्थिक सहयोग गरिएको छ ।

**१३. वातावरण, जलवायु परिवर्तन तथा जोखिम व्यवस्थापन**

- घाटगद्दीहरुको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन, चौतारी एवं पोखरी संरक्षण, पार्क व्यवस्थापन र भूक्षय नियन्त्रण सम्बन्धी कार्य गरिएको छ । फेवाताल जलाधार क्षेत्र संरक्षणका लागि गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा सिल्टेसन ड्याम निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । दिपाङ तालमा पर्यावरण तथा संरक्षण, कश्यप ताल संरक्षणको कार्यक्रम संचालन गरिएको छ । फेवा फेरो निर्माणका  लागि अध्ययन गर्नुका साथै वडा न २९ मा रहेको खुइलेडाँडा पर्यटकीय गन्तव्य व्यवस्थापन कार्य अगाडि बढेको छ । राष्ट्रिय विभूति तथा सहिद पार्क संरक्षण तथा व्यवस्थापन, केआइ सिंह पुल सेती गर्ज, कश्यप धाम संरक्षण,रवीन्द्र बाटिका ,रवीन्द्र स्मृति पार्क संरक्षणका साथै नदिपुर, पालिखेचोक, विकल्प ग्रिन पार्क लगायतको पार्क निर्माण गर्नुका साथै पोखरा २५ रपोखरा ३० मा व्यवस्थित दाह संस्कारस्थल निर्माणको कार्य सम्पन्न भएका छन भने गाइघाटमा अत्याधुनिक दाहसंस्कारस्थल निर्माण कार्य अगाडि बढेको छ ।

**१८. स्वास्थ्य तर्फ**

- महानगरका वडामा संचालित आधारभूत स्वास्थ्य केन्द्र मार्फत सबैका लागि स्वास्थ्य कार्यक्रम अगाडि बढाइएको छ । आर्थिक वर्षको सुरुवातमा डेंगु रोग न्यूनीकरणका लागि र आर्थिक वर्षको अन्त्य तिर कोरोना भाइरसको महामारीको संक्रमण फैलन नदिनका लागि महानगर प्रयासरत रहनुका  साथै यस आवमा आमा सुरक्षित कार्यक्रम अन्तर्गत सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन गरिएको छ । ज्येष्ठ नागरिकहरुलाई घुम्ती स्वास्थ्य शिविर मार्फत् वडास्तरमै निशुल्क स्वास्थ्य जाँच एवं उपचारको विशेष व्यवस्थालाई निरन्तरता दिँदै  समुदायस्तरमै महिलाहरुको विशेष स्वास्थ्य समस्या जस्तैः

पाठेघरको समस्या, स्तन क्यान्सर जस्ता जटिल स्वास्थ्य समस्याको स्क्रिनिंग तथा उपचारको लागि रिफर गर्ने गरिएको छ । निशुल्क औषधी तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्तिको सुनिश्चितता गरिएको छ । गर्भवती एवं सुत्केरी महिला तथा शिशुहरुको पोषण प्रवर्द्धन एवं खोप सेवालाई थप प्रभावकारी बनाउनुका साथै सुत्केरी पोषण राहत कार्यक्रम सञ्चालन गरिएको छ । कोभिड १९ को संक्रमण फैलन नदिनका लागि क्वारेन्टाइन व्यवस्थापन गर्नुका साथै परीक्षण कार्य अगाडि बढाइएको छ । लामाचौर र राखी स्वास्थ्य चौकीको निर्माण कार्य अन्तिम चरणमा पुग्नुका साथै हेम्जा र कास्कीकोटमा अत्याधुनिक स्वास्थ्य चौकी निर्माण प्रक्रिया अगाडि बढाइएको छ भने अन्य स्थानमा स्वास्थ्य चौकी निर्माणको कार्य अगाडि बढाइएको छ ।

**कोभिड १९ नियन्त्रणमा पोखरा महानगरपालिकाको प्रयास**

- विश्व नै यतिबेला महामारी रोग कोरोना (कोभिड १९) भाइरसको प्रकोपले आक्रान्त भएको व्यहोरा यहाँहरु सबैलाई जानकारी नै रहेको छ । कोरोना संक्रमण नियन्त्रणका लागि संघीय सरकारले २०७६ चैत ११ गते देखि लकडाउन घोषणा गरे लगत्तै कोरोना भाइरसको प्रकोप नियन्त्रण गरी नागरिकहरुको जीवन रक्षा गर्ने प्रमुख दायित्व स्थानीय सरकारको तथ्यलाई आत्मसात गरी पोखरा महानगरपालिकाले तत्कालै २०७६ चैत १० गते कारोना संक्रमण नियन्त्रणको प्रयास थालनी गरेको थियो ।
- कोभिड १९ संक्रमणको प्रकोप बढ्न सक्ने सम्भावनलाई दृष्टिगत गरी क्वारेन्टाइनको व्यवस्थापन गर्न आवश्यक भएकाले निम्न स्थानमा क्वारेन्टाइन संचालन गरेका छौं ।

१. लेकसिटी अस्पताल

२. कृषि तालिम केन्द्र, रेशम खेती आवास भवन,मालेपाटन

३. बाराही मावि वडा नं. ५

४. जनप्रिय मावि वडा नं. ८

५. शिवशक्ति मावि वडा नं. ११

६. बलभद्र मावि वडा नं. १४

७. इन्द्रराज्यलक्ष्मी मावि लामाचौर वडा नं. १९

८. जनप्रकाश मावि वडा नं. २९

९. त्रिभुवन शान्ति मावि वडा नं. ३०

१०. पद्‌म नर्सिङ होम, नदीपुर

उल्लेख भएका मध्ये पद्म नर्सिङ होम नदीपुरलाई महिला क्वारेन्टाइनको रुपमा संचालन गरिएको छ ।

क्वारेन्टाइन स्थापना पश्चात ४ सय ६३ जना क्वारेन्टाइनमा बसेका थिए । यस अवधिमा ४ सय ६६ जनाको पिसिआर परीक्षण गरिएकोमा १६ जनाको पोजेटिभ रिपोर्ट आइ आइसोलेसनमा गएको, २ सय ६८ जना परीक्षणपछि घर फिर्ता गएको र १ सय ८७ जना क्वारेन्टाइनमा रहेको व्होरा जानकारी गराउन चाहान्छु ।

**राहत वितरण सम्बन्धी कार्य**

- कोभिड १९ को प्रकोपको कारण घोषणा भएको लकडाउनको कारण रोजगारी गुमाउन पुगेका दैनिक ज्यालादारीमा काम गर्ने विपन्न परिवारलाई राहत उपलब्ध गराउन महानगरपलिकाले कोभिड १९ प्रकोप व्यवस्थापन कोष स्थापना गरेको छ । जसमा विभिन्न संघ संस्थाले प्रकोप व्यवस्थापनका लागि सहयोग समेत प्रदान गरेका थिए । सम्पूर्ण सहयोगी संघ संस्थाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**१९. पशु सेवातर्फ**

- पोखरा महानगरपालिकाले सञ्चालन गरेका १० पशुसेवा केन्द्रमार्फत् पशुसम्बन्धी ३७ औषधी निशुल्क वितरण गर्ने कार्य निरन्तरता दिइएको छ । व्यवसायिक रुपमा दर्ता भएका सबै पशु फर्महरुलाई निश्चित अनुदानको व्यवस्था गरिएको छ । बाँझो जग्गालाई उपयोग गर्न १ हजार ७ सय ५३ रोपनी बाँझो जग्गामा उन्नतघाँस लगाए वापतप्रति रोपनी रु. ३ हजार अनुदान वितरण गर्ने व्यवस्था मिलाइएको छ । रेबिज र खोरेत खोप रोकथामका लागि निशुल्क खोप अभियान सञ्चालन गरिएको छ । स्थानीथ तहमा पशुपालन प्रोत्साहनका लागि उत्पादनमा आधारित अनुदानको प्रबन्ध गराउनुका साथै छाडा चौपायाको व्यवस्थापन गरिएको छ ।

**अतिथि गण तथा नगर सभासद् मित्रहरू**

अब म, २०७७/०७८ आर्थिक वर्षदेखि महानगरपालिकाले अवलम्बन गर्ने विकासका निर्देशक सिद्धान्तहरु, लक्ष्य, उद्देश्य एवं रणनीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

पोखरा महानगरपालिकालाई **'समुन्नत पर्यटकीय पोखरा'** सोचलाई व्यवहारमा रुपान्तरण गर्न लागि उल्लेखीत मार्ग निर्देशित सिद्धान्तहरु विकास गरिने छ ।

१. नागरिकको मौलिक हकको संरक्षण, सामाजिक सुरक्षा एवं आत्म सम्मानको सुनिश्चित गर्ने ।

२. नागरिकहरुलाइ संगठित गर्दै सहभागितामूलक तवरले स्थानीय स्तरमा पूँजी निर्माण गरी ज्ञान, सिप र प्रविधिमा आधारित हरित अर्थतन्त्रको विकास गर्ने ।

३. विकास साझेदारहरुसँग सहकार्य गर्दै वातावरणीय सन्तुलन, जैविक विविधता, प्राकृतिक स्रोतहरु, सामाजिक तथा सांस्कृतिक स्रोतहरुको संरक्षणसहितको दिगो, समावेशी र उत्थानशील भौतिक पूर्वाधारहरु निर्माण गर्ने ।

६. पारदर्शिता, जवाफदेहिता, सदाचारसहितको सार्वजनिक प्रशासन, चेतनशील नागरिकसहितको सहभागितामूलक पद्धति प्रवर्द्धन गर्दै सामाजिक न्याय तथा सुशासन सुनिश्चित गरिने छ ।

७. दिगो विकासको लक्ष्य स्थानीयकरण गरी सामाजिक न्यायसहितको समाजवाद उन्मुख समाज निर्माणको आधार तयार गर्ने ।

**पोखरा महानगरपालिकाले अवलम्बन गरेका ७ बुँदे मार्ग निर्देशक सिद्धान्तमा आधारित रहेर 'नीला तालहरु, समृद्ध संस्कृति, सुरक्षित सहर : वैज्ञानिक दृष्टिकोण, उत्थानशील तथा समावेशी भौतिक पूर्वाधार' विकासका नीतिहरु तय गरिएको छ।**

१. आर्थिक आधुनिकरण, सहकारी तथा निजी क्षेत्रको सवलीकरण

२. जनशक्ति विकास तथा ज्ञानमा आधारित जैविक तथा हरित अर्थतन्त्र सहितको दिगो विकास

३. सुशासन तथा संस्थागत संरचना सहितको सामाजिक विकास

४. सन्तुलित पर्यावरण, समावेशी तथा उत्थानशील पूर्वाधार

**उपरोक्त नीतिहरुसँगै निम्न लिखित अन्तरसम्बन्धित क्षेत्रहरुलाई ध्यान दिइने छ।**

१. लैगिंक तथा जातीय समानतासहितको सहभागिता

२. विज्ञान, प्रविधि, सूचना तथा सञ्चार

३. जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशिलता

४. संघ तथा प्रदेशका नीति तथा कार्यक्रमहरुसँग समन्वय

५. दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण

**पोखरा महानगरपालिकामा कार्यरत विकास साझेदारहरु**

यस आर्थिक वर्षमा योजनाको कार्यान्वयनका लागि पोखरा महानगरपालिका भित्र निम्नलिखित सरोकारवालाहरुको भूमिका महत्वपूर्ण रहनेछ । उपलब्ध स्रोत र साधनहरुको उच्चतम उपयोग गर्दै व्यवस्थापनमा दक्षता हासिल गरी आम नागरिकको समुन्नतिको चाहना परिपूर्ति गर्न महानगर प्रतिबद्ध छ । यसका लागि महानगरले आगामी २५ वर्षको दीर्घकालीन सोच **'समुन्नत पर्यटकीय पोखरा'** तय गरी सोही अनुरुप रणनीतिक योजना तर्जुमा गरेर कार्यान्वयनमा ल्याइने छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा उल्लेखित सरोकारवालाहरुको महत्वपूर्ण भूमिका रहने छ ।

**१. राजनीतिक दलहरु**

नीति तथा कार्याक्रमको कार्यान्वयनको लागि सबै राजनीतिक दलहरुको भूमिका अपरिहार्य छ । महानगरपालिका सबै राजनीतिक दलको सहयोगको अपेक्षा गर्दछ । यी कार्यक्रमहरुको बारेमा नगरपालिकवासीहरुलाई सुसूचित गराउन, उनीहरुको सकारात्मक धारणा निर्माण गर्न कार्यक्रमहरुको कार्यान्वयनको लागि जनसहभागिता वृद्धि गर्न र स्रोत परिचालनमा महत्वपूर्ण भूमिका रहनेछ ।

**२. सहकारी संस्थाहरु**

अर्थतन्त्रको महत्वपूर्ण खम्बा मानिएको सहकारी क्षेत्रले स्थानीय स्तरमा पुँजी संकलन र परिचालन गर्ने महत्वपूर्ण भूमिका खेलिरहेको छ। महानगरपालिकाले महानगरवासी र सहकारीको सहकार्यमा उद्यम विकास, रोजगार सिर्जना र आय आर्जनको लागि कार्यक्रम सञ्चालन गर्नेछ ।

**३. समुदायमा आधारित संगठनहरु**

महानगरले अवलम्बन गरेका सामाजिक अभियान तथा नागरिक लक्षित कार्यक्रमहरु कार्यान्वयन गर्न एवं अनुगमन गर्न समुदायमा आधारित संगठनहरुको भूमिकालाई सक्रिय बनाइने छ ।

**४. गैरसरकारी संस्थाहरु तथा आयोजनाहरु**

जनचेतना, क्षमता अभिवृद्धि तथा अभियानहरु सञ्चालनका लागि गैरसरकारी संघ संस्थाहरुसँग साझेदारी एवं सहकार्य गरिनेछ ।

**५. निजी क्षेत्र**

व्यवसायिक समाजिक उत्तरदायित्व अन्तर्गत निजी तथा व्यापारीक प्रतिष्ठानहरुसँग सहकार्य गरेर जनचेतना तथा क्षमता अभिवृद्धि, पुस्तकालय, सूचनाकेन्द्र, प्रतीक्षालय, सामुदायिक भवन जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सहकार्य तथा साझेदारी गरिनेछ ।

**६. प्रदेश सरकार**

महानगरपालिकाले अवलम्बन गरेका रणनीति र कार्यक्रमहरु सञ्चालन गर्न तथा प्रदेश सरकारका कार्यक्रमहरु कार्यान्वयन गर्न सहकार्य तथा समन्वय

गरिनेछ ।

**७. संघीय सरकार**

राष्ट्रिय महत्वका कार्यक्रमहरु सञ्चालनको लागि तथा महानगरपालिक भित्र संघीय सरकारको सहयोग प्राप्त हुने आयोजनाहरु कार्यान्वयन गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ ।

**८. विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठान**

महानगरको नीति तथा कार्यक्रमले निर्दृष्ट गरेका कार्यक्रमहरु प्रभावकारी बनाउन विश्वविद्यालय एवं शैक्षिक प्रतिष्ठानसँग सहकार्य गरिनेछ ।

**९. सञ्चार संस्थाहरु**

पत्रकार कल्याण कोषलाई आगामी वर्ष पनि निरन्तरता दिइने छ । नीति तथा कार्यक्रम र योजनाहरु छनोट देखि सम्पन्न हुँदासम्म उपभोक्ताहरुलाई सुसूचित गराउन र आम नागरिकमा सूचनाको हक प्रत्याभूति गराउन सञ्चारमाध्यमहरुको भूमिका प्रभावकारी बनाइनेछ ।

**१०. अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरु**

महानगरपालिक भित्र सामाजिक अभियानका कार्यक्रमहरु सञ्चालन गर्न, ठूला परियोजना सञ्चालन गर्न र विभिन्न विषयका अनुसन्धानात्मक परियोजना सञ्चालन गर्न अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसँग साझेदारी तथा सहकार्य गरिनेछ ।

अब म, पोखरा महानगरपालिकको आव २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**विषयगत क्षेत्र**

**१: हरित आर्थिक विकास**

उपलब्ध आर्थिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक तथा मानवीय स्रोतको सदुपयोग गर्दै प्रतिव्यक्ति आय वृद्धि, आर्थिक समानता, वातावरणीय सन्तुलनसहित द्रुत तथा दिगो विकासको माध्यमबाट समृद्ध समाजको निर्माण गर्ने लक्ष्य लिइनेछ । यसका लागि निम्न क्षेत्रगत नीति अवलम्बन गरिने छ ।

**क. कृषि तथा पशु विकास**

संस्थागत विकास, कृषक क्षमता अभिवृद्धि, प्रविधिको सदुपयोग, भूमिको व्यवस्थापन, भूमि बैकको स्थापना, योजनावद्ध व्यवसायिक उत्पादन प्रणाली, बाली तथा पशु बिमा, सुलभ ऋण, बाली सुरक्षा, पशु धनको सुरक्षा, स्थानीय रैथाने बालीहरुको विस्तार, कृषक वर्गीकरण जस्ता कार्यक्रम सञ्चालन गरी खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गरिने छ । उत्पादित बस्तुहरुको ब्रान्डिङसहित बजार सुनिश्चिता, उद्यमविकास तथा कृषि तथा पशु पालनको विस्तार गरी आय आर्जन तथा रोजगारीका अवसरहरु सिर्जना गरेर हरित अर्थतन्त्रको विकास मार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गरिने छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन**

- सामुदायिक वन उपभोक्ता समूह, प्रदेश तथा संघीय सरकार, शैक्षिक प्रतिष्ठानहरु तथा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग समन्वय गरी, राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन, संरक्षित क्षेत्र, पारिवारिक निजी वन, ताल तलैया, खोला, नदीनाला र जलाधार क्षेत्रहरुको व्यवस्थापनमा विशेष जोड दिइने छ । संस्थागत क्षमता विकास गर्दै जलस्रोत, जैविक विविधता संरक्षण एवं सम्वर्द्धन गर्दै सहरी वन विकासको अवधारणालाई कार्यान्वयन गरेर महानगरपाकिालाई हरित सहरको रुपमा विकास गरी पर्यापर्यटनको सम्वर्द्धन गर्दै वातावरणीय सन्तुलनसहितको दिगो विकास रणनीति अवलम्बन गरिने छ । खुल्ला तथा सार्वजनिक क्षेत्र संरक्षण गर्नुका साथै पार्कहरुको व्यवस्थापनमा जोड दिइनेछ ।
- महानगर भित्र जलवायु परिवर्तनका असरहरुसँग जुध्नको लागि जलवायु अनुकुलन तथा न्यूनीकरण योजना निर्माण गरी लागू गरिनेछ ।
- सबै प्रकारका विपद्‌हरुको व्यवस्थापनको व्यवस्थपानको लागि प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना निर्माण गरी लागू गरिनेछ । जल उत्पन्न प्रकोप नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

**पर्यटन तथा संस्कृति**

- महानगरपालिकाको प्राकृतिक सौन्दर्यको सम्वर्द्धन र विकास गर्दै सामाजिक तथा सांस्कृतिक सम्पदा एवं संस्थाहरुको विकास एवम् संरक्षण गर्दै सामाजिक तथा वातावरणीय उत्तरदायित्वसहितको पर्यटन व्यवसाय प्रवर्द्धन गरिने छ । कोभिड १९ को कारणले उत्पन्न बन्दाबन्दीले समग्र पर्यटन क्षेत्रमा परेको प्रतिकुल असरबाट मुक्त बनाएर पुन सञ्चालन गर्न जोड दिइने छ ।
- महानगर भित्र रहेका ताल तलैया तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै कास्की जिल्ला भित्र एग्रो टुरिज्म विस्तार गरिँदै लगिने छ ।
- हाम्रो चाहना पर्यटन मैत्री निर्माण संरचनालाई अभियानको रुपमा निरन्तरता दिँदै पोखरा महानगर

क्षेत्र भित्रका तालहरुको सिंमाकन गरी समयानुकुल मापदण्ड निर्धारणका लागि प्राविधिक समिति गठन गरी मापदण्ड निर्धारण गरिनेछ । सफा ताल अभियानका रुपमा महानगर भरी नै ताल संरक्षणका लागि सञ्चालन गरी फेवातालमा मिसिएको ढल डाइभर्सन गरिनेछ ।

- सामुदायिक वनसँगको सहकार्यमा खुल्ला क्षेत्र संरक्षण तथा पर्यटकीय गन्तव्य बनाउने नीति अवलम्बन गरिनेछ ।

**सहकारी, उद्योग, वाणिज्य तथा आपूर्ति,**

- हाल सञ्चालनमा रहेका सहकारीहरुको सवलीकरण गरी स्थानीय स्तरमा संकलित पुँजीलाई उत्पादन तथा उद्यम विकासमा परिचालन गर्ने महानगर, सहकारी तथा नगरावासीहरुको संयुक्त लगानीमा महानगरस्तरीय विशिष्ठीकृत संघ तथा वडा स्तरमा उद्योगहरु सञ्चालन गर्ने र आगामी वर्ष सहकारी बैंकको स्थापना सम्भाव्यता अध्ययन गर्न अध्ययन कार्यदलको गठन गरिनेछ । सहकारी शाखालाई सवलीकरण गरी उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रसँग अन्तर सम्बन्धित गरिने छ । सबै नागरिकहरुलाई सहकारीमा आवद्ध गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महानगरपालिकामा सञ्चालित व्यवसायहरुको सुरक्षा तथा विकास गर्न, व्यवसायी र समुदायको सम्बन्ध सुमधुर बनाएर सुरक्षित व्यावसायिक वातावरण निर्माण गर्न व्यवसायहरुको अभिलेखीकरण गर्न प्रोत्साहन गरिनेछ ।
- कोभिड १९ ले सिर्जना गरेको प्रतिकुल अवस्थाको सामना गर्न युवाहरुलाई नयाँ व्यवसाय सुरु गर्न नव उद्यम प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कोभिड १९ ले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा परिहेको प्रतिकुल असरलाई मध्यनजर गर्दै व्यवसाय सञ्चालन हुने वातावरण निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

**शिक्षा, विज्ञान तथा प्रविधि–**

- सबै तह र तप्काका नागरिकको शिक्षामा पहुँच सुनिश्चित गर्न यस महानगरपालिकको बहुप्राविधिक शिक्षालयलाई स्तरोन्नति गरिने छ । सामुदायिक विद्यालयहरुलाई क्रमश: प्राविधिक विद्यालयमा स्तरोन्नति गर्ने, बाल विकास केन्द्र, आधारभूत विद्यालय, माध्यामिक विद्यालय, सामुदायिक सिकाइ केन्द्रहरुको स्तरोन्नति गर्दै प्राविधिक र सैद्धान्तिक शिक्षाको अनुपात ८०:२० पुर्‍याउने लक्ष्य लिइएको छ ।
- शिक्षा परिषद् र वडा शिक्षा समितिहरुलाई सवलीकरण गरी विद्यालय अनुगमनलाई प्रभावकारी बनाइँदै सामुदायिक विद्यायालयको स्तर वृद्धिमा जोड दिइनेछ ।
- स्थानीय अर्थतन्त्र र बजारको माग अनुसारको दक्ष जनशक्ति विकास गर्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महानगरपालिकाद्धारा सञ्चालित तालिम केन्द्रमा सिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ । महानगरभित्रका सञ्चालित विश्वविद्यालय, क्याम्पस तथा अध्ययन केन्द्रसँगको सहकार्यमा अनुसन्धान कार्यक्रम अगाडि बढाइनेछ । विज्ञान तथा प्रविधि अध्ययन थप व्यवस्थित बनाउँदै महानगर विज्ञान सम्मेलन आयोजना गर्दै लगिने छ ।
- कोरोना संक्रमणका कारण विद्यालय सञ्चालन गर्न नसकिएको अवस्थालाई मध्यनजर गर्दै वैकल्पिक शिक्षा पद्धतिको विकास गर्दै लगिनेछ ।
- प्राविधिक जनशक्ति उत्पादन तथा व्यवस्थापनको लागि सीप विकासका कार्यक्रम अगाडि बढाइ सिप तथा ज्ञानको आधारमा रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- महानगरपालिकाद्धारा सञ्चालित अनुसन्धान केन्द्रमार्फत अध्ययन अनुसन्धानका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महानगरस्थित शैक्षिक संघ संस्था तथा प्रतिष्ठानहरुसँग सहकार्य गरी शैक्षिक तथा वौद्धिक गतिविधिहरुलाई बढवा दिइने छ ।

**खेलकुद**

- खेलकुदको विकास गर्न विद्यमान खेलकुद कानुनलाई समय सापेक्ष बनाइने छ । महानगरीय खेलकुद विकास समिति गठन गरिने छ । पोखरा महानगरलाई खेलकुद सहरका रुपमा विकास गर्न नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा राष्ट्रिय, स्थानीय र अन्तर्राष्ट्रियस्तरका खेल पूर्वाधार निर्माण र भएका पूर्वाधारको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइने छ । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहन तथा सहजीकरण गरिने छ । एक वडा एक खेल मैदानलाई निरन्तरता दिइने छ । महानगरको प्रतिनिधित्व गर्ने खेलाडीहरुको हौसला प्रदान गर्न

पुरस्कार र सम्मानको व्यवस्था गरिने छ ।

- स्वास्थ्यका लागि व्यायाम कार्यक्रमलाई अभियानको रुपमै टोल टोलमा सञ्चालन गरिनेछ ।

**स्वास्थ्य तथा पोषण**

- गुणस्तरीय स्वास्थ्य सेवामा महानगरवासीहरुको पहूँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ । भौतिक संरचनाहरुको विकास, दक्ष जनशक्ति व्यवस्थापन, प्रयोगशाला तथा उपकरणहरुको व्यवस्था गरी महानगरस्थित स्वास्थ्य सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय एवं सहकार्य गरिने छ । सहरी आधारभूत स्वास्थ्य केन्द्रहरुद्धारा गुणस्तरीय सेवा उपलब्ध गराइ सामाजिक न्यायसहितको जवाफदेही स्वास्थ्य सेवा प्रणालीको विकास गरी स्वस्थ्य समाजको निर्माणमा जोड दिइनेछ ।
- कोभिड–१९ लाई सम्वोधन गर्न हाल सञ्चालित कार्यक्रमहरुको निरन्तरता गर्दै थप विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- निजी क्षेत्रहरुबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको गुणस्तरलाई नियमित रुपमा अनुगमन गरी थप जिम्मेवार र जवाफदेही बनाइने छ ।
- कोरोना संक्रमणसँग जुध्न महानगर भित्र प्रदेश सरकारको समन्वयमा विशिष्टकृत अस्पताल स्थापना एवं सञ्चानलको नीति लिइनेछ ।
- वडा वडामा घुम्ती स्वास्थ्य क्लिनिकको मार्फत सबैको लागि स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ । विषयगत स्वास्थ्य कार्यक्रम वडा स्तरमा सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**पूर्वाधार विकास**

- विद्यमान भौतिक पूर्वाधारहरुको मर्मतसम्भार, संरक्षण तथा स्तरोन्नति गर्दै, अब बन्ने भौतिक पूर्वाधारहरुलाई दिगो गुणस्तरीय, समावेशी, उत्थानशील र वातावरण एवं संस्कृति मैत्री बनाउँदै दिगो तथा समावेशी विकासको आधारशिला तयार गरिने छ ।
- पोखरा महानगरक्षेत्र भित्र एकीकृत यातायात व्यवस्थापन नीति लिँदै क्षेत्रीय बसपार्क निर्माण कार्यमा जोड दिइनेछ । पोखरामा बन्दै गरेको पर्यटक बसपार्क निर्माण कार्यलाई सम्पन्न गर्न समन्वय गर्दै पृथ्वीचोकमा सिटी बस टर्मिनल निर्माण गरिनेछ ।
- पोखरालाई पर्यटकीय तथा व्यापारीक केन्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्दै लगिनेछ । आवश्यकता अनुसार सडक स्तरोन्नति गर्दै ट्राफिक लाइट, पार्किङ तथा सर्भिस स्टेसन, चार्जिङ स्टेसन, पैदल मार्ग निर्माण गर्दै लगिनेछ ।
- पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल समयमै सञ्चालन गर्न आवश्यक सहयोग गर्दै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलदेखि लेकसाइड र बेगनास क्षेत्र जोड्नको लागि फास्टट्र्याक निर्माण गरिनेछ । विश्व बैंकको सहकार्यमा तालचोक बेगनास सडकलाई नमुना सडकको रुपमा विकास गरिने छ ।
- गाउँसहर जोड्ने पहुँच सडक निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने नीति लिँदै मुख्य सहरी क्षेत्रमा ओभरहेड र सबवे संरचना निर्माण गरिँदै लगिनेछ ।
- **'लेक टु लेक, केभ टु केभ'** जोड्ने सडक नमुना मार्गको रुपमा अगाडि बढाउँदै लगिनेछ । पोखरा सभागृहको मर्मत सम्भार कार्यलाई तत्काल अगाडि बढाइने छ । अन्तर्राष्ट्रिय स्तरको सभाहल निर्माणको लागि सम्भाव्यता अध्ययन गरी काम अगाडि बढाइनेछ
- मेयर नमुना पूर्वाधार योजना कार्यक्रमलाई निरन्तरता दिँदै महानगरभित्रका सडकलाई २ वर्ष भित्रमा नमुना सडकको रुपमा विकास गरिने छ ।
- पोखरा रिङरोड निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन गरिने छ ।

**लोकतन्त्र, सुशासन तथा संस्थागत विकास**

- महानगरपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सबै नागरिकहरुको लागि समान प्रक्रियाको सुनिश्चिता गरिने छ । सेवा प्रदायकहरुलाई सेवाग्राहीहरुप्रति उच्च सम्मान र गुणस्तरीय सेवा प्रवाह गर्न जनउत्तरदायी प्रशासनमा जोड दिइने छ ।
- महानगर अन्तर्गतका सबै क्रियाकलापहरुलाई समेटेर नियमित रुपमा सार्वजानिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई निरन्तरता दिइनेछ ।
- महानगरपालिकाको वडाहरुको गरिबी नक्सांकन तथा पारिवारिक विवरण संकलनको काम अगाडि बढाइनेछ ।
- सार्वजनिक सरकारी सम्पत्ति, राजस्व, घरनक्सा, पञ्जीकरण लगायतका विवरणको डिजिटल अभिलेख राख्ने कामलाई निरन्तरता दिइने छ ।

**कर तथा राजश्व प्रशासन**

- राजश्व प्रशासनको क्षमता अभिवृद्धि गरी करको दायर र कर पालना अभिवृद्धि गरिने छ । कोरोना भाइसरको कारणले सिर्जित विषम परिस्थितिलाई

सम्बोधन गर्न आवश्यक व्यवस्था गरिने छ ।

- अन्डर ग्राउन्ड पार्किङसहित भवन निर्माण गर्नेहरुको हकमा एक तल्लासम्मको राजश्व मिनाहा गर्ने व्यवस्था मिलाइनेछ ।

**खानेपानी तथा सरसफाइ**

- मापदण्ड अनुसार नक्शा पास सम्पन्नताको प्रमाणपत्र लिइसकेका सबै घरधुरीहरुमा स्वच्छ पिउने पानी उपलब्ध गराइनेछ । एक घर एक धारा खानेपानि आयोजनालाइ यस आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ ।
- घरबाट उत्पादित फोहोरहरुलाई कुहिने, पुन प्रयोग हुने र अनिवार्य रुपमा बिर्सजन गर्ने पर्ने गरी तीन प्रकारका फोहोरमा वर्गीकरण गरी संकलन गर्ने र तदनुरुप महानगरपालिकाले व्यवस्थापन गर्ने नीति लिइने छ ।
- सार्वजानिक स्थलका फोहोरलाई समयमा नै उचित व्यवस्थापन गरिनेछ ।
- फोहोर मैलालाई व्यवस्थापन गर्न विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै व्यवस्थित ल्यान्डफिल साइट सञ्चालनको आवश्यक व्यवस्था गरिने छ ।
- जनघनत्व धेरै भएका र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण भएका स्थानहरुमा स्वच्छ पिउने पानी, शौंचालय तथा फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

**मानव संसाधन**

- महिलाहरुको व्यत्तित्व विकासको लागि आवश्यक पर्ने नीतिगत सुधार, सामाजिक मूल्य र मान्यताहरुमा रुपान्तरण, आर्थिक विकासका अवसरहरुमा सहभागिता र अधिकारमा दाबी गरेर उपयोग गर्न सक्षम बनाउन कार्यक्रमहरु सञ्चान गरिनेछ ।
- कोभिड–१९ का कारण प्रभावित महिलाहरुको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवाहरुमा अन्तरनिहीत क्षमताहरुको प्रष्फुटन गराएर सकारात्मक समाजको निर्माण गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महानगरपालिकालाई बालमैत्री नगरको रुपमा विकास गर्न आवश्यक पर्ने नीतिगत व्यवस्था तथा पूर्वाधार संरचनाहरुको विकास गरिनेछ ।
- ज्येष्ठ नागरीकहरुको मान सम्मान र सुरक्षाको प्रत्याभूति गर्दै वहाँहरुको सिकाइ र अनुभवहरुलाई समाज विकासको लागि सदुपयोगका गर्दै स्वास्थ्य तथा सुरक्षा प्रवर्द्धनका लागि कार्यक्रमहरु सञ्चालन गर्दै ज्येष्ठ नागरीक निशुल्क यातायातको व्यवस्था गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको आत्मसम्मानको सुरक्षाको सुनिश्चित गर्दै महानगरपालिकालाई अपाँगमैत्री महानगरको रुपमा विकास गर्नुका साथै अपांगता भएका व्यक्तिलाई निशुल्क यातायातको व्यवस्था गरिनेछ ।
- कारोनाका कारण रोजगारी गुमाएका नागरिकका लागि रोजगारी बिशेष कार्यक्रम संचालन गर्नुका साथै कोरोना संक्रमण फैलिन नदिनका लागि बिशेष सावधानि अपनाइ जनस्वास्थ्य सुरक्षाका कार्यक्रम संचालन गरिनेछ ।
- महानगर भित्र सबै प्रकारका छुवाछुत तथा विभेदहरुको अन्त्य गरी समावेशी र सम्मानित समाजको प्रवर्द्धन गरिनेछ ।
- अल्पसंख्यकहरुको हक हितको संरक्षण गर्दै विकास प्रक्रियामा सहभागिताको सुनिश्चितता गरिनेछ ।

**न्यायिक समिति**

- न्यायिक समिति मार्फत् प्रदान गरिने सेवालाई मेलमिलाप तथा मध्यस्तताको माध्यमबाट थप प्रभावकारी र सर्वसुलभ बनाइने छ ।
- लैंगिक समानता तथा हिंसामा परेका महिलाको सहायता लागि कानुनी परामर्श तथा सहायता कक्षलाई थप व्यवस्थित र सुलभ बनाइने छ

**सामाजिक सुरक्षा**

- एकल महिला, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सिमान्तकृत र लोपोन्मुख समुदायका लागि यातायात, स्वास्थ्य र शिक्षा क्षेत्रमा सहुलियत प्रदान गर्न आवश्यक पहल गरिने छ । सामाजिक सुरक्षा सहायता थप कार्यलाइ निरन्तरता दिदै लगिनेछ ।
- हरेक वर्ष विश्व ज्येष्ठ नागरिक दिवस (अक्टुबर १) मा महानगरका सबै भन्दा ज्येष्ठ महिला र पुरूषलाई **महानगर माता** र **महानगर पिता** को सम्मान प्रदान गरिने छ ।
- पत्रकार सामाजिक सुरक्षाका लागि पत्रकार उपचार कोष संचालनलाई निरन्तरता प्रदान गरिनेछ ।

**डिजिटल तथा कलर क्लस्टर निर्माण**

- महानगरले सञ्चालन गरेको रंगिन क्लस्टर निर्माण गरी नमुना बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा कार्यालय तथा विद्यालयमा सिसिक्यामेरा जडान गर्नुका साथै मुख्य सहरी क्षेत्रमा समेत सिसि क्यामरा

विस्तार गर्दै सुरक्षित पोखरा निर्माणको अभियानलाई निरन्तरता दिइनेछ ।

**उपप्रमुखसँग महिला कार्यक्रम**

- **'समृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान व्यवहार'** को नारालाई आत्मसाथ गर्दै महानगर क्षेत्रभित्र महिला सशक्तीकरण र उद्यमशीलता विकासको लागि उपप्रमुखसँग महिला कार्यक्रमलाई कोरोनाबाट रोजगारी गुमेका महिलालाइ स्वरोजगार बनाउनका लागि सञ्चालनमा ल्याइनेछ ।

**भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण र विकास**

- विद्यालयमा स्थानीय भाषामा कक्षा सञ्चालनको लागि आवश्यक पाठ्यक्रम तर्जुमा, स्थानीय भाषामा व्याकरण तयारी गरी लागू गर्न सुरुवात गरिनेछ ।
- पोखरा महानगरपालिका वडा नम्बर २७ अर्चेलस्थित कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थललाई साहित्य अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, सभासदज्युहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु, कर्मचारी मित्रहरुलाई पुन: धन्यवाद दिन चाहन्छु । पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार,गण्डकी प्रदेश सरकार दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म, पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने नै छ भन्ने विश्वास गर्दछु । धन्यवाद ।

जय पोखरा नगरबासी !

जय पोखरा महानगरपालिका !!

मानबादुर जिसी
प्रमुख
असार, १० २०७७

---

# न्यायिक इजलास हप्तामा दुई दिन




पोखरा महानगरपालिकाको न्यायिक इजलास हप्तामा दुई दिन सञ्चालन हुने भएको छ । न्यायिक समितिको बैठकले हप्तामा एक दिन सञ्चालन हुँदै आएको इजलास अब हरेक सोमबार र बधुबार गरी दुई दिन सञ्चालन गर्ने निर्णय गरेको न्यायिक समितिका अभिलेख संरक्षक राममणि अधिकारीले जानकारी दिनुभयो ।

न्यायिक समितिमा उजुरीको संख्या बढदो क्रममा रहेको र पछिल्लो समय कोरोना संक्रमण समेत बढदो क्रममा रहेकाले सातामा दुई दिन इजलास सञ्चालन गर्ने निर्णय भएको अधिकारीले बताउनुभयो । हप्तामा एक दिन सञ्चालन गर्दा धेरै भिड हुने भएकाले त्यसलाई कम गराउने उद्देश्यले अर्को व्यवस्था नहुदाँ सम्म सोमबार र बुधबार इजलास बस्ने निर्णय गरिएको न्यायिक समिति सदस्य किशोर बरालले बताउनुभयो । 'इजलासमा भिड हुँदा कोरोना भाइरस संक्रमणको डर रहने भएकाले, भिडलाई कम गराउन समितिले उक्त निर्णय गरेको बरालले जानकारी दिनुभयो ।

स्थानीय तहको विवाद स्थानीयस्तरमै समाधान गर्ने उद्देश्यले नेपालको संविधानमा न्यायिक समितिको व्यवस्था गरिएको छ । पोखरामा न्यायिक इजलास २०७५ मंसिरबाट सञ्चालनमा आएको हो । विवादका पक्षहरुले आफैले निर्वाचित जनप्रतिनिधिसँग खुलेर राख्न पाउने, आर्थिक बोझ नहुने र विवाद समाधान गर्दा मेलमिलापलाई प्राथमिकता दिइने भएकाले न्यायिक समितिमा उजुरी गर्नेहरुको संख्या बढ्दै गएको छ । न्यायिक समितिलाई १३ वटा विवादको फैसला र ११ वटाको मेलमिलाप गराउन सक्ने व्यवस्था संविधानले गरेको छ । *पोखरा, भदौ १९*

# पोखरा महानगरले वितरण गऱ्यो ४३ हजार विद्यार्थीलाई स्वअध्ययन सामग्री



विगत ६ महिनादेखि विद्यालय बन्द छन् । कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेबाट लकडाउन घोषणा गरेपछि विद्यालयको पठनपाठन ठप्प छ ।

पठन पाठन हुदाँ लाखौ विद्यार्थीमा अन्यौलता छाएको छ । लामो समयदेखि विद्यालय जानबाट बञ्चित बालबालिकालाई पढने बानीको विकास गर्दै शिक्षक, विद्यार्थी र अभिभावक बीचको सम्बन्धलाई जोडने उद्देश्यले पोखरा महानगरपालिकाले स्व अध्ययन सामग्री निर्माण गरेको छ । अझै विद्यालय खुल्ने अन्यौल रहेको बताउँदै पोखरा महानगर शिक्षा महाशाखाले स्व अध्ययन सामग्री तयार गरी वितरण गरेको हो ।

स्व अध्ययन वितरण कार्यक्रमको पोखरा महानगरपालिका वडा नम्वर २८ बाट सुरु गरिएको थियो । वडा नं.२८ मा महानगरका प्रमुख मानबहादुर जिसी, वडा नम्बर २४ मा महानगर उपप्रमुख मञ्जुदेवी गुरुङ, वडा नम्बर २३ मा महानगरका प्रमुख प्रशासकीय अधिकृत महेश बरालले विद्यालयका प्रधानाध्यापकहरुलाई सो अध्ययन सामाग्री हस्तान्तरण गर्नुभयो । पोखरा महानगरभित्र रहेका ३८ विद्यालयलाई आवश्यक अध्ययन सामग्रीको प्रकाशनमा राइट फर चिल्ड्रेन र कक्षा १ देखि ३ सम्मको हिमालय बुद्ध फाउन्डेसनले प्रकाशनमा सहयोग गरेको र अन्य विद्यालयहरुलाई महानगरले आफ्नै खर्चमा पुस्तक प्रकाशन गरेको छ ।

पोखरा महानगरपालिकाको शिक्षा महाशाखाले ‘स्व अध्ययन सामग्री’ तयार गरी सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई वितरण गरेको हो । वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुसार स्व अध्ययन सामग्री वितरण गरिएको पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार पोखरा महानगरका सबै वडामा गरी सामुदायिक विद्यालयका ४३ हजार विद्यार्थीलाई उक्त सामग्री वितरण गरिएको छ । आचार्यका अनुसार पुस्तक वितरणसँगै अभिभावकसँग अन्तर्क्रिया कार्यक्रम समेत थियो । कक्षा १ देखि १० सम्मका सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि गणित, विज्ञान, अंग्रेजी, नेपाली र सामाजिक विषयलाई समेटेर स्व अध्ययन सामग्री तयार परिएको शिक्षा महाशाखाका अधिकृत वसन्त पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयमा अध्यापन हुने ९० दिनको कोर्षलाई स्व अध्ययन सामग्रीमा समेटिएको छ ।

विद्यालय जान नपाएका विद्यालयलाई लक्षित गरी पोखरा महानगरपालिकाले विद्यार्थीमा सकारात्मक ऊर्जा सिर्जना गर्न र उनीहरुमा रहेको प्रतिभा प्रस्फुटन गराउन टेलिभिजन कार्यक्रम पोखरा शैक्षिक अभियान सञ्चालन गर्दै आएको छ । *पोखरा, १२ साउन*




# पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङद्वारा महानगरको सातौं नगरसभामा प्रस्तुत

## आर्थिक वर्ष २०७७/०७८ को

# बजेट तथा वार्षिक कार्यक्रम

**गण्डकी प्रदेश सभाका माननीय सांसदज्यूहरु,**
**नगर सभासदज्यूहरु,**
**सहरी योजना आयोगका उपाध्यक्षज्यू तथा सदस्यहरु,**
**राष्ट्रसेवक कर्मचारी एवं पत्रकार मित्रहरु**
**उपस्थित सम्पूर्ण महानुभावहरु।**

नेपाली जनताको लामो समयदेखिको संघर्ष र चाहना अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भई संघ, प्रदेश र स्थानीय तह मार्फत संघीयताको कार्यान्वयन भइरहेको छ । यस अवसरमा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, गणतन्त्र एवं लोकतन्त्र तथा सामाजिक न्याय र समानतासहितको समृद्ध नेपाल निर्माणको खातिर आफ्नो जीवन उत्सर्ग गर्नु भएका ज्ञात अज्ञात महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । त्यसैगरी, नगर निर्माणमा तल्लीन पोखरा महानगर क्षेत्रका विशिष्ट महानुभावहरु, नगर निर्माणका अभियन्ताहरु तथा आम महानगरबासीहरुप्रति गहिरो सम्मान प्रकट गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ का कारण ज्यान गुमाउनु भएका नेपाली दिदी बहिनी, दाजु भाइहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमित भएर उपचाररत नगरवासी तथा सबैको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दै सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइहरुलाई विश्व स्वास्थ्य संगठनले जारी गरेको सुरक्षा प्रणाली अवलम्बन गर्दै शतर्क र सुरक्षित भएर दैनिक क्रियाकलापहरु सञ्चालन गर्नु हुन अनुरोध गर्दछु । कोरोनाको रोकथाम, नियन्त्रण र उपाचारमा महानगरले थालेको अभियानमा सहयोग गर्ने सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

पोखरा महानगरपालिकाको उपप्रमुख एवं बजेट तथा योजना तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सातौ नगरसभामा आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम, १५ औं योजना, चालू आवको बजेट, दिगो विकासका लक्ष्य, पोखरा महानगरको बस्तुगत अवस्था, विज्ञहरुबाट प्राप्त राय सुझाव तथा आफ्नो करिब ३ वर्षको सिकाइ र भोगाइलाई समेत महत्वपूर्ण आधारको रुपमा लिएको छु । पोखरा महानगरका अद्धितीय विशिष्टता तथा विविधताहरु छन् जसलाई सन्तुलित ढंगले व्यवस्थापन गर्नु पर्दछ भन्ने महानगरपालिकाको मूल मान्यता रहेको छ । महानगरको सहरी क्षेत्र र सहरोन्मुख यस विशिष्ट भौगोलिक अवस्थालाई मध्यनजर गरी आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रमको तर्जुमा गर्नुपर्ने हाम्रो अवस्थाप्रति म, संवेदनशील र गम्भीर रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**सभाध्यक्षज्यू तथा नगर सभासदज्यूहरु**

अब म, चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको आर्थिक स्थितिको समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

- आर्थिक वर्ष २०७६/७७ को नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकमसमेत गरी जम्मा अनुमानित रकम ७ अर्ब ५४ लाख रुपैंयाँ आय प्रक्षेपण गरिएको थियो । जसमध्ये: संघीय सरकार अनुदानबाट २ अर्ब २ करोड ४३ लाख २४ हजार, प्रदेश सरकारको अनुदानबाट ५ करोड १४ लाख ४४ हजार अनुमान गरिएको थियो ।
- राजस्व बाँडफाँड अन्तर्गत संघीय सरकारबाट ४१ करोड ९९ लाख र प्रदेश सरकारबाट ३ करोड ८२ लाख, आन्तरिक आय २ अर्ब ७४ करोड २९ लाख १७ हजार, ऋणबाट १० करोड, जनसहभागिता १२ करोड २५ लाख, नगद मौज्दात २२ करोड, सडक बोर्ड २ करोड ५० लाख, अन्तर सरकारी अख्तियारी १ अर्ब २६ करोड २५ लाख अनुमान गरिएको थियो ।
- आर्थिक वर्ष २०७६/७७ मा व्ययतर्फ सञ्चित कोषबाट ५ अर्ब ७१ करोड ७९ लाख अनुमान गरिएकोमा संघीय सरकारबाट थप सशर्त अनुदान प्राप्त भई सञ्चित अनुमान ६ अर्ब ३८ लाख भएको छ । कार्य सञ्चालन कोषबाट व्यय रु: १ अर्ब २८ करोड ७५ लाख अनुमान गरिएकोमा आर्थिक वर्ष २०७६/७७ को जेठ मसान्तसम्म ३ अर्ब ३१ करोड २० लाख सञ्चित कोषमा रकम आम्दानी भएको छ ।

**खर्चतर्फ**

- आर्थिक वर्ष २०७६/७७ को जेठ मसान्तसम्म चालू खर्चतर्फ १ अर्ब ३६ करोड २० लाख र पुँजीगत खर्चतर्फ १ अर्ब १० करोड ८३ लाख खर्च भई चालुतर्फ ५४ दशमलव ५ र पुँजीगत तर्फ ३१ दशमलव ५ प्रतिशत खर्च भई कुल वित्तीय प्रगति ४१ प्रतिशत भएको छ । असार मसान्तसम्म ६० प्रतिशत कार्य प्रगति हुने अनुमान गरिएको छ ।
- आयतर्फ हालसम्म ३ अर्ब ३१ करोड २० लाख आम्दानी भई अनुमानको ५५ प्रतिशत लक्ष्य हासिल भएको छ । कोरोना भाइसर कोभिड १९ ले पारेको प्रभावले आम्दानी र खर्च प्रगति कम भएको व्यहोरा सभा समक्ष जानकारी गराउँदछु ।

**नगर सभासद्ज्यूहरु,**

अब म, आगामी आ.व.०७७।०७८ को बजेटले अवलम्बन गरेका मार्ग निर्देशक सिद्धान्तहरु र उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**मार्ग निर्देशक सिद्धान्तहरुः**

१. नागरीकको मौलिक हकको संरक्षण, सामाजिक सुरक्षा एवं आत्म सम्मानको सुनिश्चित गर्ने ।

२. नागरिकहरुलाई संगठित गर्दै सहभागीतामूलक तवरले स्थानीय स्तरमा पूँजी निर्माण गरी ज्ञान, सिप र प्रविधिमा आधारित हरित अर्थतन्त्रको विकास गर्ने ।

३. विकास साझेदारहरुसँग सहकार्य गर्दै वातावरणीय सन्तुलन, जैविक विविधता, प्राकृतिक स्रोतहरु, सामाजिक तथा सांस्कृतिक स्रोतहरुको संरक्षण सहितको दिगो, समावेशी र उत्थानशील भौतिक पूर्वाधारहरु निर्माण गर्ने ।

४. पारदर्शिता, जवाफदेहिता, सदाचारसहितको सार्वजनीक प्रशासन, सुसूचित नागरिकसहितको सहभागिता मूलक पद्धती प्रवर्द्धन गर्दै सामाजिक न्याय तथा सुशासन सुनिश्चित गर्ने ।

५. दिगो विकासको लक्ष्य स्थानीयकरण गरी सामाजिक

न्याय सहितको समाजवाद उन्मुख समाज निर्माणको आधार तयार गर्ने ।

**बजेटको लक्षित उद्धेश्यहरु:**

- कोभिड–१९ ले उत्पन्न गरेको परिस्थितीलाई सम्बोधन गर्ने ।
- नागरीकका मौलिक हक एवं जीवन रक्षाको सुनिश्चिता, संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धन गर्ने ।
- महानगरपालिका, महानगरवासी, सहकारी, नागरिक समाज र निजी क्षेत्रको सहभागितामा आर्थिक तथा सामाजिक क्रियाकलापहरु सञ्चालन गरी हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने ।
- विकासको लागि आवश्यक स्रोत तथा साधनहरुको अधिकतम सदुपयोग गर्न विकास साझेदारहरुसँग सहकार्य गरी '**समृद्ध नेपाल सुखी नेपाली**' को राष्ट्रिय उद्देश्य अनुरुप दिगो तथा द्रुत विकासका लागि गतिविधिहरु सञ्चालन गर्ने ।
- राजश्वको दायरा वृद्धि गर्ने, कर दाताहरुलाई सम्मान गर्ने, व्यवसायी, पेशाकर्मी, तथा नागरीकहरुलाइ कर प्रणालीमा आवद्ध हुन प्रोत्साहित गर्ने ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म, पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ का लागि सार्वजनिक गरेका नीति तथा कार्यक्रम कार्यान्वयनको लागि विनियोजन र स्रोत व्यवस्थापनको अनुमान पेश गर्न चाहन्छु**

- आव २०७७/७८ का नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ६ अर्ब १९ करोड ७१ लाख ७८ हजार रुपैंयाँ अनुमानित बजेट प्रस्ताव गरेको छु । जसमध्ये संघीय सरकारबाट २ अर्ब ५२ करोड ६० लाख र गण्डकी प्रदेश सरकारबाट १० करोड ५९ लाख ६६ हजार गरी जम्मा अन्तर सरकारी वित्तीय हस्तान्तरण वापत २ अर्ब ६३ करोड १९ लाख ६६ हजार प्राप्त हुने अनुमान रहेको छ भने अन्तर सरकारी अख्तियारी बाट ८५ करोड प्राप्त हुने अनुमान छ ।
- राजश्व बाँडफाडँतर्फ संघीय सरकारबाट ३० करोड ६४ लाख र प्रदेश सरकारबाट ४ करोड ३७ लाख गरी जम्मा ३५ करोड १ लाख प्राप्त हुने अनुमान रहेको छ ।
- आन्तरिक स्रोतबाट २ अर्ब ३६ करोड ४२ लाख १२ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

**सभाध्यक्षज्यू**

अब म, आगामी आर्थिक वर्ष २०७७/०७८ को राजश्व परिचालन नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

ालू वर्षको स्विकृत आर्थिक ऐनमा देखिएका समस्या र पोखरा महानगरको कर प्रणालीलाई वैज्ञानिक बनाउन सरोकारवाला संस्थाहरु, राजनीतिक दल, उद्योग वाणिज्य संघ, नागरिक समाज तथा अन्य सरोकारवालाहरुको सुझाव समेतलाई ध्यान दिई आर्थिक विधयेकका अनुसूचीहरुमा आवश्यक परिवर्तन गरिएको छ । आगामी दिनमा करको दायरा फराकिलो बनाई महानगरपालिकाको कर प्रशासन चुस्त दुरुस्त र करदातामैत्री बनाउन आवश्यक कदम चालिने छ ।

**कर प्रशासनलाई व्यवस्थित गर्न निम्नानुसार नीतिहरु अवलम्बन गरिनेछ।**

१. कोभिड १९ को महामारीका कारणले २०७६ चैत ११ देखि २०७७ जेष्ठ मसान्त सम्म भएको बन्दाबन्दीको कारणले नगरको आर्थिक तथा व्यावसायिक कारोवारमा नकारात्मक प्रभाव पारेकोले करदाताहरुलाई निम्नअनुसार सहुलियत दिने प्रस्ताव गरेकी छु ।

- सम्पत्ति वहालतर्फ: महानगरपालिकाले भाडामा दिइएका सटर तथा भवनहरुको २०७६ चैत देखि २०७७ जेठ मसान्त सम्म ३ महिनाको घर भाडा तथा वहाल कर छुट दिइने छ । यसरी छुट दिएको वहाल रकम आगामी आर्थिक वर्ष २०७७।७८ को पहिलो चौमासिक भित्र मिलान गर्ने गरी व्यवस्था मिलाएको छु ।
- महानगरपालिका स्थापना दिवसको अवसरमा क्षेत्रगत रुपमा उत्कृष्ट करदाता छनोट गरी महानगर उत्कृष्ट करदाताबाट सम्मान गरिने छ ।
- अन्डरग्राउन्ड पार्किङसहित निर्माण भएका घर तथा भवनहरुको नक्सापास दस्तुरमा एक तलाको राजश्व छुटको व्यवस्था र भूकम्प पीडित लाभग्राहीमा परेका परिवारले नक्सापास गर्दा उक्त दस्तुरमा एक हजार स्क्वायर फिटको ग्राउन्ड लेबलसम्म नक्सापास दस्तुरमा सतप्रतिशत छुटको व्यवस्था गरिएको छ । पोखरा महानगरपालिका क्षेत्र भित्र पुरातात्विक महत्वका पुराना घरहरु भत्केको स्थानमा साविककै शैली

झल्कने गरी भवन निर्माण गरेमा ५० प्रतिशत छुट दिइनेछ । पूर्ण रुपमा पार्किङ भवन बनाएमा राजश्व छुट दिइनेछ ।

- महानगरका ग्रामीण पर्यटकीय क्षेत्रमा भवन निर्माण गर्दा नक्सापास दस्तुरमा ५० प्रतिशत छुट दिइने छ ।
- अपांगता भएकाहरु, पिछडिएका वर्ग तथा महिलाले व्यवसाय दर्ता गर्दा ३० प्रतिशत छुट, कृषि सम्बन्धी व्यवसायको लागि ३० प्रतिशत छुट, सम्पत्ति, भूमिकर (मालपोत) कर पुस मसान्तसम्म भुक्तानी गरेमा १० प्रतिशत छुट र कम्तिमा ३ रोपनी भन्दा बढी जग्गा कृषि प्रयोजनमा रहेको छ भने ३० प्रतिशत भूमिकरमा छुटको व्यवस्था गरिनेछ ।
- लकडाउन अवधिमा घर धनीहरुले घर भाडा मिन्हा गरेमा सो अवधिको वहाल करमा छुट दिइने छ ।
- महानगरका नियमित करदाताहरुलाई कोभिड १९ को कारण व्यवसामा परेको असरलाई मध्यनजर गर्दै निश्चित मापदण्ड तयार गरी सहुलियतको व्यवस्था मिलाइने छ ।

**अब म, आ.व. २०७७/०७८ को लागि क्षेत्रगत विनियोजन तर्फको बजेट प्रस्तुत गर्न चाहन्छु,**

संघीय सरकार बाट प्राप्त अख्तियारी समेत कुल प्रस्तावित बजेट ६ अर्व १९ करोड ७१ लाख ७८ हजार मध्ये चालु खर्च तर्फ ३ अर्व २० करोड ८४ लाख र पुँजीगत खर्च तर्फ २ अर्व ९८ करोड ८८ लाख छ भने उक्त बजेट मध्ये प्रशासनिक खर्चमा १ अर्व ५८ करोड ४ लाख र कार्यक्रम खर्चतर्फ ४ अर्व ६१ करोड ६८ लाख बजेट विनियोजन गरिएको छ जस मध्ये चालु खर्च तर्फ ५२ प्रतिशत र पुँजीगत तर्फ ४८ प्रतिशत हुन आउँछ भने प्रशासिनक तथा सञ्चालन तर्फ २६ प्रतिशत र कार्यक्रम तर्फ ७४ प्रतिशत हुन आउँछ । कुल विनियोजन मध्ये विभिन्न कोषहरुमा १० करोड, विभिन्न विषयगत समितिहरुको आन्तरिक पुँजीगत खर्च २ अर्ब ८० करोड २१ लाख ५८ हजार विनियोजन गरेको छु ।

**पूर्वाधार तर्फ**

१) महानगरका सहरी र पहाडी क्षेत्रमा सडक कनेक्टिभिटी सहज बनाउने कार्यलाई उच्च प्राथमिकतामा राख्दै चालु आवमा संचालनमा रहेका योजना सम्पन्न गर्नका लागि ६५ करोड ४४ लाख ९२ हजार रुपैंयाँ बजेट विनियोजन गरेको छु ।

२) चालु आवमा काम सुरु गरिएका मोटरेबल पुलहरु भोटीखोला, घोरकुना, फिर्के खोला, स्यानीखोला, स्याङ्खुदी खोला, बगादी खोला र सिर्जनाचोकको आकाशे पुललाई सम्पन्न गर्नका लागि यस आवमा समेत निरन्तरता दिँदै चालु पुल तर्फका योजनाका लागि १३ करोड ५० लाख ४२ हजार बिनियोजन गरेको छु । वडा न. ३० र ३२ जोड्ने ओर्लाङ खोला पुल, वडा न १४ र १५ जोड्ने कल्भर्ट, वडा न १० र १५ जोड्ने कल्भर्ट, वडा न ५र ८ जोड्ने कल्भर्ट निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३) वडा कार्यालयलाई अत्यावश्यक सेवा सञ्चालन गर्न सहज हुने गरी यस आवमा निर्माण सुरु गरिएका ७ वटा वडाका कार्यालय भवन निर्माण सम्पन्न गर्नका लागि चालु भवन तर्फको योजनाको लागि ६ करोड ११ लाख विनियोजन गरेको छु । आगामी आवमा वडा कार्यालय भवन निर्माण, कोरोना संक्रमण फैलिन नदिनका लागि क्वारेन्टाइन तथा आइसोलेसन भवन निर्माणका लागि जिल्ला समन्वय समिति सगँको सहकार्यमा कार्यक्रम संचालनका लागि १० करोड रुपैंयाँ विनियोजन गरेको छु । यस आवमा जग्गा व्यवस्थापन गरी महानगरपालिका भवन निर्माणको कार्यलाई अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

४) सडक सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै पोखरा महेन्द्रपुलमा ट्राफिक लाइटको निर्माण गर्न बोलपत्र आव्हान भइसकेको छ । महानगरका व्यस्त चोकहरुमा ओभरहेड र सबवे संरचना निर्माण, अध्ययन डिजाइनको कार्यलाइ अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु । अन्य दुई स्थानमा ट्राफिक बत्ती राख्नको लागि थप बजेट व्यवस्था गरेको छु । शान्तिनगर चोकमा नमुनाको रुपमा राखिएको पैदलयात्री ट्राफिक बत्तीलाई सञ्चालनमा ल्याइने छ ।

५) गत वर्षदेखि सञ्चालित उज्यालो पोखरा कार्यक्रम अन्तर्गत सडक बत्तीलाई मर्मत कार्यलाई आगामी आवमा समेत निरन्तरता दिइने छ । स्मार्ट सडक

बत्ती व्यवस्थापनको डिपिआर तयार गर्ने कार्य सम्पन्न भएको र डिपिआर अनुसार नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा काम गर्न २ करोड रुपैंयाँ विनियोजन गरेको छु ।

६) पोखराको सिद्धार्थचोकदेखि साँघुको मुख सम्मको सडक सौन्दर्यकरण कार्यक्रमलाई निरन्तरता दिँदै महेन्द्रपुलमा लिफ्ट सहितको आकाशेपुल निर्माण सुरु गर्न १ करोड ४० लाख बजेट बिनियोजन गरेको छु ।

७) मुख्य सहरी सडक अस्फाल्ट कंक्रिट गर्ने कार्य निरन्तरताका लागि १४ करोड ३८ लाख ३३ हजार विनियोजन गरेको छु ।

८) पोखरा वडा न १७ को आरटिओं सडक स्तरोन्नति निरन्तरताका लागि ७ करोड ३६ लाख १३ हजार विनियोजन गरेको छु । जाल्पा मार्ग,जरेबर धारापानी सडकलाई नमुना सडकका रुपमा विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

९) लेक टु लेक केभ टु केभ जोड्ने सडकको प्राविधिक सर्वेक्षण अनुसार कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१०) महानगरस्तरीय क्रमागत योजनाहरुलाई आगामी आ.व. मा निरन्तरता दिनुको साथै सडक मर्मत सम्भार कोष सञ्चालनको व्यवस्था मिलाएको छु ।

११) पोखरा बसपार्क व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु । गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा लामे आहालमा क्षेत्रीय बसपार्क निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१२) महानगरभित्र सञ्चालित आयोजनाको गुणस्तर कायम राख्न गुणस्तर मापन प्रयोगशाला सञ्चालन निरन्तरताको व्यवस्था मिलाएको छु ।

१३) वडा न ३२ मा कोत्रेमा एकीकृत (शान्ति सुरक्षा, स्वास्थ्य, पैठारी निकासी विवरण, सूचना प्रविधि, राजश्व) डिजिटल प्रवेशद्वार प्रणाली जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छु । पोखरा ३२ मजुवामा पार्क निर्माणको डिपिआर तयार भइसकेकाले निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१४) विजयपुर माझठाना सडक, पामे घाटीछिना सडक, मणिपाल ग्यालेचौर सडक ,कालिकाचोक थुम सडक निर्माणका लागि समपुरक साझेदारीको लागि १२ करोड विनियोजन गरेको छु । तालचोक बेगनास सडक निर्माणको लागि विश्व बैकको साझेदारीमा नेपाल सरकार शसर्त अन्तर्गत २५ करोड ३९ लाखको आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

१५) ३३ वटै वडाहरुमा वडास्तरीय विकास निर्माणका कार्यक्रमका लागि २३ करोड १० लाख बजेट विनियोजन गरेको छु ।

१६) संघ सरकारसँगको साझेदारीमा ९ वटा ब्यवस्थित स्वास्थ्य चौकि निर्माण गर्नका लागि आवश्यक ब्यवस्था मिलाएको छु ।

१७) पोखरा सभागृह मर्मत सम्भार गर्न ३ करोड बजेट विनियोजन गरेको छु । निजी क्षेत्रसँगको सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको सभाहल निर्माणलाई आवश्यक प्रक्रिया अगाडि बढाउन बजेट व्यवस्था गरेको छु ।

१८) पूर्वाधार तर्फका योजनामा संघीय र प्रदेश अनुदानबाट ५१ करोड ६९ लाख र आन्तरीक स्रोतबाट २ अर्ब २१ करोड ७१ लाख गरी २ अर्ब ७३ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

**हामी बनाउँछौ हाम्रो महानगर**

- हामी बनाउछौ हाम्रो महानगर अर्न्तगत सडक निर्माण, खानेपानी लाइन विस्तार, तथा बहुउद्दश्यीय भवन निर्माणका लागि जनसहभागीता सहित कार्यक्रम सञ्चालन गर्न रु २० करोड बिनियोजन गरेको छु ।

**स्थानीय सेवाको व्यवस्थापन**

- प्रशासन र सेवा प्रवाह सुधारको कार्यलाई निरन्तरता दिइने छ । यसै आवदेखि कर्मचारी र जनप्रतिनिधिको कोरोना बिमा गर्ने कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्थायी, अस्थायी, करार सम्पूर्ण कर्मचारीहरुलाई प्रदान गर्दै आइरहेको स्थानीय भत्ता, अतिरिक्त कार्य समय भत्ता, मूल्यांकन भत्ता लगायतका सबै प्रकारका अतिरिक्त भत्ताहरुलाई यस आर्थिक वर्षदेखि कटौती गर्नुका साथै स्थायी, अस्थायी र करार सबै कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप मासिक रु.२०००(दुई हजार) प्रति कर्मचारीलाई प्रोत्साहन रकम व्यवस्था गरिने छ ।

**सहकारी**

- पोखरा महानगरपालिका र महानगरपालिकामा कार्यरत सहकारीहरुसँगको साझेदारीमा विशिष्टिकृत संस्था स्थापना गरी कोरोनाका कारण रोजगारी गुमेर फर्किएका युवाहरुलाइ रोजगारी प्रबन्ध गर्न आवश्यक व्यवस्था मिलाएको छु ।
- महानगरपालिका, सहकारी र जनता साझेदारीमा उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- सहकारी उद्यमशीलता, वित्तीय साक्षरता, सहकारी एकीकरण अभियान तथा अनुगमन निरीक्षण कार्यलाई अगाडि बढाउनुका साथै सीप विकास प्रशिक्षण केन्द्र मार्फत क्षमता विकास सञ्चालनमा ल्याउनका लागि ४ करोड बजेट विनियोजन गरेको छु । साथै सहकारी बैक स्थापनाका लागि अध्ययन कार्यदल गठन गर्न आवश्यक व्यवस्था गरेको छु ।

**स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन**

- महानगरपालिकाको वडाहरुको गरिबी नक्सांकन तथा पारिवारिक विवरण संकलन कार्य आगामी वर्ष सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- सार्वजनिक जग्गाको लगत अध्यावधिक गर्दै २०७५–०७८ लाई सार्वजनिक जग्गा संरक्षणको वर्ष घोषणा गरे अनुरुप सार्वजनिक जग्गाको संरक्षणको गर्न सामाजिक संस्थाहरुसँग सहकार्य गरिनेछ । सार्वजनिक जग्गा संरक्षणका साथै खुल्ला क्षेत्र संरक्षण तथा पार्क निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**स्वास्थ्य :**

- गुणस्तरीय स्वास्थ्य सेवामा महानगरवासीहरुको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ । भौतिक संरचनाहरुको विकास, दक्ष जनशक्ति व्यवस्थापन, प्रयोगशाला तथा उपकरणहरुको व्यवस्था गर्न विशेष अनुदान बाट ४ करोड बजेट विनियोजन गरेको छु ।
- सहरी आधारभूत स्वास्थ्य केन्द्रहरुद्धारा गुणस्तरीय सेवा उपलब्ध गराई सामाजिक न्यायसहितको जवाफदेही स्वास्थ्य सेवा प्रणालीको विकास गरी स्वस्थ्य समाजको निर्माणमा जोड बजेट विनियोजन गरेको छु ।
- कोभिड–१९ लाई सम्वोधन गर्न हाल सञ्चालित कार्यक्रमहरुको निरन्तरता गर्दै थप विशेष कार्यक्रमहरु सञ्चालन गर्न २ करोड बजेटको व्यवस्था गरेको छु ।
- निजी क्षेत्रहरुबाट सञ्चालित स्वास्थ्य संस्थाहरुको गुणस्तरलाई नियमित रुपमा अनुगमन गरी थप जिम्मेवार र जवाफदेही बनाइने छ ।
- स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालन गर्न सशर्त कार्यक्रम १९ करोड ३३ लाख र आन्तरिक ९ करोड ५१ लाख गरी कोरोना प्रभावितलाई विशेष कार्यक्रम समेत सञ्चालनका लागि २८ करोड ८४ लाख बजेट विनियोजन गरेको छु ।
- श्रममा आधारित कोरोना विशेष रोजगार कार्यक्रम सञ्चालन गर्न संघीय कार्यक्रमसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न ३ करोड ४९ लाख बजेट विनियोजन गरेको छु ।

**शिक्षा**

- अनुसन्धान र खोजमूलक शिक्षामा जोड दिँदैं चालू आवमा साझेदारी गरिएका विद्यालयको नतिजाका आधारमा साझेदारी कायम गर्ने नीति लिइएको छ । नतिजाको आधारमा एक प्रादेशिक निर्वाचन क्षेत्र एक उत्कृष्ट विद्यालय छनौट गरी पुरस्कृत गरिनेछ ।
- पोखरा प्राविधिक शिक्षालय सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गर्दै महानगर अनुसन्धान तथा विकास केन्द्र, महानगर भित्र रहेका विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरुको सहकार्यमा अध्ययन अनुसन्धान कार्य अगाडि बढाउँदै विज्ञान सम्मेलन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सिप विकास तथा रोजगारी केन्द्र मार्फत कोभिड १९ को कारणले रोजगारी गुमाएका युवालाई प्रोत्साहन गरी नयाँ व्यवसायमा अनुकुलन गराउनका लागि सिप विकास तथा क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक प्रबन्ध मिलाएको छु ।
- विद्यार्थीलाई घरबाटै शिक्षा लिने व्यवस्थाको लागि आवश्यक समन्वय गर्न बजेट ब्यवस्था गरेको छु ।
- शिक्षातर्फ संघीय अनुदानबाट १ अर्ब २४ करोड ५६ लाख र आन्तरिक स्रोतबाट ५ करोड ७ लाख गरी १ अर्ब २९ करोड ६३ लाख बजेट

विनियोजन गरेका छु ।

**हाम्रो अभिभारा, स्वच्छ सुन्दर पोखरा**

- हाम्रो रहर, सुन्दर सहर भन्ने उद्घोषका साथ टोल विकास संस्थाको सहकार्यमा **आफ्नो आँगन आफै बनाऔ** अभियान संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । आगामी आवमा सफा टोल, स्वस्थ्य नागरिक अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरेका छु ।
- महानगर क्षेत्रभित्र वैकल्पिक ल्यान्डफिल साइट सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । अस्पतालजन्य फोहोर व्यवस्थापन थप ब्यवस्थित बनाउनका लागि आवश्यक ब्यवस्था गरेको छु ।
- सार्वजनिक निजी साझेदारी कार्यक्रम अर्न्तगत स्थापित तथा सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाजन्य फोहोर तथा विषादीयुक्त फोहोर व्यवस्थापनको लागि एकीकृत फोहोर व्यवस्थापन केन्द्रलाइ थप व्यवस्थित गरी एकीकृत सेवा प्रदानका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- आवश्यक सेवासहितको थप सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गर्न'का साथै आधारभूत स्वास्थ्य सेवा, भ्याक्सिन र खोपहरु निशुल्क गर्न बजेट व्यवस्था गरेको छु । प्रदेश र संघ सरकारसँगको सहकार्यमा ९ वटा आकस्मिक स्वास्थ्य संस्था संचालनको आवश्यक व्यवस्था मिलाएको छु ।
- आइ.एन.एफ.सँगको साझेदारीमा महानगरभित्र स्वास्थ्य कार्यक्रम संचालनका लागि १३ करोड बजेट व्यवस्थापन गरेको छु ।
- वडामा दन्त शिविर स्वास्थ्य कार्यक्रम, घुम्ती स्वास्थ्य शिविर र सुरक्षित सुत्केरी कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्न ५२ लाख बजेट विनियोजन गरेको छु ।
- सबैको लागि स्वास्थ्य सेवा कार्यक्रम वडा/वडामा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । स्वास्थ्य बिमाको कार्यक्रमलाई अनिवार्य गर्ने प्रबन्धका साथै ज्येष्ठ नागरिक स्वास्थ्य उपचारका लागि बजेट व्यवस्था गरेको छु ।
- महानगर भित्र सञ्चालित अस्पताल, फार्मेसी लगायत निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा नियमनका लागि बजेट व्यवस्था गरेको छु ।
- शिसुवा अस्पताल सवलीकरणका लागि ५५ लाख बजेटको व्यवस्था गरेको छु । यसबाट सुरक्षित मातृत्व कोष संचालनलाई प्रभावकारी हुने विश्वास लिएको छु ।
- कोरोना महामारीको समयमा पोखरा महानगर अन्तर्गत रहेको ४३ वटा स्वास्थ्य संस्थाबाट असहज परिस्थितिमा सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु ।
- ५० शैय्याको सरुवा रोग अस्पताल निर्माण गर्न सम्भाव्यता अध्ययन तथा सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गर्नुका साथै सहरी स्वास्थ्य केन्द्र मर्मत तथा ध्यान केन्द्र निर्माणको व्यवस्था मिलाएको छु ।
- स्वास्थ्य संस्थामा स्वच्छ पिउने पानीको व्यवस्था मिलाइने छ । विश्व स्वास्थ्य संगठनले तोकेको बी तहको एम्बुलेन्स र शव वाहन एक/एक वटा खरिद गर्न ९० लाख बजेट विनियोजन गरेको छु ।

**वातावरण**

- फेवाताल जलाधार क्षेत्र संरक्षणका लागि प्रदेश सरकारसँगको सहकार्यमा फेवातालमा सिल्टेसन ड्याम निर्माण तथा जलाधार क्षेत्र संरक्षण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- यस वर्ष १५ किमी सडक किनारामा वृक्षरोपण गरिने छ । नदी किनारामा बास, अम्रिसो लगायतका बिरुवा रोप्ने कार्य अभियानका रुपमा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- राष्ट्रिय विभूति तथा सहिद पार्कमा पोखरा ब्यानर निर्माण तथा पैदलमार्ग निर्माणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- खुल्ला स्थानहरुमा सर्भिस स्टेसन तथा जग्गाको उपलब्धता हेरि सार्वजनिक शौंचालय निर्माणको लागि आवश्यक बजेट बिनियोजन गरेको छु । हल्लनचोकमा अत्याधुनिक सार्वजनिक शौंचालय निर्माण कार्य आगामी आवमा सम्पन्न गर्ने गरी ९६ लाख बजेट विनियोजन गरेको छु ।
- सुइखेत खोला, कालीखोला, सेती नदी, खुदीखोला,

काहुँखोला, भोटीखोला लगायत नदीहरुले बस्तीमा पारेको असर न्यूनीकरण गरी संरक्षण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

- ताल, पोखरी र चौतारी संरक्षणका लागि आगामी आवमा निरन्तरता दिने गरी आवश्यक व्यवस्था मिलाएको छु ।
- कालिका पोखरी तथा कश्यप ताल संरक्षणको लागि डिपिआर अनुरुप निर्माण सुरु गर्न बजेट विनियोजन गरेको छु ।
- पञ्चासेलाई सुनाखरी संरक्षण क्षेत्रको रुपमा अगाडी बढाउन आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

**कृषि तथा पशु**

- संस्थागत विकास, कृषक क्षमता अभिवृद्धि, प्रविधीको सदुपयोग, भूमिको व्यवस्थापन, भूमि बैकको स्थापना लगायतका कार्यक्रम सञ्चालन गर्न संघीय अनुदानबाट १ करोड ३३ लाख र आन्तरिक स्रोतबाट १ करोड ४६ लाख गरी ३ करोड ८९ लाख बजेट विनियोजन गरेको छु । बाँझो बारीमा प्रोटिनयुक्त घाँस भन्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा निरन्तरता दिइने छ ।
- मेयर प्रविधि मैत्री कृषि कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिन बजेट व्यवस्था गरेको छु ।
- शुद्ध नश्ल बोयर बोका र बंगुरका पाठापाठी तथा नेपियर घाँस किसानहरुलाई निशुल्क वितरण गर्न राष्ट्रिय पशु प्रजनन कार्यालय पोखरासँग समन्वय गरिने छ । पशु सेवा केन्द्र मार्फत् पशुहरुको निशुल्क औषधी वितरण कार्यलाई निरन्तर दिन बजेटको व्यवस्था गरेको छु । छाडा चौपायाँ नियन्त्रण गर्न निश्चित रकम तिरेपछि महानगरपालिकाले व्यवस्थापन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।
- अनुत्पादक र बाँझो पन भएका पशुहरुको उपचारको लागि विज्ञको सहयोगमा घरगोठमा उपचार कार्यक्रम सञ्चालन गरिने छ ।
- पशुतर्फका कार्यक्रम सञ्चालनका लागि १ करोड ४६ लाख बजेट विनियोजन गरेको छु ।

**न्यायिक समिति**

- न्यायिक समिति मार्फत् प्रदान गरिने सेवालाइ थप प्रभावकारी र सर्वसुलभ बनाइने छ । लैंगिक समानता तथा हिंसामा परेका महिलाको सहायता लागि कानुनी परामर्श तथा सहायता कक्षलाई थप व्यवस्थित र सुलभ बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा**

- अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकको लागि महानगरभित्र यातायातमा छुटको व्यवस्था मिलाउन २० लाख बजेट विनियोजन गरेको छु ।
- क्रियाशील पत्रकारहरुको सामाजिक सुरक्षाका लागि पत्रकार उपचार कोष सञ्चालनलाई निरन्तरता प्रदान गर्दै कोषमा २० लाख बजेट विनियोजन गरेको छु ।
- महिला हिंसा विरुद्ध पुरुषहरुको ऐक्यवद्धता सम सचेतता कार्यक्रम सञ्चालन गरिने छ । सामाजिक विकासतर्फका कार्यक्रमको लागि संघीय अनुदानबाट १ करोड १९ लाख । आन्तरिक स्रोतबाट १३ करोड ६९ लाख बजेट प्रस्ताव गरेको छु ।
- सामाजिक सुरक्षा भत्ता वितरणको लागि संघीय अनुदानबाट ७५ करोड र महानगरपालिकाबाट दिँदै आएको थप सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिएको छु । जसका लागि ६ करोड बजेट विनियोजन गरेको छु ।
- सिमान्तकृत, अल्पसंख्यक, दलित, मुस्लिम, जनजाति, जनआन्दोलनको घाइते, सहिद परिवार लक्षित कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बालबालिका सम्बन्धी कार्यक्रमलाई सञ्चालन गर्न र बाल मैत्री महानगर पालिका घोषणको लागि सूचकांक प्राप्त गर्न २५ लाख बजेट विनियोजन गरेको छु ।

**डिजिटल तथा रंगीन क्लस्टर निर्माण**

- महानगरको वडा नम्बर ५, ६ र ७ मा पर्ने शान्तिनगरचोकदेखि हल्लनचोकसम्मको सडक र बस्तीलाई रंगिन क्लस्टर निर्माण गर्ने गरी नमुना बनाउने कार्यको निरन्तरताको लागि बजेट विनियोजन गरेको छु ।

**उपप्रमुखसँग महिला कार्यक्रम**

- **'समृद्धि र विकास निर्माणको आधार, सम्पूर्ण क्षेत्रमा महिलालाई समान व्यवहार'** को नारालाई आत्मसाथ गर्दै महानगर क्षेत्रभित्र महिला सशक्तीकरण र उद्यमशीलता विकासका लागि

उपप्रमुखसँग महिला कार्यक्रमलाई निरन्तरता दिनका लागि ३ करोड विनियोजन गरेको छु ।

- कोरोनाको कारण रोजगारी गुमेका महिलाहरुलाई उद्यमशीलता विकास तथा रोजगारी प्रवर्द्धनका लागि उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत स्वरोजगार कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद**

- महानगर युवा परिषद् तथा खेलकुद विकास समिति गठन र सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- वडा नम्बर २० मा हाइअल्टिच्युट खेल मैदान निर्माण निरन्तरताको लागि ५० लाख बजेट विनियोजन गरेको छु ।
- **'स्वास्थ्यका लागि व्यायाम**' मा जोड दिँदै टोल तथा पार्कहरुमा खुल्ला व्यायामशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिँदै १० स्थानमा व्यायाम सामग्री जडानको लागि बजेट व्यवस्था गरेको छु ।
- विपदमा युवा स्वयमसेवा कार्यक्रमलाई निरन्तरता दिँदै पोखरा म्याराथुन संचालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । उत्कृष्ट वर्ष खेलाडी छनौट गरी अर्वाड प्रदान गर्नका लागि आवश्यक ब्यवस्था मिलाएको छु ।

**पर्यटन**

- हाम्रो चाहना पर्यटन मैत्री संरचना निर्माण कार्य अभियानको रुपमा अगाडी बनाउने ब्यवस्था मिलाएको छु । पर्यटकीय राजधानी पोखरालाई विश्वभर परिचित गराउन पर्यटकीय स्थल सम्बन्धी सूचनाहरुलाई विभिन्न भाषामा तयार गरी प्रचार प्रसार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- स्थानीय अर्गानिक उत्पादनलाई प्रवर्द्धन गर्दै पोखरा महानगरपालिकालाई एग्रो टुरिजम हबको रुपमा विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सामुदायिक वनहरुसँगको सहकार्यमा खुला क्षेत्र संरक्षण तथा पिकनिक स्थल निर्माणलाई निरन्तरता दिँदै १४ स्थानमा पिकनिक स्थल निर्माण गरिने छ ।
- सराङकोट र पुम्दीभुम्दीमा निर्माणधीन पर्यटकीय संरचना निर्माणलाई निरन्तरता दिएको छु ।
- पर्यटन क्षेत्रका लागि २ करोड ४६ लाख बजेट विनियोजन गरेको छु ।

**भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण र विकास**

- महानगर भित्र बोलिने लोपोन्मुख भाषाहरुको संरक्षणमा जोड दिइने छ । आगामी आर्थिक वर्षमा २ वटा भाषाको शव्दकोष र व्याकरण निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- पोखरा साहित्य सम्मेलन गर्न बजेटको व्यवस्था गरिएको छ । पोखरा प्रज्ञा प्रतिष्ठानलाई सञ्चालनमा ल्याउन बजेट विनियोजन गरेको छु ।
- **अन्त्यमा,**

प्रस्तुत वार्षिक बजेट तर्जमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, सभासदज्युहरु, नगरस्थित क्रियाशील राजनीतिक दलहरु, नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरु, कर्मचारी मित्रहरुलाई पुनः धन्यवाद दिन चाहन्छु । पोखराको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु, निजी क्षेत्र प्रति म, पोखरा महानगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने नै छ भन्ने विश्वास लिएको छु ।

- आगामी आर्थिक वर्षका लागि पेश गरिएको बजेट तथा कार्यक्रम र सो सँग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक एवं सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरिदिनु हुने छ भन्ने विश्वासको साथ सम्पूर्ण नगर सभासदज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

*जय पोखरा, जय नगरबासी !!*

मञ्जुदेवी गुरुङ
उपप्रमुख
१० असार २०७७

# बालबालिका स्थितिपत्र विमोचन




पोखरा महानगरपालिका वडा नम्बर ९ मा भएका बालबालिकाको अवस्था समेटिएको पुस्तक बालबालिका स्थितिपत्र विमोचन गरिएको छ ।

बालमैत्री स्थानीय शासन वडा समन्वय समिति वडा नम्बर ९ ले प्रकाशन गरेको पुस्तकको पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसी, उपप्रमुख मञ्जुदेवी गुरुङ र वडा नम्बर ९ का अध्यक्ष रामराज लामिछानेले सोमबार विमोचन गरेका हुन् ।

कार्यक्रममा बोल्दै महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले प्रत्येक अभिभावकले आफ्नो घरमा बालमैत्री वातावरण बनाउनु पर्ने बताए । उनले अभिभावकको आनीबानी, आचारणलाई बालबालिकाले पछ्याउने हुँदा बालबालिकासँग राम्रो व्यवहार गर्नुपर्ने बताए । अभिभावकको गलतक्रियाकलपाले कतिपय बालबालिका सडकमा आउन बाध्य भएको घटना सामाजमा हुने गरेकाले बालबालिका बालमैत्री वातावरण बनाउनु अभिभावकको दायित्व र जिम्मेवारी भएको बताए । कार्यक्रममा महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले बालबालिका राष्ट्रको भविश्य भएको बताइन् । उनले बालबालिकालाई सही तरिकाले लगानी गरे मात्र त्यसको प्रतिफल राम्रो आउने बताइन् ।

पोखरा महानगरपालिका वडा नम्बर ९ का अध्यक्ष रामराज लामिछानेले बालबालिकाको स्थितिपत्रले बालबालिका सम्बन्धी नीति, योजना बनाउन सहयोग पुग्ने बताए । पुस्तकमा बालबालिका सम्बन्धी विभिन्न ४३ वटा सूचकांकलाई समावेश गरेर पुस्तक प्रकाशन गरिएको सम्पादक भावना श्रेष्ठले बताइन् ।

वडा नम्बर ९ का अध्यक्ष रामराज लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य राममाया मानन्धर, वडा सचिव लोकदर्शन रेग्मी, वडा नम्बर ९ बाल क्लबका सचिव सुशन श्रेष्ठले बालबालिकाको बारेमा बोलेका थिए । *पोखरा, २२ असार*



# फेवाताल संरक्षणसम्बन्धी प्रतिवेदन प्रधानमन्त्रीलाई हस्तान्तरण

पोखरा महानगरपालिकाले नापी कार्यालय कास्कीको सहयोगमा फेवाताल सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन तयार पारेको छ । उक्त अध्ययन प्रतिवेदन भदौ २९ गते पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई हस्तान्तरण गर्नुभएको छ ।

फेवातालको एतिहासिक पृष्ठभूमिदेखि वर्तमान अवस्थितलाई प्रतिवेदनमा समेटिएको छ भने फेवाताल सम्बन्धी मापदण्ड क्षेत्रमा पर्ने जग्गाको विवरण, भौतिक संरचना र अनुमानित मुआब्जालाई समेत प्रतिवदेनमा उल्लेख गरिएको छ । सर्वोच्च अदालतको फेवाताल सम्बन्धी फैसला कार्यान्वयन तथा फेवातालको दीर्घकालीन संरक्षणका लागि पोखरा महानगरपालिकाले उक्त अध्ययन प्रतिवेदन तयार पारेको हो ।

प्रतिवेदन हस्तान्तरण कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत महेश बराल, नापी कार्यालय कास्कीका प्रमुख खिमराज गौतम लगायतको उपस्थिति रहेको थियो ।

यस प्रतिवेदनले सम्मानीत सर्वोच्च अदालतको मिति २०७५ वैशाख १६ गतेको फेवातालसम्बन्धी फैसला कार्यान्वयनका लागि नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारलाई सहजीकरण गर्ने सहयोग पुऱ्याउनुका साथै पोखराको पर्यटकीय केन्द्रको रुपमा रहेको फेवातालको दीर्घकालीन संरक्षण गर्न प्रतिवेदन कोषेढुंगा हुने विश्वास महानगरपालिकाले लिएको छ ।

**प्रतिवेदनमा तपसिलमा उल्लेखित विवरणहरू समेटिएका छन् ।**

१. २०७६ फागुन १ गतेदेखि औपचारिक तवरबाट पोखरा महानगरपालिकाले नापी कार्यालय कास्कीको सहयोगमा अध्ययन प्रारम्भ गरेको हो ।
२. फेवातालको एतिहासिक कालखण्डदेखिका उपलब्ध



भएसम्मका विभिन्न तथ्यांकहरू एवं कागजपत्रहरू एकीकृत गरी प्रतिवेदनमा विश्लेषण गरिएको छ ।

३. फेवातालको बाँधको एतिहासिक महत्व सम्बन्धमा प्रतिवेदनमा उल्लेख गरिएको छ । जसमा पाँडे बाँध, २०१८ सालमा नेपाल भारत सहयोग मिसनको सहयोगमा निर्माण गरिएको बाँध, २०३४ सालमा सुरु गरी बनाइएको बाँध, र २०४१ सालमा उद्घाटन गरिएको बहुउपयोगी बाँध, जुन हालसम्म यथावत रूपमा रहेको छ ।

४. अध्ययन गर्दा हालको फेवातालको पानीको किनारालाई फेवातालको किनारा मानी तथ्यांकहरु तयार गरिएको छ ।

५. फेवातालको चारकिल्ला र किनाराका सम्बन्धमा अध्ययन गरी हाल सम्मकै सबैभन्दा बृहत तथ्यांक प्रतिवेदनमा समेटिएका छ । साविकदेखि हालसम्म तालको पानीले बनाएको किनारा र फेवातालको फैलावट सम्बन्धमा प्रकाश पारिएको छ ।

६. साविकमा दर्ता भएका तर हाल तालको किनारा भित्र परेका जग्गाहरूको यथार्त विवरण प्रतिवेदनमा प्रस्तुत गरिएको छ । जसमा ५ सय रोपनी भन्दा बढी जग्गा हालको फेवातालको पानीको किनारा भित्र पर्न जाने देखिएको छ ।

७. फेवातालको किनारासँगै रहेका जग्गाहरू यदी कोही कसैले दुषित दर्ता गरी व्यक्तिको नाममा तालको जग्गा कायम गरेको भए छानबिन गरी दुषित दर्ता खारेज गरी तालको नाममा कायम गर्न सुझाव प्रस्तुत गरिएको छ ।

८. सम्मानित सर्वोच्च अदालतले लिएका आधारहरु मध्ये मुख्य आधारको रुपमा रहेको विश्वप्रकाश लामिछानेको अध्यक्षतामा मिति २०६८/११/४ मा गठित फेवातालको अतिक्रमण भएका जग्गा छानबिन समितिले नेपाल सरकारलाई २०६९ जेठ ३ गते बुझाएको प्रतिवेदनमा उल्लिखित मापदण्ड कायम गर्दा लाग्ने लागत अनुमान समेत प्रस्तुत गरिएको छ ।

९. लामिछाने प्रतिवेदन र सम्मानीत अदालतको फेवाताल सम्बन्धी फैसला कार्यान्वयन गर्दा नेपाल सरकारलाई पर्न सक्ने अनुमानित आर्थिक दायित्वको समेत विश्लेषण गरिएको छ । मालपोतको न्युनतम मूल्यांकन अनुसार क्षतिपूर्ति दिँदा समेत १० अर्ब भन्दा बढी आर्थिक दायित्व पर्न जाने देखिन्छ । फैसला बमोजिमको मापदण्ड लागू गर्दा स्थायी र अस्थायी संरचना गरी लगभग ५ सय वटा जति भौतिक संरचनाहरू पर्न जाने प्रतिवेदनमा औंल्याइएको छ ।

१०. यस प्रतिवेदनमा उल्लिखित तथ्यांकहरूको आधारमा सम्मानीत सर्वोच्च अदालतको मिति २०७५ वैशाख १६ गतेको फैसला कार्यान्वयन गर्नका लागि संघीय सरकार तथा प्रदेश सरकारलाई सहजीकरण गर्न सहयोगी हुने अन्य तथ्यांकहरू यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । पोखरा, २९ भदौ

## राष्ट्रिय विज्ञान दिवस

# चार प्राविधिक शिक्षालयसँग महानगरको सहकार्यका लागि हस्ताक्षर



**पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी र इन्जिनियरिङ अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पस प्रमुख रामप्रसाद पौडेल।**

राष्ट्रिय विज्ञान दिवसका अवसरमा पोखरा महानगरपालिका कार्यालयले विभिन्न चार वटा संस्थासँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ। पोखरास्थित विभिन्न प्राविधिक शिक्षालयहरुसँग महानगरपालिकाले समझदारी पत्रमा हस्ताक्षर गरेको हो।

महानगरस्थित प्राविधिक क्याम्पसहरुको सिप, ज्ञान र जनशक्तीलाई स्थानीय तहको विकासमा जोडेर लैजाने उद्देश्यका साथ महानगरले पश्चिमाञ्चल क्याम्पस, वन क्याम्पस, नर्सिङ क्याम्पस तथा जेन्टा क्लब पोखरासँग साझेदारी पत्रमा हस्ताक्षर गरेको हो।

पोखरा महानगरपालिका कार्यालयको सभाहलमा सम्पन्न 'राष्ट्रिय विज्ञान दिवस तथा समझदारी पत्र हस्ताक्षर कार्यक्रम' मा पोखरा महानगरपालिकाको तर्फबाट महानगरका प्रमुख मानबहादुर जिसीले समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको छ भने इन्जिनियरिङ अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पसका प्रमुख रामप्रसाद पौडेल, वन क्याम्पस पोखराका प्रमुख विनोद हयेजु, नर्सिङ क्याम्पस प्रमुख निता ताम्राकार र जेन्टा क्लब पोखराका उपाध्यक्ष निरुता थापाले क्याम्पससँग सम्बन्धित प्राविधिक ज्ञान, सिप र जनशक्तिको सहकार्य गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर गरेका हुन।

महानगरस्थित प्राविधिक शिक्षालयहरुको सिप, ज्ञान र जनशक्तिलाई महानगरको विकासमा प्रयोग गर्ने अभिप्रायले समझदारीपत्रमा हस्ताक्षर भएको महानगरका प्रमुख मानबहादुर जिसीले बताउनु भयो। महानगरमा सञ्चालित प्राविधिक शिक्षालयहरुले नगरको विकाससँग सम्बन्धित क्रियाकलापमा आफूलाई जोड्दै लैजान पर्ने उहाँको



वन विज्ञान अध्ययन संस्थान पोखराका क्याम्पस प्रमुख विनोद हयेजु।



नर्सिङ क्याम्पस प्रमुख नीता ताम्राकार।



जेन्टा क्लब पोखराका उपाध्याक्ष निरुता थापा

धारणा थियो। हाललाई चार वटा शिक्षालयसँग सम्झौता पत्रमा हस्ताक्षर भएको र आगामी दिनमा अन्य क्याम्पससँग पनि सम्झौता गरेर अगाडि बढने महानगरले लक्ष्य लिएको उहाँले बताउनुभयो।

कार्यक्रमका अवसरमा बोल्नुहुँदै महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले जुन लक्ष्य प्राप्तीका लागि महानगरले शिक्षालयहरुसँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ त्यो पूरा गर्न महानगर प्रतिवद्ध रहेको बताउनुभयो। पश्चिमाञ्चल क्याम्पसका प्रमुख रामप्रसाद पौडेलले शैक्षिक संस्था र राज्यका कार्यकारी निकायहरुका बीच सहकार्य अनिवार्य रहेको र महानगरले सो को तदारुकता देखाएकोमा खुसी व्यक्त गर्नुभयो।

कार्यक्रममा वन क्याम्पसका प्रमुख विनोद हयेजु, निरुता थापा, मोनिका थापा लगायतले बोल्नुभएको थियो। कार्यक्रमका अवसरमा राष्ट्रिय विज्ञान दिवसको औचित्य र जनजीविकामा यसको महत्व बारे अन्तरक्रिया समेत गरिएको थियो।

सहरी योजना आयोगका उपाध्यक्ष डाक्टर रामचन्द्र लामिछानेको अध्यक्ष्यतामा सम्पन्न कार्यक्रमको सञ्चालन सहरी योजना आयोगकै सदस्य बाबुराम भण्डारीले गर्नुभएको थियो।

**मन क्षेत्री,** *पोखरा, १ असोज*

annapurnapost.com
अन्नपूर्ण पोस्ट

अ annapurnapost.com मंगलबार ९ भदौ २०७७ TUESDAY, AUGUST 25, 2020



# संक्रमणसँग जुध्दै मोफसलका महानगर

कोरोना भाइरसको बढ्ता प्रभाव सहर केन्द्रित छ। त्यसमाथि समुदायमा संक्रमण तीव्र रुपमा फैलिन थालेकाले महानगरहरू सकसमा छन्। यही सिलसिलामा मोफसलका ४ महानगरका प्रमुखलाई हामीले सोधेका छौं- यो महामारीसँग कसरी जुध्दै हुनुहुन्छ ? केन्द्र र प्रदेशबाट सहयोग/सहकार्य कस्तो भइररहेको छ ? नियन्त्रणका उपाय के-के अवलम्बन गर्नुभएको छ ? आदि। प्रस्तुत छ- अन्तर्वार्ताको सम्पादित अंश :

## पोखराले सक्दो प्रयास गरिरहेको छ



मानबहादुर जिसी, मेयर, पोखरा महानगरपालिका

**संक्रमित दिनदिनै बढेको पाइन्छ, पोखरामा कोरोना कुन चरणमा छ ?**

संक्रमितको संख्या २ सय ६० को हाराहारीमा छ। हिजो बाहिरबाट आउनेहरूको ट्रेसिङ गर्न सजिलो थियो। तिनलाई क्वारेन्टाइनमा राख्ने, परीक्षण गर्ने, नेगेटिभ भए घर पठाउने, पोजिटिभ भए हस्पिटल भर्ना गराइन्थ्यो। पोखरा– १९ मा दुईजनाको मृत्यु नै भयो। वडा नम्बर १६ मा पनि संक्रमण फैलियो। ती जोडिएका वडा हुन्। कन्ट्याक ट्रेसिङ गरियो। त्यहाँ अहिले धेरै मेहनतपूर्वक न्यूनीकरण गरियो। बढेर जाने स्थिति देखिएन। दुवै वडाका जनप्रतिनिधिले धेरै मेननत गर्नुभयो। उहाँहरूलाई धन्यवाद छ।

बैंकहरू र सहकारीमा पनि संक्रमण पुग्यो। बैंक १०/१२ दिन सिल गरेपछि मात्रै चल्न सक्ने अवस्था देखियो। व्यापारिक ठाउँमा पनि देखियो। विस्तारैविस्तारै संक्रमण फस्टमेन कन्ट्याकमा मात्रै होइन, सेकेन्डमेन कन्ट्याकमा पनि गइसकेको छ। सिनेरियोले के देखाउँछ भने अब विस्तारै समुदायतिर प्रवेश गर्दैछ है।

**पोखरामा ३ भदौदेखि जुन निषेधाज्ञा पाँच दिनलाई लगाइयो र फेरि ७ गतेबाट १२ गतेसम्मलाई थपियो, समुदायतिर प्रवेश गर्दैछ भनेरै हो ?**

चाडबाडमा मान्छेको मोबिलिटी बढी हुन्छ भनेरै निषेधाज्ञा गराएका थियौं। फेरि १२ गतेसम्मलाई थपेर जाने भन्ने भयो। पोखरा महानगरपालिकाभित्र कोभिड- १९ छिटफुट रूपमा समुदायमा गयो भन्नुपर्छ। निषेधाज्ञा पाँच दिनले मात्रै पुगेन कि भन्ने स्वास्थ्यकर्मीको राय-सल्लाहले फेरि पाँच दिन थपेर जाऔं न त भनेर निर्णय भयो।

**पोखराले निषेधाज्ञाबाहेक अरू उपाय के गर्दैछ ?**

कन्ट्याक ट्रेसिङ गर्ने, जहाँजहाँ सम्भावित खतरा छन्, त्यहाँ स्याम्पल लिएर स्टाटस बुझ्नुपर्छ। स्वास्थ्यकर्मीले भोलि महानगरपालिकाले चाल्नुपर्ने रणनीतिबारेमा काम गरिरहनुभएको छ। भीडभाड हुने कार्यालयमा व्यवस्थापन कसरी गर्ने ? वैज्ञानिक विधि के हो भनेर कार्यविधि बनाउन महानगरपालिका लागेको छ। चेतना, नागरिकको स्वभाव, नागरिकको आवश्यकता, आउजाउलाई हेरेर पनि त्यो काम गर्नुपर्छ। १३ गतेदेखि कार्यान्वयन गर्ने गरेर, निषेधाज्ञालाई निस्तेज गर्ने भन्ने छ। निषेधाज्ञा होस्, लकडाउन होस् या सटडाउन गर्ने ठाउँमा पुग्न नपरोस् भनेर सरोकारवालासँग पनि छलफलको गृहकार्यमा छौं।

**तपाई होम क्वारेन्टाइन र होम आइसोलेसनको कुरा गर्नहुन्छ। यसबाट त पोखरा महानगरपालिका जिम्मेवारीबाट पछि हटेको भन्ने अर्थ हुँदैन र ?**

७५३ पालिकामध्ये सबैभन्दा राम्रो क्वारेन्टाइन बनाउने पोखरा महानगरपालिका हो। पोखराले हस्पिटललाई नै प्रयोग गरेर क्वारेन्टाइन बनाएको छ। दुईचारवटा बेड राखेर बनाएको क्वारेन्टाइनलाई काइदाको क्वारेन्टाइन भनेर पनि आयो। हाम्रो त बेडै हस्पिटलको छ। अट्याच बाथरुमसहितका कोठा छन्। हामीले आइसोलेसन स्तरको क्वारेन्टाइन बनायौं। अर्को हस्पिटलमा महिलालाई मात्रै राख्ने क्वारेन्टाइन बनायौं। ५० बेडको आइसोलेसन मालेपाटनमा बनाएको पोखरा महानगरले। लेखनाथ सामुदायिक अस्पतालमा ५० बेडको आइसोलेसन बनाउन पनि पोखरा महानगरपालिकाले सहयोग गरेको हो। अब एक सय बेड थप्नुपर्छ भन्ने सोच छ। महामारीले उग्र रूप लियो भने आइसोलेसन पर्याप्त हुने स्थिति पनि हुन सक्छ। फेरि पनि हामीले उपयुक्त घर, उपयुक्त बसोवास छ भने व्यक्तिलाई घरमै आइसोलेसनमा राखेर स्वास्थ्यकर्मीको सम्पर्कमा राख्ने र आवश्यक पर्नासाथ हस्पिटल पनि लैजाने व्यवस्था मिलाउने महानगरको सोच हो। भोलि एक लाख संक्रमित भए भने राज्यले हात ठड्याउनुपर्छ, जुन स्वास्थ्य प्रवक्ताले नै भनिराख्नु भा'छ।

**संघीयता आयो। अधिकारसम्पन्न स्थानीय तह भयो भनियो। अधिकारसम्पन्न स्थानीय तहको अनुभूति यो संकटमा भयो कि भएन ?**

अधिकारै नपाएको त हामी भन्दैनौं। व्यवस्थापन, परिचालन, संरक्षण र रेखदेख गर्न हामीलाई कसैले रोक्दैन। तर भाषणमा अधिकारसम्पन्न भनियो, व्यवहारमा भएको छैन। अधिकारसम्पन्न गराउन त सुरक्षादेखि सबै कुरा व्यवस्थापन गर्नुपर्ने होला नि। तरपनि संघ सरकारले प्रहरी प्रशासन परिचालन गरेको छ। नागरिकको चाहनाअनुसार सुरक्षाको प्रत्याभूति दिऊँ न त भन्यो भने त्यो अधिकार अहिले पनि जिल्ला प्रशासनमा छ। तर महानगरपालिकाले समन्वय गर्दा अहिलेसम्म सहयोग नभएको अनुभूति गरेका छैनौं। सबै हामीले चलाउन पाउने हो भने हाम्रा नागरिकको चाहनाअनुसार परिचालन गर्न सक्थ्यौं।

**प्रदेश र संघको सहयोग कस्तो पाउनुभएको छ ?**

हाम्रो पोखरामा परीक्षणको कुनै समस्या छैन। स्वाब संकलन भइरहेजति परीक्षण भइरहेको छ। सबैभन्दा धेरै परीक्षण पोखरामै भइरहेको छ। हामी आफैंले निर्णय गर्न नपाउँदा केही ढिला पनि भइरहेको छ। संघ काठमाडौंमा छ। हाम्रो सहयोगविना प्रदेश र संघले पनि काम गर्न सक्दैनन् नि।

*प्रस्तुति : केशवशरण लामिछाने*

# पोखरा वडा नं. ११ र १२ को नयाँ भवन



## वडामा अधिकार प्रत्यायोजन गरेका छौं

**मानबहादुर जिसी**
प्रमुख, पोखरा महानगरपालिका

पोखरा महानगरपालिका वडा नं ११ को वडा आफ्नै कार्यालयमा सरेको छ । भाडामा सञ्चालन हुँदै आएको वडा कार्यालय आफ्नै भवनमा सरेको हो । करिब २ करोड ४० लाखमा निर्माण सम्पन्न २ तले भवनबाटै वडाले सेवा प्रवाह सुरु गरेको छ । नवनिर्मितमा १० वटा कोठा र अत्याधुनिक सभाहल रहेको छ ।

फूलबारी र काँहुको सिमाना पतेनी निर्मित भवनमा सरेको वडा कार्यालयको पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसी र उपप्रमुख मञ्जुदेवी गुरुङले संयुक्त रुपमा उद्घाटन गर्नुभयो । उद्घाटनपछि बोल्दै महानगर प्रमुख जिसीले देशमा व्यवस्था परिवर्तन भएपनि नेतृत्वकर्ताको सोचमा परिवर्तन आउन नसकेको बताउनुभयो । स्थानीय तहहरुलाई अधिकार सम्पन्न बनाउने उद्देश्यले विकेन्द्रित शासन प्रणालीमा गएपनि सोच र व्यवहार पुरानै रहेको उहाँको भनाइ छ । उहाँले पोखरा महानगरपालिको अधिकार वडा तहमा प्रत्यायोजन गरिएको बताउनुभयो । नागरिकलाई महानगर आउनुपर्ने बाध्यताको अन्त्य गर्दै अधिकार वडालाई प्रत्यायोजन गरिएको छ,' उहाँले भन्नुभयो, 'यस आर्थिक वर्षबाट आर्थिक अधिकार सहित लेखापालको व्यवस्था गरिएको छ । एउटा कलम लिन र रुदै आएका नागरिकलाई आर्थिक सहयोग दिनसक्ने गरी अधिकार प्रत्योजन गरेका छौं ।' प्रमुख जिसीले वडा कार्यालयहरु व्यवस्थित हुदाँ महानगरलाई सहज हुने बताउनुभयो । 'जग बलियो नभई घर बलियो हुँदैन्, महानगरको जग वडा कार्यालयहरु हुन । त्यसैले वडा कार्यालयहरु व्यवस्थित हुन जरुरी छ ।' उहाँले भन्नुभयो । प्रमुख जिसीले यस वर्ष ११ वटा वडा कार्यालय निर्माणका लागि बजेट विनियोजन गरिएको समेत जानकारी दिनुभयो ।



वडा नं. ११ को कार्यालय




वडा नं. १२ को कार्यालय

पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले सेवाग्राहीलाई सहज रुपमा सेवा प्रवाहका लागि वडा कार्यालयहरु व्यवस्थित हुन आवश्यक रहेको बताउँदै वडा कार्यालयको भवन निर्माणसँगै वडा नम्बर ११ का जनतालाई सहज हुने विश्वास व्यक्त गर्नुभयो । पोखरा १९ का वडा अध्यक्ष शोभामोहन पौडेलले वडा कार्यालयका कामलाई व्यवस्थित गर्न कार्यालयहरुको भूमिका रहने बताउनुभयो ।

पोखरा ११ का अध्यक्ष मोहन बास्तोलाले सुविधा सम्पन्न आफ्नो भवन नहुँदा भाडाको भवनमा कार्यालयमा रहँदा सेवा प्रवाहमा समस्या हुँदै आएको बताउँदै भवन निर्माणसँगै सेवा प्रवाहमा सहजता आउने बताउनुभयो । वडा कार्यालयमा आउने ज्येष्ठ नागरिक, अपांग, असक्तहरुलाई मध्यनजर गर्दै लिफ्टको समेत व्यवस्था छ । वडा सदस्य तीर्थकुमारी गुरुङले वडा कार्यालयलाई अझै पूर्वाधारयुक्त बनाउन आवश्यक रहेको बताउनुभयो । यसअघि पोखरा महानगरको वडा नम्बर १२ ले नयाँ कार्यालय निर्माण गरेर उद्घाटन गरिसकेको छ । *पोखरा २३ भदौ ।*

# अब हामी 'लिभिङ विथ कोरोना'को रणनीतिमा छौं

महेश बराल पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन् । उनले कानुन, तुलनात्मक स्थानीय विकास र जनप्रशासनमा स्नातकोत्तर गरेका छन् । २०५९ सालमा शाखा अधिकृतबाट सरकारी सेवा प्रारम्भ गरेका उनले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, सामाजिक सुरक्षा कोष र सार्वजनिक खरिद अनुगमन कार्यालयमा काम गरे । यस्तै गोरखा, सिन्धुपाल्चोक र बैतडीमा स्थानीय विकास अधिकारी तथा बनेपा, धुलिखेल, पोखरा, भरतपुर र मध्यपुर ठिमी नगरपालिकाको कार्यकारी अधिकृत/प्रमुख प्रशासकीय अधिकृत भएका बराल हालै राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) मा बढुवा भई उनको पहिलो पोस्टिङ गण्डकी प्रदेश, पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा भएको छ । यसै सन्दर्भमा पोखरा महानगरमा कोभिड-१९ ले पारेको प्रभाव र यसको व्यवस्थापनमा भएका कार्य तथा स्थानीय तहको विकास-निर्माणलगायतका विविध विषयमा केन्द्रित भई प्रमुख प्रशासकीय अधिकृत बरालसँग कास्कीस्थित कारोबारकर्मी दीननाथ बरालले गरेको कुराकानीको सार :



**महेश बराल**
प्रमुख प्रशासकीय अधिकृत
पोखरा महानगरपालिका

**विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को पोखरा महानगरपालिकामा परेको प्रभावलाई कसरी विश्लेषण गर्दै हुनुहुन्छ ?**

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीबाट हामी पनि अछुतो रहेका छैनौं । हाम्रो स्वास्थ्य महाशाखा र जिल्ला तथा गण्डकी प्रदेशको राजधानी पोखरा भएको हिसाबले प्रदेशको स्वास्थ्य निर्देशनालयले दिएको तथ्यांक हरेक दिन आइरहेको छ । हाम्रो क्षेत्रमा संक्रमण पहिलो चरणबाट दोस्रो चरणमा सामुदायिकस्तरमा पुग्न खोजेको हो कि भन्ने अवस्थामा हामी पुगेको हाम्रा विशेषज्ञहरूले अनुमान गरेका छन् । पोजेटिभ केसहरू हरेक दिन आइराख्दा हामीले एउटा निश्चित संख्याभन्दा बाहिर जान दिन नहुने गरी रणनीतिक योजनाका साथ काम गरेका छौं । नेपालको अवस्थाका बारेमा चर्चा गर्दा वीरगन्ज, चितवन, भरतपुरको लेभलमा पोखरा हालसम्म नपुगेको अवस्था छ ।

हाम्रो जिम्मेवारीबाट हामी पछि हटेका छैनौं । हामी पनि वीरगन्ज र चितवनभन्दा दुई महिनापछि हौंला वा एक महिनापछि हौंला । ढिलोचाँडो हाम्रो पनि अवस्था त्यो हुन सक्छ, भयावह हुन सक्छ भनेर हामी सचेत भएका छौं । हामीले महिलामैत्री क्वारेन्टाइन बनायौं, विद्यालयमा सञ्चालित क्वारेन्टाइनलाई अब पठनपाठनको तयारी सुरु गर्नुपर्छ भनेर विद्यालयका क्वारेन्टाइन फेजआउट गर्दैछौं । अक्वारेन्टाइनमा आएका मान्छेहरूको व्यवस्थापन, त्यहाँको खानाको व्यवस्थापन, स्वाब संकलन र परीक्षणका लागि कर्मचारी तथा स्रोतसाधनको परिचालन गरी उपमेयर मन्जुदेवी गुरुङको संयोजकत्वमा एउटा डेडिकेटेड समिति निर्माण भएसँगै रणनीतिक योजनाका साथ अघि बढिएको छ । तत्कालको अवस्था हेरी संक्रमण दर बढेसँगै स्थानीयको मागअनुसार वडावडामा लकडाउन, सिलबन्दी हुँदै हाल पोखरासहित कास्कीमा विगत १० दिनदेखि निषेधाज्ञा गरेको अवस्थामा छौं ।

पोखरामा कोरोनाका बिरामीहरू बढ्न सक्छन्, गण्डकी प्रदेशको राजधानी पोखरामा गम्भीर प्राकृतिका बिरामीहरूको संख्यासमेत बढ्न सक्छ, मृतकको संख्यासमेत बढ्न सक्छ । कोरोनाका बिरामीको उपचारका क्रममा अन्य जोखिमसमेत हुने हुँदा त्यसलाई समेत मध्यनजर गरी हामी आन्तरिक व्यवस्थापनमा

जुटेका छौं । स्वास्थ्यकर्मी प्रभावित भए भने पनि पोखरामा कुनै न कुनै प्रभावित पर्ने नै भयो ।

कोही कोरोनाका बिरामीको पोखरामा उपचारकै क्रममा मृत्यु भयो भने शव व्यवस्थापन गर्नुपर्ने अवस्था छ । स्थानीय प्रशासन, सुरक्षा निकाय, स्वास्थ्यका प्रदेशस्तरीय, नगरपालिकास्तरीय साथीहरू अहोरात्र खट्नुभएको छ । वहाँहरूलाई तनावमुक्त हुने गरी काम गर्ने वातावरण सिर्जना गर्न, स्रोतसाधनको अभाव हुन नदिन, वहाँहरूलाई कसरी सहज वातावरणमा काममा लगाउन सकिन्छ, त्यसतर्फ हामी दत्तचित्त छौं । जहाँ जति बेला गम्भीर समस्या देखिन्छ त्यहाँ त्यही रणनीतिमा समाधान गर्ने गरी कार्यालयहरूलाई अब विस्तारै सुचार गर्ने पक्षमा छौं । यही भदौ १२ गते मध्यराति १२ बजेपछि पोखरासहित कास्कीमा निषेधाज्ञा अवधि सकिएसँगै अब हामी थप्ने पक्षमा छैनौं । पोजेटिभको संख्या ह्वात्तै बढेको खण्डमा तत्काल लकडाउन गर्ने रणनीतिअनुसार अर्को स्वास्थ्यकर्मीको क्षमताको सीमाभित्र रह्यो भने क्रमश: अर्थतन्त्र बिस्तारै चलायमान बनाउनुपर्छ भन्ने मान्यतामा महानगर गएको छ । क्वारेन्टाइनमा करिब २० जना होलान्, केही व्यक्ति होम क्वारेन्टाइनमा छन् ।

**कोभिड-१९ बाट बच्न-बचाउन यसको रोकथाम, उपचार र व्यवस्थापनमा महानगरले के-कसरी काम गर्दै आएको छ ?**

सबैलाई महसुस हुने गरी हामीले सचेतना नै गराएका छौं । कोरोना लागेको व्यक्ति कुनै फरक रंगको देखिने भए हामी सर्लक्कै छुट्याउन सक्थ्यौं । यो त हामी आफैंलाई पनि कोरोना पोजेटिभ छ कि छैन परीक्षणबिना भन्न नसकिने अवस्थाको सरुवा रोग भयो । ८० प्रतिशतजसोमा संक्रमितको लक्षण नदेखिने हुँदा हामीले यस्तै हो भनेर भन्न सक्ने अबस्था छैन । सामाजिक एवं भौतिक दूरी कायम गरी भीडभाडमा नजाने, अत्यन्त जरुरी नपरेसम्म घरबाट बाहिर ननिस्कने, पाहुना लाग्न नजाने, अनावश्यक भीडभाड गरेर चाडपर्व नमनाउने, पटक-पटक साबुनपानीले हात धुने, व्यक्तिगत सरसफाइ, सेनिटाइजर र मास्क अनिवार्य लगाउनुपर्छ भन्ने सन्देश दिँदै आएका छौं ।

हरेक व्यक्ति संवेदनशील भइदिए हुन्थ्यो भन्ने हाम्रो मूल रणनीति हो । हाम्रो खुला सीमानाका कारण कोरोनाको जोखिम भएको भारत र तराई क्षेत्रका बारा, पर्साबाट आउने नेपालीहरूको संख्या बढ्दो हुँदा पोखरामा जोखिम बढ्दो छ । कोरोनासम्बन्धी खर्च तथा विवरण हामीले हाम्रो वेबसाइटबाट सार्वजनिक गरेकै छौं । जनताले तिरेको पैसा हो, अनावश्यक खर्च गर्न पनि भएन, जनताको जीवनरक्षाका लागि खर्च गर्न पनि हामी पछि पर्दैनौं । अभ्यास गर्दै, काम गर्दै अघि बढेका छौं । महानगरका ३३ वटै वडा र टोल विकास संस्थासहितका संघसंस्थालाई परिचालन गरेका छौं । कोभिडसम्बन्धी बस्ने हरेक मिटिङमा मेयर मानबहादुर जिसीको विशेष उपस्थिति रहेको छ । यसमा महानगरले कुनै कसर बाँकी राखेको छैन, भोलिका दिनमा पनि बाँकी राख्दैन । स्थानीय प्रशासनले पनि महानगरले सहयोग गरेन भनेर भन्ने ठाउँसमेत राखेका छैनौं ।

होटल तथा पार्टी प्यालेसलाई समेत आह्वान गरी आइसोलेसन सेन्टर स्थापना गर्न आग्रह गरेका छौं । केही होटलहरू इच्छुक भएका छन् । प्यार्टी प्यालेसको हकमा भने एउटा पनि इच्छुक भएनन् । सकेमा नि:शुल्क अन्यथा न्यूनतम भाडा लिएर भए पनि उपलब्ध गराउन हामीले आह्वान गरेका छौं । नगर क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति, सामुदायिक भवनहरूमा समेत आइसोलेसन सञ्चालन गर्न सकिन्छ कि भनेर गृहकार्य सुरु गरेका छौं । प्रदेश सरकार तथा निजी क्षेत्रको साथ, सहयोग र सहकार्यमा हामी समन्वय गर्दै अघि बढेका छौं ।

**पोखरामा गम्भीर प्रकृतिका कोरोनाका बिरामीहरू ल्याएर उपचार गर्नुपर्दा यसमा प्रदेश र संघ सरकारको के-कस्तो साथ, सहयोग र सहकार्य भएको छ ?**

उपचारबाट केही नलागेपछि दु:खद निधन भएपछिको अवस्थामा शव व्यवस्थापनको जिम्मा हाम्रो काँधमा आएको हुन्छ । शव व्यवस्थापनमा सरकारले एउटा प्रोटोकल बनाएको छ । नेपाली सेनासहितको सुरक्षाकर्मीको टोलीले शव व्यवस्थापन गर्ने गरेका छन् । शव व्यवस्थापनमा आवश्यक सामग्री प्रदेशस्तरका स्वास्थ्यकर्मीबाट भइरहेको छ । यसमा महानगरले शववाहनको व्यवस्था मिलाएको छ, डेडिकेडेट शववाहन सञ्चालनका लागि एक जना सवारी चालकलाई म्याद थप गरेर राखेका छौं । घटना नभए पनि हामी तयारी अवस्थामा छौं । शव व्यवस्थापनमा सुरुका केही दिनमा जमिनका कारणले गर्दा केही समस्या भएको थियो, हाल हामीले स्थानीयलाई राम्रोसँग बुझाएका छौं, उक्त क्षेत्रमा तारबारसहितको अन्य केही संरचना निर्माण गर्ने विषयमा हामी गम्भीर भएर लागेका छौं । कोरोनाको कारण हालसम्म चार जनाको शव व्यवस्थापन गरिएको छ । पोखरामा गम्भीर प्रकृतिका बिरामीहरूको उपचार गर्ने क्रममा निधन भएपश्चात् सरकारले बनाएको स्वास्थ्य प्रोटोकलले गर्दा उक्त शव यहीं व्यवस्थापन गर्नुपर्छ, यसमा हामीले जुन जिल्लाको शव हो त्यहीं लैजानुपर्छ भनेर सुख पाउँदैनौं । कोरोनाबाट बच्न, बचाउन र रोकथामका लागि आवश्यक निर्णयहरू लिनुपर्दा संघीय सरकारको प्रतिनिधि जिल्ला प्रशासन कार्यालय

भएकाले प्रशासन र गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा धेरै काम गर्दै आएका छौं । सबै तहको सरकारको सहयोग र समन्वय भएको छ ।

**कोभिडमा बजेट केन्द्रित गर्दा अन्य विकास-निर्माण र जनताका आधारभूत आवश्यकता कुरामा के-कस्तो प्रभाव पर्ने देखिन्छ ?**

यो महत्त्वपूर्ण प्रश्न हो, कोभिडको क्षेत्रमा भएको खर्चभन्दा कोभिडका कारणले गर्दा अर्थतन्त्रमा भएको प्रभाव धेरै ठूलो छ । नेपाल सरकारकै कुरा गर्दा पनि खर्बमा छ कोभिडका कारणले गर्दा अर्थतन्त्रमा परेको प्रभाव, कोभिडको क्षेत्रमा करिब १३ अर्ब मात्र खर्च भएको छ । हाम्रो सन्दर्भमा पनि त्यही लागू हुन्छ । अर्थतन्त्रमा के-कस्तो धक्का दियो, त्यसको मूल्यांकन अझै भइसकेको छैन । तर, हाम्रो खर्च कोभिडको क्षेत्रमा करिब ४ करोड बराबरको भएको छ । कोभिडमा धेरै ठूलो खर्च भएको छैन । साढे ५ अर्ब बजेट भएको महानगरमा करिब ५ महिनाको कोरोनाको प्रभावमा ४ करोड खर्च हुनु स्वाभाविक ढंगले कमै हो । विकास-निर्माणमा कोभिडले धेरै ठूलो असर पारेको छ, देशमा लकडाउन १ सय २० दिन हुनुले हाम्रा धेरै विकास-निर्माणका योजनाहरू सम्पन्न हुन सकेका छैनन् । धेरै योजना सम्पन्न गर्नका लागि लकडाउनले गर्दा समय अभाव भएको छ । दक्ष जनशक्ति होस् वा पिच सडक निर्माण गर्ने मजदुर, प्लास्टर गर्ने, टायल लगाउने मजदुरहरू प्राय: भारत, तराई क्षेत्रबाट आउने हुँदा उनीहरू लकडाउनमै दु:खसुख गरी घर फर्किएकाले र पुन: उनीहरूलाई ल्याउन नसक्दा धेरै काम अलपत्र अवस्थामा पुगेका छन् । व्यक्तिगत घर पूर्वाधारका काम गर्न होस् वा अन्य सार्वजनिक कामका योजनाहरू अघि बढाउन, हाल मजदुर समस्या भएको छ ।

**गत आर्थिक वर्षमा महानगरले लगाएका विभिन्न ठेक्का तथा अन्य काममा कोभिडले कत्तिको प्रभावित पारेको छ ?**

कोभिडका कारणले गर्दा यो आर्थिक वर्षमा तीन थरीका योजनाहरू सरेका छन् । उपभोक्ता समितिका योजना १ सय ५० कै हाराहारीमा छन्, ठेक्कापट्टाका योजना कोभिडका कारण म्याद थप गर्नुपर्ने २४ वटा योजना छन् भने बन्दाबन्दीले गर्दा महानगरले समयमै निर्णय गर्न नसक्दा रोकिएका योजनाहरू १६ वटा छन् । केही योजनाहरू चालू आवमा सरेसँगै दायित्व र जिम्मेवारी पनि सारेका छौं । यो आर्थिक वर्षमा स्थिति सामान्य हुनेबित्तिकै हामी परिचालन गर्छौं । हाम्रो बुझाइ अब के भने लिभिङ विथ कोरोना हो, विगतमा हामीले सही गर्‍यौं वा गलत गर्‍यौं, थाहा छैन । अब लामो समय देश लकडाउनमा जाँदैन, जहाँ, जुन जिल्ला वा क्षेत्रमा कोरोनाका धेरै पोजेटिभ केस देखिन्छ त्यस क्षेत्रमा लकडाउन हुन सक्छ, अब यसको मोडालिटी परिवर्तन गर्नुको विकल्प छैन । अर्थतन्त्र गतिशील हुन्छ, योजना र स्रोतसहित हामी आएका छौं, अब हामी कार्यान्वयनमा जान्छौं ।

केन्द्र सरकारले पनि तोकेको राजस्व परिचालन गर्न सकेन भने हामीलाई दिने भनेको चार प्रकारका अनुदान घटेर आउने सम्भावना हुन्छ । अन्य विकल्प अपनाएर वा ऋण लिएर भए पनि नगरपालिका तथा प्रदेशलाई दिने भनेको बजेटको व्यवस्था गर्ला, आशा गरौं । हाम्रो पनि कैयौं आय ठेक्का लागेको छैन, लागेको ठेक्का किस्ता तिरेको छैन, कैयौं ठेक्का लिएका ठेकेदारले मिनाहा छुट मागेका छन् । त्यो कारणले गर्दा केही मुद्दा अदालतसम्म पुगेका छन् । हाम्रो राजस्व परिचालनसमेत घट्ने देखेको छु । आम्दानी कम भए विकास-निर्माणलाई हामी अघि बढाउन सक्दैनौं । कर्मचारीको तलब कटाउन सकिँदैन, बिजुली पानीको खर्च कटाउन सकिँदैन । यसको अर्थ चालू खर्च घटाउन सकिँदैन । अन्तिममा हाम्रो स्रोत परिचालन भएन भने हामीलाई प्रत्यक्ष प्रभाव विकास-निर्माण (पुँजीगत खर्च) मा पर्न सक्छ । कोभिडले विकास-निर्माणमा असर पार्छ । यसमा कुनै दुविधा छैन ।

**कोरोनाबाट प्रभावित पर्यटन, उद्योग-व्यवसायी तथा युवाशक्तिलाई कसरी व्यवस्थापन गर्ने यसमा महानगरको सोच के छ ?**

नेपाल सरकारले विभिन्न चरणमा राहत प्याकेज घोषणा गर्‍यो । पछिल्लो साउनको पहिलो साता नेपाल राष्ट्र बैंकले ल्याएको मौद्रिक नीतिले पनि केही उद्योगी-व्यवसायीहरूलाई समेत सम्बोधन गर्‍यो । महानगरले पनि पनि के-कस्ता सहुलियत दिने भन्ने हामीले बजेट वक्तव्यमा उल्लेख गरेकै छौं । घर बहाल रकम छुट दिने कुरा, कोरोनाका कारण बेरोजगार भएकाहरूलाई तालिम र स्वरोजगारका कुरालगायतका विषयमा बजेटमा उल्लेख गरेकै छौं । पर्यटन, उद्योग, व्यवसायमा परेको प्रभावलाई राहत दिने कुरा, महानगर क्षेत्रबाट भन्दा पछि सम्बन्धित मन्त्रालय तथा विभागबाट केन्द्रीय तहबाटै छुट र सहुलियतका कार्यक्रम सम्बोधन गर्नुपर्ला । हाम्रो क्षमताले यसलाई सम्बोधन गर्न नसक्ने अवस्थामा छ ।

**पोखरा महानगरपालिकाको आन्तरिक आम्दानी खर्च के-कस्तो छ ?**

हाम्रा जे-जति आम्दानी संकलनका ठेक्का छन्, तिनमा केही धक्का लागेको छ । नगरपालिकाको राम्रो राजस्व संकलन हुने मालपोतको दर्ता शुल्कबाट हो, घरजग्गामा मन्दी आएमा पनि यसको असर पर्न सक्छ, अर्को आम्दानीको राम्रो स्रोत भनेको नक्सा पास हो । व्यक्तिसँग पनि आर्थिक

मन्दी आएमा र कोभिडका कारणले यस्ता काम नभएमा महानगरको राजस्व संकलनमा असर पर्छ । जे-जति आय ठेक्का छन् यसमा पार्किङ शुल्क, ढुंगा, गिट्टी, बालुवा उठाउने ठेक्कालगायतमा कोभिडले गर्दा केही न केही असर पारेको छ ।

हामी कर, दस्तुर, शुल्क र जरिवाना चार शीर्षकमा राजस्व संकलन गर्छौं । यो बृहत् विषय पनि हो । हाम्रो संस्थागत संरचना नगरसभाले तोकेका दर-रेटमा त्यही संस्थागत संरचनाका आधारमा शाखा तथा वडाहरूले तोकेको दर-रेटअनुसार असुलउपर गर्छन् । कोभिडका कारणले गर्दा केही छुट होलान्, अन्यथा हाम्रो राजस्व प्रशासन हाम्रो नियमित तरिकाले अघि बढ्छ ।

**स्थानीय तहमा वित्तीय अनुशासन, पारदर्शिता, सुशासन कसरी कायम गर्ने ?**

यसमा सरकारले बनाएका स्थापित मान्यता रहेका छन् । सरकारले बनाएका सबै ऐन, नियम हामीले पालना गरेकै छौं, देशभरि यो लागू हुन्छ, अन्तर्राष्ट्रिय अभ्यास पनि यस्तै हुन्छ । सुशासन पनि बृहत् विषय हो, पारदर्शिताको स्तर बढाउने, जनताप्रति जवाफदेही भएर काम गर्ने, निजी स्वार्थ राखेर काम नगर्ने, स्वार्थ बाझिने काममा आफू संलग्न नहुने, आचरसंहिताको पालना गर्ने, जनताका गुनासो सुन्ने, यस्ता प्रकारका रणनीति लिएर हामीले सुशासनलाई प्रवर्द्धन गरेका छौं । सुशासनको प्रवर्द्धनका लागि सरकारले सुशासन ऐन बनाएको छ, सूचनाको हकसम्बन्धी ऐन बनाएको छ, अदालतका कैयौं आदेशहरू छन्, ती कुरालाई पालना गरेरै जाने पक्षमा हामी छौं ।

**विकास-निर्माणमा कर्मचारी र जनप्रतिनिधिको समन्वय कत्तिको देख्नुहुन्छ ?**

कर्मचारी र जनप्रतिनिधिको फरक-फरक स्वभाव हुन्छ, हाम्रो क्षेत्र पोखरामा भने यस विषयमा खासै समस्या देखिएको छैन । पोखरा नेपालकै उदाहरणीय महानगर बन्नुपर्छ भन्ने मान्यताले पोखराको बृहत् विकासमा लाग्ने कुरामा यहाँका जनप्रतिनिधिहरू लाग्नुभएको छ, यहाँहरूले ल्याएका राम्रा काममा हामी दत्तचित्त भएर लागेका छौं । पोखरामा कर्मचारी र जनप्रतिनिधिहरूबीच तालमेल नमिलेको खासै समस्या देखिएको छैन ।

**महानगरलाई स्मार्ट सिटीका रूपमा अघि बढाउने कार्यको प्रगति के छ ?**

स्मार्ट सिटी आफैंमा बृहत् विषय हो । स्मार्ट सिटी के हो र के होइन भन्ने विषय नै अन्योलमा छ । समग्रमा भन्दा प्रविधि, टेक्नोलोजीमा जाने कुरालाई हामीले स्मार्ट सिटिका रूपमा बुझ्ने गरेका छौं । महानगरको सूचना प्रवाहलाई सहज पार्ने, कर प्रणालीलाई अनलाइन सिस्टममा घरमै बसेर कर तिर्न सकिने, मोबाइल एपबाट महानगरका धेरै सूचना लिन सकिने विषयमा हामी केन्द्रित भएका छौं । महानगरका सामाजिक सञ्जाललाई सक्रिय बनाएका छौं । प्रविधिमा आधारित सोलार लाइट सिस्टम, ट्राफिक आइल्यान्ड, स्मार्ट बस प्रतीक्षालयलगायतका कुराको महानगरले सुरुवात गरेको छ ।

यस विषयमा म एक कर्मचारी भएको नाताले केही नबोलौं । यस विषयमा मेयरसाबले प्रस्ट पारिदिनुभएकै छ । १ करोड ७३ लाख हिसाब नमिलेको विषयमा अडिट रिपोर्टमा स्पष्ट बोलेकै छ । हाम्रो अडिट रिपोर्ट पनि सार्वजनिक भएको छ । राजस्वले दिएको विवरण र लेखाले तयार गरेको विवरणमा मेल खाएन, यसलाई मिलाउनुहोस्, आयव्यय यकिन गर्नुहोस् भनेको हो । मैले यसलाई आर्थिक हिनामिना भएको मानेको छैन, यो हाम्रो आयव्ययको हिसाब नमिलेको हो । यदि मैले अडिट रिपोर्ट नबुझेको हो भने मलाई ध्यानाआकर्षण गराउनुहोला, यदि कैफियत भएमा कारबाही गर्न पछि पर्दिनँ ।

**अन्त्यमा केही भन्नु छ ?**

अब हामी लिभिङ विथ कोरोनाको रणनीतिमा छौं । हामी आफैं सचेत भएर कोरोनालाई दैनिक ५, १०, १५ जनाभन्दा बढी विस्तार हुन नदिने गरी सबैले सजगता अपनाऔं । कोरोनाको महामारीबाट पोखरा र कास्कीवासीलाई जोगाउनका लागि हामी हाम्रो तर्फबाट पहल गर्छौं, सबै यहाँका सरोकारवाला नागरिक र स्थानीयले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुहोला । कोरोना संक्रमण नलुकाउनुहोला, संक्रमितलाई घृणा नगर्नुहोला, समाजमा अपमान नगर्नुहोला, उनीहरूको दोष होइन, यो सरुवा रोग हो, भोलि यो तपाईं-म जो-कसैलाई लाग्न सक्छ । यसको उपचार हालसम्म पत्ता लागेको छैन, यो अवस्थामा यसको रोकथाममा नै लाग्नु उत्तम उपाय हो । पहिला बचौं, त्यसपछि विकास गरौंला, हामी अब चाडबाडको बीचमा छौं । यसले गर्दा सभ्य ढंगबाट चाडपर्वमा कम संख्यामा सहभागिता जनाउन अनुरोध गर्छु । मेरो कार्यकालमा पोखरेली जनताको सकारात्मक सहयोगको अपेक्षा गरेको छु । नेपालका ६ महानगरमध्ये अति नै सम्भावना भएको देखेर म पोखरा पुनः आएको हुँ । गल्ती भएमा स्वस्थ आलोचना गरी रचनात्मक ढंगले सहयोग गरिदिनुहुन अनुरोध गर्छु ।

***कारोबार दैनिक** भदौ, १२ २०७७*



• डा. रामचन्द्र लामिछाने

# कोरोनालाई परास्त गर्न चीनका अनुकरणीय उदाहरण

कोराना भाइरस पत्ता लागेपछि चिनको उहान सहरको जनजीवन अस्तव्यस्थ भयो । २ हप्ता भइसक्दा कोरोना सुनिश्चित भएका केसहरु लगातार बढिरहेका थिए । उहानका अस्पतालहरुमा भिडभाड थियो ।

जनमानसमा सन्त्रास थियो । मानिसहरु घरभित्र नै थुनिएका थिए । विस्तारै जनजीवन असहज भइरहेको थियो । सरकार यस समस्याबाट पार पाउन हर सम्भव प्रयास गरिरहेको थियो । सरकार, नागरिक, जनसमुदाय एक भएर यस माहामारी विरुद्ध लडिरहेका थिए । यस लडाईमा कुन अस्त्रले के काम गर्दछ भन्ने सबैमा अन्यौलता थियो । लकडाउन विस्तारै सुरु भएको थियो ।

संसार भरिका सञ्चारमाध्यामहरुले कम वास्तविकता बढी अडकलवाजी र नकारात्मक रुपमा समाचारहरु संप्रेषण गरिरहेका थिए । मानौ सञ्चार जगतको काम नै अवस्थाको नकारात्मक चित्रण गरेर मानिसहरुलाइ निराशा तुल्याउन हो र बाच्ने हिम्मत सिध्याउनु हो । कोरोनाको कारण भन्दा धेरै गुणा समाजमा सञ्चार माध्यामहरुले नैराश्य फैलाएका छन् । जतिबेला उहानमा भइरस संक्रमणको बवरहरु प्रसारित भएका थिए नेपालीहरु त्यहाँ अध्ययनरत विद्यार्थीहरुको बारेमा चिन्तित थिए । विभिन्न देशहरुले आफ्ना नागरिकहरुलाई उद्धार गरेपछि नेपाल सरकारले पनि ससम्मान नेपाली नागरिकहरुको उद्धार गरेर कोरोनाप्रति नेपाली समाज सजग र सरकार संवेदनशील रहेको उत्साहजनक सन्देश प्रवाह गरेको थियो ।

उहानको संकट समाधान गर्न चिनियाँ सरकारको आह्जानलाई हर नागरिक र सबै प्रकारका संघसंस्थाहरुले अत्यन्तै जिम्मेवारीका साथ साथ दिए र संसारलाई आक्रन्त पारिरहेको भाइरसलाई उनीहरुले भने उहानमा नै सीमित बनाइदिए । उहानमा कोरोनाको पुष्टि भएपछि एक प्रकारको त्रास सिर्जना भयो भने अन्तर्राष्टिय स्तरमा चीनको बारेमा निकै नकारात्मक टिप्पणीहरु भए । विश्व भरि

**यहाँ उल्लेखित कुनै पनि कथाहरुमा कोरोनाको उपचारको औषधी छैन तर यी यस्ता कथाहरु हुन जसले कोरोना भन्दा निकै शक्तिशाली रोगहरुलाई पनि परास्त गर्न सक्ने मनोबल, भावना र आत्मविश्वास पैदा गर्दछ ।**

चीनको नकारात्मक छवि निर्माण हुन सक्छ भन्दै चिनियाँ सञ्चार माध्यामहरु र नागरिकहरुले चीनमा भइरहेका प्रयासहरु सार्वजनिक गरिरहे । राष्ट्रको गरिमा कायमा राख्न नागरिकहरुले संसारभरी फैलिएका आफ्ना निजी सञ्जालहरुलाई पनि प्रयोग गरेर निरन्तर जानाकारी गराइरहे । एक दिन एसिया इन्स्टिच्युट अफ ब्रोडकास्टिग एन्ड डेभलपमेन्ट मलेसियाका सेवा निवृत्त निर्देशक मित्र चाग जिनले वि चाटमा सन्देश पठाउँदै चिनमा के भइरहेको छ र कसरी चिनियाँ सरकार, नागरिक, डाक्टर, नर्स, व्यापारिक समुदायहरुले सहकार्यमा काम गरिरहेका छन् भन्ने बारेमा पत्रकार लिले तयार गरेका अंग्रजी समाचारहरु सम्प्रेषण गरेर मेरो निजी सामाजिक सञ्जाल तथा वेभसाइटमा पोस्ट गर्न अनुरोध गरे ।

उनको त्यो अनुरोधले संकटको बेला एक नागरिकले कसरी देशको पक्षमा काम गर्न पर्दोरहेछ र त्यो कति महत्वपुर्ण हुँदोरहेछ भन्ने महसुस गरायो । त्यसभन्दा पनि चिनियाँहरुको देश, नागरिक र देशको इज्जत प्रतिष्ठाको बारेमा सोच्ने शैली देखेर गज्जव लाग्यो र त्यसलाइ अनुकरण गर्न मन लाग्यो । मित्र चाँगको अनुरोध स्विकार गर्दै मैले सबै कथाहरु मेरो सामाजिक सञ्जाल र वेभ साइटमा पोस्ट गरे जुन धेरै मित्रहरुले हेर्न सक्नु भयो ।

अहिले नेपालको अवस्था निकै दयनीय भएको र कोरोनाको बारेमा सरकारका प्रयासहरुलाई निकै नकारात्मक रुपमा प्रस्तुत गरिएका, नागरिकहरुले निकै हल्का तरिकाले यसलाइ लिएको र जिम्मेवार निकायले निकै हचुवा तालमा यस सम्बन्धी रणनीतिहरु बनाएको अवस्थामा सुरुकै अवस्थाम चिनमा गरिएका प्रयासहरुको भावानुवाद गर्दै व्याख्या गर्न प्रयास गरेको छु । आशा छ यसबाट नेपाली पढने र बुझ्नेहरुलाई त्यहाको अनुभव जान्ने अवसर मिल्नेछ ।

एक जना ५५ वर्षीय वृद्धलाई पहिलो पटक नोभेम्बर १७ मा कोरोना भाइरस देखिए पछि यो फैलिएको थियो । जतिबेला चिनियाँहरु वसन्त ऋतुको चाड मनाउने तयारी गर्दै थिए तब यो भाइरस विद्युतीय रफतारमा फैलिदै थियो र चिनियाँ जनजीवनलाई अस्तव्यस्थ बनाउँदै थियो । यो भाइरसको प्रकृति नयाँ भएको र उपचार पद्धति पत्ता नलागिसकेको अवस्थामा चिनियाँ वैज्ञानिक डाक्टरहरुले विभिन्न परीक्षण गरिरहेको अवस्थामा यसको सरुवा गति नियन्त्रण गर्न लकडाउन विधि अपनाउन सरकारलाई सिफारिस गरे र २३ जनवरी २०२० मा चिनियाँ सरकारले र लकडाउन

घोषणा गरेर उच्च सावधानी अपनाउन नागरिकहरुलाई आह्वान गर्‍यो । नागरिकहरुले लकडाउनलाई पालना गर्दै संकट सामाधान गर्न सरकारलाई होस्टेमा हैंसे गरिनै रहे ।

बजार टप्प थियो जनजीवन गुजारा गरिरहेको थियो । उहानको मेरियट होटल होन्कुमा बेइजिङ र संघाइबाट आएका ४ सय जना डाक्टर र नर्सहरु बसेर स्थानीयहरुलाई सेवा दिइरहेका थिए । होटलमा बसेका डाक्टर र नर्सहरुलाई खुवाउन तरकारीको अभाव भइसकेको थियो । लुनार नयाँ वर्षको तेस्रो दिनमा एक जना किसान तीन चक्के टेम्पु चढेर आएर र होटलका कर्मचारीहरुलाई सोधे यहाँ डाक्टर र नर्सहरु बस्नु भएको छ अरे मैले उहाँहरुको लागि आफ्नै बारीमा उमारेको २४ कार्टुन तरकारी लिएर आएको छु कृपया राख्नुहोस न । होटलका कर्मचारीहरुले तरकारी लिएर जब पैसा दिन खोजे तब किसान भावुक मुस्कानका साथ मैले यो बिक्री गर्न ल्याएको होइन आफ्नो ज्यानको वास्ता नगरी हामी चिनियाँ जनताको स्वास्थ्य उपचारमा संलग्न ती माहान डाक्टर र नर्सहरुलाई सम्मान स्वरुप ऐक्यवद्धता गर्न ल्याएको हु मलाई पैसा चाहिँदैन यो उहाँहरुले खाइदिए पुग्छ । यस्तो चारै तिर निराशाले गाजेको बेलामा उहाँहरुको प्रयासले जीवनप्रति भरोसा जागेको छ ।

उनको कुरा सुनेर होटलका कर्मचारीहरु भावुक हुन्छन् । अत्यन्त हार्दिकताका साथ उनको बिदाइ गर्दछन । ती ग्रामीण किसानको चेतना, मानव समुदाय र आगामी पुस्ता प्रतिको जिम्मेवारी र समाजप्रतिको जवाफदेही नेपाली समाजको लागि निकै अनुकरणीय छ । जातीय, क्षत्रीय तथा लैंगिक पक्षधरतामा बाच्न चाहने हामी नेपालीहरु ती माहान चिनियाँ किसानको अगाडि पुडको भएको अनुभव भएको छ । जालभेल तिकडम गरेर सहरमा तीन चार आना जग्गामा घर बनाएर घरमालिक भएका डाक्टर र नर्सलाइ कोठाबाट निकाल्ने हाम्रा दाजुभाइहरुप्रति टिठ लागेको छ । महानगरका बासिन्दा भएर ग्रामीणवासीहरुलाई धाक लगाउनेहरुले डाक्टरको घर र संक्रमितलाई गरेको व्यवहारलाई त घृणा गर्न पनि लायक रहेनछ । यस्तो महामारीमा कृत्रिम अभाव सिर्जना गरेर महंगी सिर्जना गर्ने व्यापारी नै कोरोनाका नाजायज सन्तान जस्तो लागेको छ ।

जनवरी २ मा नानजीनको सुरक्षा चौकीमा एक जना मानिस पुलिस नजिकै गए । आफ्नो कारबाट एउटा बक्सा निकालेर पुलिसलाई दिँदै भने यसमा मैले तपाईंहरुको लागि टर्कीबाट केही मगाएको छु कृपया स्विकारनुहोस न । जब पुलिसले बक्सा खोलेर हेर्छन बक्सा भरी एन ९५ मास्क देखेर भावुक हुँदै सोध्छन् सर तपाईंको नाम के हो । जवाफमा उनी पुलिस तिर हेर्दै एकदम हार्दिकताका साथ भन्छन सर म एक जना चाइनिज हु मात्र चाइनिज । उनको कुरा सुनेर पुलिस भन्छन् यस संकटको समाना गर्न तपाईंहरुले देखाउनु भएको हार्दिकता अनुकरणीय छ हामी त्यसको उच्च प्रशंसा गर्न चाहान्छौ र चिनियाँ नागरिकलाई हर संभव सेवा दिन्छौं । यहाँहरुको यो सदासयताको लागि हार्दिक धन्यवाद । नागरिक र पुलिसको यसप्रकारको सम्बन्ध र पुलिसप्रति नागरिकको अदभुत विश्वास नै चिनियाँ शान्ति र सुरक्षाको कडी हो ।

नेपालमा पनि प्रहरीहरु चौविसै घण्टा डिउटीमा हुन्छन तर नागरिकको विश्वास कति आर्जन गर्न सकेका छन् र प्रहरीको सेवाबाट नागरिक कतिको सन्तुष्टि छन् भन्ने कुरा हाम्रो देशमा हुने विभिन्न घटनाहरुमा देख्न सकिन्छ । चीनको यस प्रकारको सिकाइबाट नेपालले पनि सिक्न सकेमा हाम्रो प्रहरी प्रशासन र नागरिक सम्बन्ध थप मजवुत हुन्छ ।

चाडको रौनक भए पनि उहान बन्द थियो । प्राय सबै जसो रेस्टुरेन्टहरु बन्द थिए । स्वास्थ्यकर्मीहरुको लागि खानाको अभाव भइसकेको थियो । एउटा सानो पसल सधै व्यस्त हुन्थ्यो । यस पसलले दैनिक करिब एक हजार प्याकेट खाना तयार गरेर जिनयिनटान अस्पताललाई सेवा दिन्थ्यो । त्यहाँको खाना त उत्कृष्ट थियो र औसत १६ युवान पर्दथ्यो जुन त्यहाँको बजार भाउ भन्दा निकै सस्तो थियो । यो खाना कसरी यति सस्तोमा आपूर्ति गर्न सक्नु भयो भन्दा त्यस पसलकी साहुनीले टाउको कन्याउँदै भन्नु भयो यहाँको खाना सस्तोमा आपूर्ति गर्न हामी घरका सबै सदस्यहरु खटेर काम गर्दछौ । हामी चार घण्टा भन्दा सुत्दैनौ । जब डक्टर र नर्सहरुले आफ्नो सबै समय हामीलाई दिनु भाको छ भने हामीले पनि त केही गर्न पर्दैन र ? परेको बेलामा हामीले पनि आफ्नो कर्तव्य निर्वाह गर्न सक्नु पर्दछ । तर नेपालमा सामन्य तरकारी पसल देखि ठूला व्यपायरीले यसै अवधिलाई कमाउने अवसर बनाएको देख्दा हाम्रो समाज कता जादैछ र हामी के कुरा प्राप्त गर्न खोज्छौं भन्ने अनुमान गर्न गाह्रो छैन । सामन्य व्यवहार र आचरण शुद्धता ल्याउन सामन्य प्रयास पनि नगर्ने अनि सरकार, नेता, कर्मचारीलाइ दोष लगाएर सभ्य समाज निर्माण हुन सक्दछ ? यस्तो महामारीसँग लड्न सकिन्छ ? अलिकति पनि आफूलाई सचेत भन्ने नागरिकहरुले के कति योगदान दिएका छौं भनेर आफैलाई सोध्ने बेला आएको छ । जात, नातागोता, पैसा र लोभलालचमा आएर भोट हाल्ने अनि देश र समाजको लागि सिन्को नभाच्ने नागरिक देशको वरदान हुन सक्दैनन् त्यसकारण हामीले आफूलाई पनि सोध्न परेको छ मेरो उपस्थिति यो देशमा वरदान हो की अभिसाप ?

अर्को दिन सामानले भरिएको एउटा मालवहाक ट्रक उहानमा प्रवेशद्वारबाट भित्र छिर्छ । डिउटीमा भएकी एक जना युवती ड्राइभरलाई अभिवावादन गर्छिन र कार्ड दिँदै भन्छिन । तपाईंको कार्ड यहाँ छ । तपाईंको कडा परिश्रमको लागि हार्दिक आभार । तपाईं उहान आउनु भयो, । गाडी केही अगाडि गयो र ट्राफिक प्रहरीले पानीको प्याकेट उठाउँदै भन्नु भयो सर बाटोमा तपाईंलाइ पिउन केही पानी लिनुहोस । यी शब्दहरु अत्यन्तै सामन्य थिए तर यस्ता कुरा भइरहँदा सबैका आँखा रसाएका थिए । यतिका समान लिएर आएका ड्राइभरलाई ससम्मान बिदाइ गरिएको थियो । देशको एक सहरमा समस्या परेको बेलामा अन्य सहरबाट स्वस्फुर्त रुपमा सहयोगहरु आदान प्रदान गर्ने संस्कारले समस्यासँग जुध्ने शक्ति प्राप्त हुन्छ र नागरिकहरुले नै समस्या सामाधान गर्ने पहल लिन्छन ।

वास्तवमा पोखरा लगायतका केही सहरमा नागरिकहरुले स्वस्फुर्त रुपमा मजदुर र अलपत्र परेका व्यक्तिहरुलाइ खाना खुवाउने सकारात्मक प्रचलन सुरु भएको छ जुन सकारात्मक हो र यसरी देशै भरी एकता र सहकार्य फैलाउन सकेमा मात्रै हामीले पनि संकट सामाधान गर्न सक्दछौ ।

वसन्त ऋतुको चार्डको ढल्दो प्रहर, हेनान प्रान्तको सेन्जुका ४२ वर्षीय चाइना कम्युनिस्ट पार्टीका सचिव श्री वाँग गोही ५ टन तरकारी लिएर हुवो सेन सान अस्पताल निर्माण स्थलमा आए र निशुल्क सहयोग गरे । उनले १७ वर्ष उहानमा शैनिक सेवामा भण्डार अधिकृतको रुपमा काम गरेका थिए । जब महामारीको खबर सुने उनको मनमा खानाको अवस्था के होला भन्ने प्रश्न आयो । त्यसकारण चार्ड पर्वको प्रवाह नगरी बिहान ५ बजे नै उठेर गाउँका सबै घरमा ढोका ढकढक्याउँदै तरकारी संकलन गर्ने अभियान चलाए । करिब २० जनाले उनलाई साथ दिए र हतार हतार तरकारी तयार गरे र जम्मा ५ टन तरकारी जम्मा गरे । हतार हतार उनले ट्रकमा तरकारी राखे र राति ८ बजे चाडको अघिल्लो दिन उहान आइपुगे । उनी उहानमा १९९८ को बाढी र २००८ को विपद्मा पनि अग्रपंक्तिमा रहेर काम गरेका अनुभवी व्यक्ति थिए । जब उनले विपत्तिको बारेमा सुने यसमा पनि अग्रपंक्तिमा नगइ उनलाइ चित्त बुझ्नेन । एक पटक सेनामा आउनु भनेको सेवा भए पनि नभए पनि सदैव नै देशको सेवाको लागि समर्पित हुनु हो भन्छन उनी ।

नेपालमा पनि ठूलो संख्यामा भूतपूर्व सेना, प्रहरी, राष्टसेवक कर्मचारीहरुको झुण्ड नै छ तर उनीहरुको समाज प्रतिको योगदान कति गर्व गर्न लायक छ त्यो भने प्रश्नवाचक नै छ । अधिकांश कर्मचारीहरु ३० वर्ष सेवा गरेको विभाग र निकायको आलोचना गर्न मै व्यस्त देखिन्छन् । आफू सरकारी सेवामा रहँदा चरम कुशासन दिने अनि सेवा निवृत्त भएपछि यस्तो गर्न पर्दछ र यस्तो हुनु पर्दछ भन्ने गरेको देखिन्छ । वास्तवमा नेपाली समाजमा निराशा र नकारत्मकता



चिनको उहान सहर

फैलाउन यो पंक्तिको निकै ठूलो योगदान देखिन्छ । सञ्चार माध्याममा विज्ञको रुपमा बोलाइएका यी भूतपूर्वहरुले अधिकांश समय सरकारको आलोचना गरेर नै बिताउँदछन् । यदी नेपालमा पनि चिनका वाँग गोही जस्तै सेवा निवृत्त कर्मचारीहरुको जमात हुने हो भने हाम्रो समाजले काँचुली फेर्न कति बेर लाग्छ र ?

जतिबेला चाइनामा महामारी फैलिरहेको थियो श्री चेन सेयुन नेपालको भ्रमणमा थिए । जब उनले सुनिनकी उनको सहरमा मास्कको अभाव छ तब औषधी कम्पनीहरुमा सम्पर्क गरेर ५८ हजार मास्क किनिन । यो वास्तवमा नै निकै कोलाहलपूर्ण अवस्था थियो र उनले आफ्ना कपडा र अन्य समानहरु छोडेर सुटकेसमा मास्क हालिन् । धेरै मास्क ल्याउन सकियोस भनेर मास्को कार्टुन च्यातेर एक एक गरी सुटकेसमा हालिन । उनले नेपालबाट ४ सुटकेस मास्क लिएर आइन र डाक्टर तथा नर्सहरुलाई निशुल्क बाँडिन । जब महामारी आउँदछ त्यस्तो अवस्थामा मेरा व्यक्तिगत सामान भन्दा औषधी, उपकरणहरु र मास्क धेरै आवश्यक हुन्छन उनले मास्क वितरण गर्दा मुस्कुराउँदै भनिन ।

हाम्रो देश जहाँका डाक्टर तथा नर्सहरुले मास्क समेत नपाएर कोरोना जस्तो रोगको उपचार गरेका कथाहरु प्रशस्त सुन्न पाइएको थियो भने डाक्टर र नर्सको लागि ल्याइएका भनेका मास्कहरुपनि राजनीतिज्ञ र कर्मचारीहरुले आफू र आफ्ना आफन्तलाई बाँडेको समाचारले हामीलाई अवाक बनाएको थियो । बारम्बार प्रश्न आउँदछ हाम्रा यस्तै सोच, आचरण र बानीव्यवहारले हामीले कोरोनालाइ प्रास्त गर्न सक्छौ त ?

हेनानका टुरिस्ट गाइडले जब उहानको दयनीय अवस्थाको बारेमा सुने तब उहान सेफगाड स्वाड बनाए र थाइल्यान्डबाट ४० वाक्स सुरक्षा गाउन खरिद गरी उहान पठाए । यसले देखाउँदछ चाइनामा भातृत्व, मानवत्व कति छ । यहाँ टोलै पिच्छे भएका मानवअधिकारको नाममा दलाली गर्ने संघ संस्थाहरुले संक्रमितहरु, चिकित्सक, प्रहरीहरु माथि भएका ज्यादतीका बारेमा न एक शब्द बोल्ने हिम्मत गर्दछन न त समाजमा व्याप्त भ्रष्टाचार र ढिलासुस्तीको विरुद्ध आवाज उठाउँदछन् न त त्यस्ता किराहरुलाई वहिष्कार गर्ने आन्दोलनको नेतृत्व नै गर्न सक्दछन् । अनि कसरी समाज र देश उभो लाग्दछ ? के नागरिक समाजको दायित्व हुँदैन ?

वसन्त ऋतु चार्डको पाँचौ दिन, हेनास प्रान्तको लुयोगं मा भएको फर्निचर उद्योगले रु. २० लाख युआन बराबरको मेडिकल क्याबिनेटको अर्डर प्राप्त गऱ्यो । त्यस कम्पनीका मालिक श्री युआनले यो अर्डर हुवो सेन सान अस्पताल हुवानको लागि हो भन्ने तुरुन्तै पत्ता लगाए । उनले तुरुन्त अर्डर लिए र निशुल्क ती

सामनहरु उपलब्ध गराउने वाचा गरे । उनको उद्योगमा स्टोर अभाव भएको कारण उनले यो सन्देश उनको स्थानीय उद्योग संघको च्याट समूहमा पोस्ट गरे । जब उद्योग संघका सदस्यहरुले यो सन्देश देखे संघका सदस्य उद्योगीहरुले दान गर्न प्रतिस्पर्धा गरे र एक रातमा १४ वटा उद्योगहरुले सबै अर्डरहरु तयार गरे । जव सबै समानहरु तयार भए त्यही दिन सबै मेडिकल क्याबिनेटहरु अस्पतालमा पुर्‍याइयो । यस संकटमा यी उद्योगीहरुको त्यो तात्पर्यताले चिनियाँ व्यापारिक समूहहरुको देश, नागरिक र समाजप्रतिको जिम्मेवारी र जवाफदेहीतालाई दर्शाउँदछ । नेपालमा भने यस संकटको अवस्थामा नागरिकका जीवनसँग खेलवाड गर्ने निजी अस्पताल, मुनाफा कुम्ल्याउन चाहने निजी विद्यालय, नागरिकका स्वास्थ्य उपकरण खरिदमा भ्रष्टाचारको न्याल काँडने सरकारी कर्मचारी र त्यस्ता कर्मचारीहरुको सुरक्षा कवच बन्ने राजनीतिक पार्टीहरु, नागरिक समाज, सञ्चार जगतको क्रियाकलापले गर्दा समाज असफलताको मार्गमा हिँडेको प्रष्ट देखिन्छ । यसमा सरकार तथा गैरसरकारी क्षेत्रको सकारात्मक भूमिका कति हुँदोरहेछ समाजको स्थायित्व र संकटसँग जुध्न भन्ने प्रष्ट हुन्छ ।

हुनान प्रान्तको चान्देका हाओ जीन जो १९९० मा जन्मेका थिए उनले १८ हजार सर्जिकल मास्क दान गरे । उनले त्यो मास्क कसरी ल्याए र दान गरे भन्ने कथा पनि विचित्रको छ । गत वर्ष उनी एउटा सर्जिकल मास्क कम्पनीमा काम गर्दथे । जब त्यस कम्पनीको उत्पादन र व्यापार मन्दि भयो तब कम्पनीले ज्याला वापत उनलाई २० हजार युआन बराबरको मास्क दियो । जब जीनले चार्ड पर्वको बेलामा मास्को अभाव भएको थाहा पाए तब उनले मास्कको आवश्यक भएका व्यक्तिहरुलाई ती मास्कहरु निशुल्क बाँडे । जब कम्युनिस्ट पार्टीका गाउँ कमिटीका सचिवले उनलाइ पैसा दिन चाहे उनले भने देश संकटमा भएको बेलामा म पैसा लिन सक्दिन । यो नै मैले देश प्रति गर्न सक्ने कर्तव्य हो भने । घर परिवारमा पैसाको अभाव हुँदाहुँदै पनि उनले संकटको बेला देखाएको यो उदारताले धेरै चिनियाँ युवाहरुको मन जितेको छ । शायद शक्ति र पदको आडमा सरकारी तथा सार्वजानिक सम्पत्तिहरुका व्रहमलुट मच्चाउन पल्केका हाम्रा देशका व्वाँसाहरुलाई यस प्रकारको कथाले नछोए पनि अधिकांश मेहेनती र राष्टवादी युवाहरुलाई पक्कै पनि यस्ता कथाहरुले उत्प्रेरणा दिने नै छ ।

पहिलो वृद्ध जन अस्पताल को उपप्रमुख ज्याग मिन महामारी क्षेत्रमा जानको लागि घर छोड्नै लाग्दा उनकी छोरीले आँखा भरी आँसुलिँदै कस्सेर अगाँलो मार्दै नजानोस न आमा भनेर रुदै थिइन् तर मिनेले छोरीको आँसु पुछ्दै आमा दैत्यसँग लड्न जादैछु म दैत्यलाइ हराएर छिटै आउँछु तिमी नरोइ बस ल भनेर सम्झाउँदै थिइन् । धेरै गाउँहरुमा नर्सहरु र डाक्टरका घरहरुमा यस्ता दृश्यहरु देख्न सकिन्थ्यो । जनता र देशप्रति अत्यन्त संवेदनशील नर्स र डाक्टरहरुले आफ्नो स्वास्थ्यको प्रवाह नगरी नागरिकको उपचारमा दिनरात लागि रहे भने चिनियाँ नागरिकहरुले उनीहरुको उच्च सम्मानका साथ प्रशंसा गरिरहे । नेपालमा पनि सरकारी अस्पतालमा नर्स र डाक्टले देखाएको सेवा भाव उच्च प्रशंसा लायक छ भने यस संकटमा निजी अस्पताल, ती अस्पतालका मालिकहरुले खेलेको भुमिका आगामी पुस्ताहरुले समेत घृणा गर्न लायक छन भने त्यस्ता अस्पतालका सञ्चालकहरुलाई हरप्रकारका गतिविधिहरुमा सामाजिक वहिष्कार गर्न लायक छन् ।

सारा सहर वसन्त ऋतुको चाड मनाइरहेको थियो । संघाइ जनअस्पताल श्वास प्रश्वास विभागका डाक्टरले दुई वटा खानाको अर्डर गरे । महामारीको अवस्थालाई ध्यानमा राख्दै डाक्टरले डेलिभरी दिने व्यक्तिलाई सचेत गराउँदै भने यदि तपाईंलाई अस्पतालको वातावरण सँग डर लाग्दछ भने कृपया बाटोको पल्लोपट्टी ल्याएर छोडी दिनु होला म त्यहाँबाट खाना लिएर आउछु भने । यसको आधा घण्टा पछि डाक्टरको क्याबिनमा २ वटा अतिरिक्त खानासहित एक नोटमा लेखिएको थियो डाक्टर साहेव दिन लामो छ तपाईंलाइ भोक लाग्न सक्दछ त्यसकारण एउटा भेज र एक ननभेज खाना हाम्रो तर्फबाट पठाएका छौं कृपया स्विकार्नु होला । यहाँलाई चाडको शुभकामना । जब डाक्टले यो देखे उनी निकै भावुक भए र रेस्टुरेन्टको यो सदासयतालाई स्विकार गर्दै सामाजिक सञ्जालमा उच्च सम्मानका साथ पोस्ट गरे । यो पोस्ट देखेपछि एकजना पत्रकार त्यो रेस्टुरेन्ट खोज्दै रेस्टुरेन्टमा पुगेर रेस्टुरेन्टको मालिकलाइ सोध्दछन् । जब मालिकको जवाफ सुन्दछन् पत्रकार पनि भावुक बन्दछन् । अनि भन्छन् सर मेरे लिस्टको सबै भन्दा माथि अब तपाईंको रेस्टुरेन्ट रहन्छ । तपाई जस्ता व्यवसायी प्रति हर चिनियाँले गर्व गर्न सक्दछन् । ती व्यापारीले पत्रकालाई के भनेका थिए भने हामी सबै चाड मनाइरहेका छौं तर डाक्टर साहेव हाम्रो सुरक्षाको लागि खटिरहनु भएको छ । यस्तो अवस्थामा २ वटा खाना अफर गर्नु त मामुली कुरा होइन र ? उनको यस भनाइले उनलाइ आत्म भएको व्यापारी भन्न सकिन्छ ।

मित्र चागले पठाएक यी कथामा नागरिकहरुको स्वस्फूर्तता देख्न सकिन्छ । यी कुनै पनि कथाहरुमा कोरोनाको उपचारको औषधी छैन तर यी यस्ता कथाहरु हुन जसले कोरोना भन्दा निकै शक्तिशाली रोगहरुलाई पनि परास्त गर्न सक्ने मनोबल, भावना र आत्मविश्वास पैदा गर्दछ । यी कुनै पनि कुरा नेपाली समाजले गर्न नसक्ने होइनन तर नेपाली समाज यो गर्न चाहँदैन । चीनमा पनि यो संस्कार एकै रातमा विकास भएको होइन त्यहाँ लामो समय सम्म कम्युनिस्ट पार्टीले नयाँ संस्कार गर्न गरेको लगानीको प्रतिफल हो । हामीले रातारात नयाँ संस्कार निर्माण गर्न त सक्दैनौ तर नेकपा, नेका, सजपा, विवेकशील, साझा पार्टीहरु लगायतका राजनीतिक पार्टीहरुले सामाजिक संस्कार निर्माण गर्न लगानी गर्‍यौं भने हामीले पनि चिनमा जस्तै सबै प्रकारका संकटहरुसँग जुधेर नयाँ समाज निर्माण गर्न सक्दछौं तर के हाम्रा राजनीतिक पार्टीहरु र तीनका नेता तथा कार्यकर्ताहरुमा त्यो हिम्मत र चाहना छ होला ?

*(लामिछाने पोखरा महानगरपालिका सहरी योजना आयोगको उपाध्यक्ष हुनुहुन्छ ।)*

# पोखरा महानगरले थाल्यो फोहोर वर्गीकरण तथा व्यवस्थापन अभियान

पोखरा महानगरपालिकाले घर घरमा फोहोर वर्गीकरण तथा व्यवस्थापन अभियान थालेको छ । महानगरले वडा नम्बर ५, ८, १०, १६, १७, १९, २६ र २७ मा आइतबारदेखि अभियान सुरु गरेको हो । 'छुट्याऔं फोहोर बनाऔं मोहर' भन्ने नाराका साथ अभियानको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले सुरु गर्नु भयो । पोखरा १७ मा भएको कार्यक्रममा मेयर जिसीले यो अभियानलाई राजनीतिक अभियानको संज्ञा दिनुभयो । उहाँले सबै विषयको मूल राजनीति भएकाले सरसफाइ र सभ्यताको अगुवाइ पनि राजनीतिक नेता, कार्यकर्ताले नै गर्नुपर्ने उहाँको भनाइ छ ।




वडा नं. १७

वर्षेनी फोहोर व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएकाले युगसापेक्ष अभियान थालिएको उहाँले बताउनुभयो । मेयर जिसीले भन्नुभयो 'पोखरामा बर्सेनी १० देखि १५ हजार घर थपिन्छन् । अहिले नै फोहोर व्यवस्थापनको उचित योजना नथाल्ने हो भने यो पछि निकै ठूलो चुनौती बन्छ ।'



वडा नं. ८

उहाँले यो अभियानलाई अनुदानमा आधारित नबनाइने प्रस्ट पार्दै बस्ती बस्तीबाट नागरिकको साथको अपेक्षा गरे । उहाँले भन्नुभयो, 'आयआर्जनसँग जोड्दै सहरलाई सफा, सभ्य र नमूना बनाउन सबै पोखरेलीले उत्साहपूर्वका साथ दिने अपेक्षा गरेका छौं ।'




वडा नं. ५

सहरी योजना आयोगका उपाध्यक्ष डाक्ट रामचन्द्र लामिछानेले पोखरामा अहिले निस्किने फोहोरमध्ये ८० प्रतिशत कुहिने खालको भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, ' यो फोहोरबाट कम्पोस्ट मल बनाएर आयआर्जन बढाउन सकिन्छ भने पुनप्रयोग हुने खालका बस्तु आफैं फेरि प्रयोग गर्न सकिन्छ वा बेच्न सकिन्छ । फेरि प्रयोग गर्न नमिल्ने फाल्नैपर्ने १० प्रतिशतभन्दा पनि कम फोहोरमात्रै घरबाट निस्कने वातावरण बनाउन जरुरी छ ।'

पोखरा १७ का अध्यक्ष तीर्थराज

अधिकारीले फोहोरलाई हेर्ने नागरिकको दृष्टिकोण परिवर्तन जरुरी भएकोमा जोड दिनुभयो । उहाँले अहिले विश्वले नै व्यहोर्नु परेको महामारीमा जस्तै यो अभियानमा पनि वडावासीको साथ रहने अपेक्षा गर्नुभयो ।

अभियानलाई क्रमशः सबै वडामा विस्तार गर्ने र वडा अध्यक्षको संयोजकत्वमा प्रत्येक वडामा मूल समिति र सचिवालय समिति गठन गरिने मूल समितिका सहसंयोजक तथा महानगर कार्यपालिका सदस्य राधिका शाही योगीले बताउनुभयो । उहाँले भन्नुभयो, 'अभियानलाई सफल बनाउन चेतना विस्तार र सबैमा जिम्मेवारी बोध जरुरी छ ।'

कार्यक्रममा नेकपा पोखरा १७ सचिव ईश्वरीप्रसाद लम्साल, कांग्रेस पोखरा १७ सचिव डिआर भट्टराई, नेपाल रेडक्रस सोसाइटी पोखरा १७ का सभापति भपिन्द्रराज रेग्मी, पोखरा १७ का वडासचिव ईश्वरीप्रसाद पोखरेल, सन्तोष पौडेल लगायतले बोल्नुभएका थिए । पोखरा ५ मा भएको कार्यक्रममा वडाध्यक्ष धनबहादुर नेपालीले यो अभियान महानगरमा अपरिहार्य भएकाले अब महानगर यसबाटपछि हट्न नसक्ने उल्लेख गर्नुभयो । महानगरका प्रवक्ता समेत रहेका उनले अभियानबाट सभ्य, समृद्ध र स्वस्थ समाज निर्माणका लागि योगदान पुग्ने अपेक्षा गर्नुभयो ।

पोखरा ५ की वडा सदस्य अञ्जु केसीले सरसफाइ नै सभ्यताको पहिचान र समृद्धिको आधार भएको बताउनुभयो । कार्यक्रममा नेकपा ५ का अध्यक्ष विष्णुप्रसाद बराल, कांग्रेसका प्रतिनिधि धनञ्जय पौडेल, वडा सदस्य उज्ज्वल खत्री लगायतले बोल्नुभएको थियो ।

महानगरले फोहोर वर्गीकरण मापदण्ड तयार गर्ने, घर, घरमा ३ प्रकारका फोहोरको वर्गीकरण गर्ने, हाल सञ्चालनमा रहेका संकलन प्रक्रियालाई यथास्थितिमा नै आगामी ४ महिनासम्म निरन्तरता दिने, ४ महिनाभित्रमा फोहोर मैला व्यवस्थापन, मूल्य लगायतका मापदण्ड निर्माण गर्ने जनाएको छ । पोखरामा दैनिक करिब १ सय ८२ टन फोहोर उत्पादन हुने गरेको छ ।

यो अभियान क्रमश महानगरका सबै ३३ वटै वडामा सञ्चालन गर्ने योजना महानगरको छ । अभियान सञ्चालन गर्न पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीको संयोजकत्वमा सरोकारवाला र सम्बन्धित क्षेत्रलाई समेटेर १ सय ४८ सदस्यीय मूल समिति गठन गरिएको छ । पोखरामा २०५५ सालमा ल्यान्डफिल साइट निर्माणको काम अगाडि बढेको र ५९ सालमा सम्पन्न भए पनि २०६१ सालदेखि ल्यान्डफिलमा फोहोर व्यवस्थापन हुँदै आएको छ ।

*पोखरा साउन १८, नेपालदूत डटकम*



वडा नं. १६/१९


वडा नं. १०



वडा नं. २६/२७

# फेरिए सडक बालबालिका



***एकराज गिरी***

हातमा प्लास्टिक र बोरा । प्लास्टिकभित्र नसालु गम (डेनड्राइड) । बोरामा कबाडी सामान । फोहोरसँगै खेल्दै सडक पेटीमा रात बिताउने । यो पोखराका सडकमा केही महिनाअघि देखिएका दृश्य हुन् । बालबालिका काँचो माटो हुन् । उनीहरुलाई जस्तो बनाउन खोज्यो त्यस्तै हुन्छन् । बालबालिकालाई उचित वातावरण पाए सडकमा आउने अवस्थाको अन्त्य गर्न सकिन्छ । चाहिन्छ इच्छा शक्ति । पोखरा महानगरले त्यसलाई व्यवहारमा पुष्टि गरेको छ । विश्वव्यापी रुपमा कोरोना भाइरसको संक्रमण फैलियो । नेपाल सरकारले गत चैत ११ गते देशव्यापी लकडाउन घोषणा गर्‍यो । लकडाउन घोषणा भएसँगै पोखरा महानगरले सडक बालबालिकको उद्धार सुरु गर्‍यो ।

**फोहोर खोतल्ने हातमा कापी, कलम र चुरोट च्याप्ने ओठले राष्ट्रिय गान**

बालबालिका कोरोनाको जोखिममा रहने भएकाले महानगरले चैत १५ गते नै सडकबाट उद्धार गरी अन्नपूर्ण गाँउपालिकाको लेवाडेमा पुर्‍यायो । गैर सहकारी संस्था चिल्ड्रेन नेपालले बनाएको बालगृहमा बालबालिकालाई राखियो । महानगरले २१ जना उद्धार गरी बसमा राखेर त्यहाँ पुर्‍यायो । अहिले १८ जना बालबालिका पाँच महिनादेखि त्यहाँ बस्दै आएका छन् । त्यहाँ उनीहरुको दैनिकी फेरिएको छ । गम सुग्ने, नसामा लठ्ठीदै फोहोर खोतल्ने हातले कापी, कलम र चुरोट च्याप्ने ओठले राष्ट्रिय गीत गाउदै आफनो बानी र व्यवहारमा परिर्वतन गरेका छन् । त्यहाँ कोही गीत गाउँछन्, कोही नाच्छन् त कोही ताली बजाउँदै रमाइलो गर्छन् । संसारभरि कोरोनाको त्रास छाएका बेला उनीहरूका आँखामा चिन्ताको झलक छैन् ।

पोखरा, रत्नचोक बस्ने १७ वर्षीया कोपिला तामाङलाई लेकसाइडबाट उद्धार गरिएको हो । दूधभात खान जाम' भनेर आफूलाई यहाँ ल्याइएको उनले बताए । उनी केही महिनादेखि सडकमा बस्न थालेकी थिइन । सडकमै बस्दा चुरोट र लागुपदार्थ

खान सिके । क्षा ६ सम्म पढेकी कोपिलाको आमाबा र दाइदिदी छन् । दिदीको बिहे भइसक्यो। कोपिलालाई फेरि पढ्ने रहर छ । तर उनलाई घर जान मन छैन। 'घर गएँ भने मलाई ' लाटो रिस' ले पिट्छ,' उनले भनिन्, 'घरमा बस्न मन लाग्दैन। पढ्न पाएँ भने लागुपदार्थ खान पनि छाड्छु।' उद्धार गरिएका मध्ये सबभन्दा बढी उमेरका छन्, १९ वर्षीय अर्जुन खड्का क्षेत्री । पोखराको छोरेपाटन उच्च माविमा दुई कक्षामा चार पटक फेल भएपछि पढ्न छाडेको उनी बताउँछन् । त्यसअघि एयरपोर्टको एउटा स्कुलमा कक्षा १ सम्म पढे । अर्जुनले ६ वर्षकै उमेरदेखि चुरोट खान थाले । एकदिन एयरपोर्ट क्षेत्रमा लुकेर चुरोट सल्काउँदा सलाइको काँटीबाट परालको टौवा जल्यो। त्यसपछि एयरपोर्टको स्कुलमा पढ्न छाडे । हजुरबुबाले चुरोट खाएको देखेर आफूले पनि सिकेको उनको भनाइ छ । बेनी, धारापानीका अर्जुन आमा खोज्दै पोखरा झरे । उनका बुबा रोजगारका लागि विदेश गए । उनी तीन वर्षकै छँदा आमा उनलाई घरमै छाडेर माइत गइन् । माइतबाटै आमाले अर्को बिहे गरिन् । दोस्रो बिहेबाट उनका दुई छोरा छन ( किरण र अविनाश । अविनाश काठमाडौंमा होस्टल बसेर पढ्छन् । लकडाउन सुरू भएपछि पोखरा आएका छन् ।

किरणको भने अर्जुनसँगै सडकको बास भयो । उनी पनि अहिले अर्जुनसँगै चिल्ड्रेन होममा बस्छन् । होटलमा सधैं साहुको गाली खानुपरेपछि उनको दिनचर्या प्लास्टिकका बोतल, फलाम र फोहोरमैला टिप्नमा बित्न थाल्यो ।' दिनको ४/५ सय कमाइ हुन्छ। आम्दानीको आधा पैसा खानमा, आधा चुरोट, रक्सी, गाँजा र गम खर्च हुन्छ,' उनी निर्धक्क सुनाउछन् ।

लकडाउन बेला सडकमै भेटिएकी १२ वर्षीया विनिता श्रेष्ठ साथीले लेकसाइड जाउँ भनेपछि गइन् । पोखरामा बालबालिका क्षेत्रमा काम गर्ने ३५ वटा संघ-संस्था र ४५ भन्दा बढी बालगृहछ छन् । कतिपय संस्थाले खोलेका बालगृह दाताबाट पैसा ल्याउनमै सीमित छन् । यतिका संस्था हुँदा पनि बालअधिकार स्थापित हुन नसकेको बाल अधिकारकर्मी बताउछन् ।

पोखराका महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले केही बालबालिकालाई परिवारसँग मिलन गराउने, केहीलाई बालगृहमा राख्ने र केहीलाई होस्टलमा राख्नेबारे छलफल भइरहेको बताउनुभयो । ' लकडाउन खुलेपछि भेटेसम्मका अभिभावकसँग कुरा गर्छौं,' उहाँले भन्नुभयो, 'त्यसपछि के गर्ने भन्ने निर्णय गर्छौं।' अहिले उनीहरुको आनीबानीमा परिर्वतन आएको छ गुरुङले भन्नुभयो । उनीहरुको पालनपोषण लगायत सम्पूर्ण खर्च महानगरले गदै आएको छ भने भवन चिल्ड्रेन नेपालले भवन उपलब्ध गराएको हो । कोरोना भाइरसको संक्रमणका कारण सबै क्षेत्र प्रभावित छन् । करिब ९० लाख बालबालिका कोरोनाका कारण घरभित्रै बस्न बाध्य छन् । सोमबार राष्ट्रिय बाल दिवस थियो । कोरोनाका कारण बाल दिवसका औपचारिक कार्यक्रमहरु भएनन् । घरभित्रैबाट बाल दिवसको शुभकामना आदान प्रदान गरेर दिवस मनाइएको छ । *पोखरा, २८ भदौ*


# सार्वजनिक हितमा जारी सूचनाहरू

- **पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं।**
- **सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ। बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं। वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं।**
- **प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं। विद्युतीय स्विच अफ गरौं। तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ।**

**पोखरा महानगरपालिका**

# गण्डकी बहुप्राविधिक शिक्षालयमा सिभिल र अटो इन्जिनियरिङको पढाइ

पोखरा महानगरपालिकाद्वारा सञ्चालित गण्डकी बहुप्रविविधक शिक्षालयमा डिप्लोमा इन सिभिल इन्जिनियरिङ र डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङको पढाइ हुने भएको छ । तीन वर्षे कोर्षको लागि शिक्षालयले भर्नाका लागि आवेदन खुला गरिसकेको पोखरा महानगरपालिका शिक्षा महाशाखाले जानकारी दिएको छ ।

एसइई उत्तीर्ण विद्यार्थीले असोज २५ गतेसम्म अध्ययनको लागि आवदेन दिन सक्ने शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले जानकारी दिनुभयो । दुई विषयमा ४८/४८ कोटा निर्धारण गरिएको छ भने विभिन्न छात्रवृत्तिको पनि व्यवस्था गरिएको आचार्यले बताउनुभयो । १० वटा पूर्ण छात्रवृत्ति र ६ वटा कोटा सहुलियत र ३२ वटा कोटा खुला रहेका छन् ।

पोखरा महानगरपालिकाले बजारको मागका आधारमा दक्ष प्राविधिक जनशक्ति उत्पादनको लक्ष्य सहित 'गण्डकी बहुप्राविधिक शिक्षालय' स्थापना गरेको हो । अटोमोबाइल इन्जिनियरिङ सम्बन्धी आवश्यक सीपको अभावमा यहाँका युवा बेरोजगार बस्नुपर्ने बाध्यता रहेको अवस्थामा पोखरा महानगरपालिकाले यस क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य अनुसार अटोमोबाइल इन्जिनियरिङको अध्यापन सुरु गरेको हो । महानगरले प्राविधिक शिक्षा तथा तालिम परिषद् (सिटिइभिटी)बाट सम्बन्धन लिएर वडा नं २९ भण्डारढीकमा स्थापना गरेको बहुप्राविधिक शिक्षालयबाट प्राविधिक विषयमा अध्यापन हुनेछ ।

पछिल्ला वर्षहरुमा तीव्र विकास भएको क्षेत्रमा अटोमोबाइल पर्दछ । स्वदेश भित्रै गाडीका पार्टपुर्जा तथा उपकरणहरुको उत्पादन नभए पनि छिमेकी मुलुकबाट आयात हुन्छ । गाडी तथा यसका पार्टपुर्जाको आयातसँगै यसको मर्मत सम्भारको काम गर्ने अधिकांश जनशक्ति समेत विदेशी नै छन् । उच्च रोजगारी प्राप्तिको क्षेत्र भएपनि देशभित्र सो कामका दक्ष जनशक्ति नहुँदा ठूलो धनराशी बाहिरिएको छ । सिभिल इन्जिनियरिङ अधिकांश प्राविधिक शिक्षालयहरुमा पढाइ हुने भएपनि अटोमोबाइल पढाइ हुने कलेज तथा क्याम्पसहरु नगन्य छन् । इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतको पश्चिमाञ्चल क्याम्पसमा केही वर्ष अघि अटोमोबाइल विषय अध्यापन गरिए पनि पनि हाल सोको पठन पाठन हुँदैन ।

हयस वर्ष पहिलो पटक दुई विषयमा प्राविधिक विषय अध्यापन गरिएपनि शिक्षालयको पूर्वाधार निर्माणपछि प्राविधिक धारका कक्षाहरु समेत थप गरिने छ । सिभिल इन्जिनियरिङका लागि तीन वर्षको १ लाख ९५ हजार शुल्क छ भने अटोमोबाइलको एक लाख ७५ हजार तोकिएको छ । आफ्नै पूर्वाधार नबन्दासम्म शुरुआतमा महानगरले जनप्रकाश माध्यमिक विद्यालयमा कक्षा सञ्चालन गर्ने योजना बनाएको छ । *पोखरा, ३१ भदौ*

### वडा कार्यालयहरुको छात्रवृत्ति

पोखरा महानगरद्वारा सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयमा सिभिल तथा अटो मोबाइल इन्जिनियरिङ अध्ययनका लागि वडा कार्यालहरुले समेत छात्रवृत्ति दिने भएका छन् ।

वडा नम्बर १३ का वडा अध्यक्ष लेखबहादुर तामाङ ' दर्शन लामा'ले फेसबुकमा स्टाटस लेख्दै छात्रवृति सम्बन्धी सूचना सार्वजनिक गर्नुभएको छ । उक्त सूचनामा भनिएको छ, 'पोखरा महानगरद्वारा सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयद्वारा आह्वान गरिएको सिभिल र अटो मोबाइल विषयमा छनोट भएका विद्यार्थी मध्ये वडा नम्बर १३ स्थायी निवासी एक विपन्न तथा जेहेन्दार विद्यार्थीलाई वडा कार्यालयको तर्फबाट तीन वर्षे कोर्ष छात्रवृत्ति प्रदान

गरिने छ ।'

वडा नम्बर १९ का अध्यक्ष तथा सचेतक शोभामोहन पौडेलले फेसबुक स्टाटसमा लेखेर छात्रवृत्तिको समन्वय गरिदिन वडा कार्यालयहरुलाई आह्वान गर्नुभएको छ । वडा नम्बर २७ का अध्यक्ष पूर्णकुमार गुरुङले वडामा बसोबास गर्ने अति विपन्न र जेहेन्दार विद्यार्थीलाई प्राथमिकता दिएर छात्रवृत्ति उपलब्ध गराउने बताउनुभयो । वडा नम्बर २८ का अध्यक्ष निर्मल दियाली सुनारले आफ्नो वडाका २ जनालाई निशुल्क पढाउने बताए ।

वडा नम्बर ५, ७, १३, १८, २०, २१, २४, २६, २७, २८, २९, ३०, ३१ का वडा अध्यक्षहरुले प्रवेश परीक्षामा उत्तीर्ण हुने एक जना आफ्नो वडामा स्थायी बसोबास भएकाहरुलाई छात्रवृत्ति उपलब्ध गराउने पोखरा महानगरपालिका शिक्षा महाशाखाले बताएको छ । वडा नम्बर १,१६,१७,१९,२२,३२,३३ लगायतका वडाहरुले पनि एक जनालाई छात्रवृत्ति उपलब्ध गराउने विषयमा वडा कार्यालयमा छलफल भइरहेको बताएका छन् ।

यो बाहेक गण्डकी बहुप्राविधिक शिक्षालयले सिटिइभिटीबाट छनोट भएर आएका प्रति शंकाय ४ जना, प्रवेश परीक्षा उत्कृष्ट हुने प्रति शंकाय एक जना, महानगर छात्रवृत्ति प्रति शंकाय ५ जना तथा महानगर सहुलियत कोटामा ६ जनालाई छात्रवृत्ति प्रदान गरिने शिक्षालय सञ्चालक समितिका सदस्य एव वडा नम्बर २९ का अध्यक्ष चेतबहादुर गुरुङले बताउनुभयो ।

*पोखरा, असोज ३*

## अटोमोबाइल इन्जिनियरिङ अध्ययन गरेर भविश्य सुनिश्चित गर्न अनुरोध

पोखरा महानगरपालिकाद्वारा सञ्चालित गण्डकी बहुप्राविधिक शिक्षालयले डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङको पढाइ सुरु गर्न लागेकोमा पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन पोखराले स्वागत गरेको छ । एसोसिएसनका अध्यक्ष चन्द्रबहादुर कुँवरले निकालेको विज्ञप्तिमा महानगरको कदमको स्वागत गर्दै शिक्षालयबाट उत्पादन हुने अटो मोबाइल इन्जिनियरबाट यस क्षेत्रमा खड्कुिएको दक्ष जनशक्तिको मागलाई पूरा गर्ने विश्वास लिइएको छ । 'पोखरा महानगरको यो कार्यमा पश्चिमाञ्चल अटो मोबाइल डिलर्स एसोसिएसनले सदैव सहकार्य गर्ने छ,' विज्ञप्तिमा भनिएको छ,'एइई उत्तीर्ण विद्यार्थीलाई अटोमोबाइल इन्जिनियरिङ अध्ययन गरी भविश्य सुरक्षित गर्न आह्वान गर्दछौं ।'

यसैबीच पोखरा महानगरपालिका वडा नम्बर २१ र ३३ वडा कार्यालयले आफ्नो वडामा बस्ने २ जनालाई छावृत्ति उपलब्ध गराउने भएका छन् । वडा नम्बर १५ ले पनि वडामा बसोबास गर्ने शिक्षालयमा अध्ययन गर्न चाहने मध्येबाट एक जनालाई छात्रवृत्ति उपलब्ध गराउने भएको छ ।

शिक्षालयमा अध्ययन गर्न असोज २५ गतेसम्म फारम भर्न सकिने शिक्षालयका निर्देशक लक्ष्मण तिमिल्सिनाले बताउनुभयो । पोखरा २९ भण्डारढिकमा रहेको गण्डकी बहुप्राविधिक शिक्षालयमा डिप्लोमा इन सिभिल इन्जिनियरिङ र डिप्लोमा इन सिभिल इन्जिनियरिङको पढाइ यसैवर्षदेखि सुरु हुँदैछ । *पोखरा, ६ असोज*

## उपप्रमुखसँग महिला कार्यक्रमबाट २ जनालाई छात्रवृत्ति

गण्डकी बहुप्राविधिक शिक्षालयमा सिभिल तथा अटो मोबाइल इन्जिनियरिङ अध्ययनका लागि गरिब तथा जेहेन्दार दुई छात्रालाई पोखरा महानगरले सञ्चालन गरेको उपप्रमुखसँग महिला कार्यक्रम मार्फत छात्रवृत्ति प्रदान गरिने भएको छ । पोखरा महानगरपालिकाका उपप्रमुख एवं कार्यक्रमका संयोजक मञ्जुदेवी गुरुङको अध्यक्षतामा आइतबार बसेको बैठकले दुई छात्रालाई उपप्रमुखसँग महिला कार्यक्रम मार्फत छात्रबृत्ति उपलब्ध गराउने निर्णय गरेको हो ।

'पोखरा महानगरका ३३ वटै वडाका गरिब तथा जेहेन्दार छात्राहरुमध्यबाट दुई जनालाई अध्ययनका लागि लाग्ने सम्पूर्ण खर्च उपप्रमुखसँग महिला कार्यक्रमबाट व्यहोर्ने छौं', उपप्रमुख गुरुङले भन्नुभयो, 'सिभिलमा अध्ययन गर्ने महिलाहरु भएपनि अटोमोबाइल इन्जिनियरिङ अध्ययनमा प्रोत्साहित गर्न छात्रवृत्ति प्रदान गर्ने निर्णय गरेका हौं ।' अध्ययन गर्न चाहने छात्राहरुले असोज २५ गतेभित्र प्रवेश परीक्षाका लागि फर्म भर्न अनुरोध गरिएको छ । ३३ वटै वडाबाट फर्म भरेर प्रवेश परीक्षामा उत्कृष्ट छात्रालाई छात्रवृत्ति प्रदान गरिने छ । शिक्षालय सञ्चालनले यस क्षेत्रमा खड्किएको दक्ष जनशक्तिको मागलाई पूरा गर्ने विश्वास लिइएको छ । *पोखरा, असोज ११*

# अनलाइन मार्फत् किसानको वर्गीकरण फारम भर्न सकिने



पोखरा महानगरपालिकाले अनलाइन मार्फत् किसानको वर्गीकरण गर्ने भएको छ । महानगरमा रहेका सम्पूर्ण किसानहरुलाई परिचयपत्र वितरण गर्नका लागि अनलाइन मार्फत् आवेदन लिन सक्ने गरी वर्गीकरणको प्रक्रिया अगाडि बढाइएको महानगरपालिकाले जनाएको छ । महानगरले तयार पारेको वेवसाइट www.pokharakrishi.com मा राखिएको अनलाइन दर्ता फारम भरेर किसानहरु सूचिकृत हुन सक्नेछन् । सोमबार महानगरका प्रमुख मानबहादुर जिसीले वेवसाइट क्लिक गरी शुभारम्भ गर्नुभयो ।

सो अवसरमा बोल्दै मेयर जिसीले कृषिमा थप जागरण ल्याउन र वास्तविक किसानको पहिचान गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । फारम भर्ने तरिका र यसलाई थप प्रभावकारी बनाउन किसानहरुलाई प्रत्यक्ष रुपमै जानकारी गराउनु पर्नेमा जोड दिनुभयो ।

कृषि क्षेत्रको समग्र विकासको लागि स्रोत साधनको न्यायोचित र प्रभावकारी व्यवस्थापन गरी वास्तविक किसान लाभान्वित हुने सुनिश्चितता कायम गर्न यो प्रणाली महत्वपूर्ण रहेको मेयर जिसीले बतानुभयो । उहाँले स्मार्टसिटी बनाउने अभियानका लागि यस किसिमको कार्य सहयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै महानगरपालिकाका कृषि तथा पशु विकास महाशाखा प्रमुख मनहर कडरियाले फारम भर्न कार्यालय सम्मै धाउनुपर्ने बाध्यता अन्त्यका लागि अनलाइन फारमको व्यवस्था गरिएको बताउनुभयो । कृषकहरुले सबै विवरण घरमै बसेर मोबाइलबाटै पनि भर्न मिल्ने गरी व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । फारममा कृषकको सम्पूर्ण विवरण भरेर पेश गरेपछि उक्त विवरणकै पहिचान गर्न सहज हुने उहाँको भनाइ थियो । कोरोना भाइरसको महामारीका बेला कार्यालयमा भिडभाड गर्नु भन्दा अनलाइनबाटै काम गर्दा छरितो पनि उहाँको भनाइ छ ।

कृषि क्षेत्रमा संलग्न कृषकहरुलाई संलग्न तालिकामा दिइए अनुसारको विवरण अनलाइनबाट भर्न उहाँले अनुरोध गर्नुभयो । किसानहरुले पेश गरेको विवरण सम्बन्धित वार्डले रुजु गरी सिफारिसका साथ महानगर कृषि तथा पशु विकास महाशाखामा पठाउने र सम्बन्धित किसानले परिचयपत्र र वर्गीकरणसहितको कार्ड प्राप्त गर्ने जानकारी दिनुभयो । उक्त कार्यविधिमा केही परिवर्तन भएकोले विगतमा कार्ड लिएका किसानहरुले पनि पुन फर्म भर्न उहाँले अनुरोध गर्नुभएको छ । *पोखरा १२ असोज ।*

# बालबालिकालाई शैक्षिक सामग्री वितरण




पोखरा महानगरपालिकाले सडकबाट उद्धार गरेर बालगृहमा राखेका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको छ । राष्ट्रिय बाल दिवसको अवसरमा पोखरा महानगरपालिकाले झोला, कापी, कलम र स्विटर वितरण गरेको हो । पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले बालगृहमा रहेका बालबालिकालाई सामग्री वितरण गर्नुभएको हो । कोरोना भाइरसको संक्रमणसँगै सरकारले चैत ११ गतेबाट लकडाउन घोषणा गरेपछि पोखराका विभिन्न ठाँउबाट उद्धार गरी अन्नपूर्ण गाउँपालिका लेवाडेमा रहेको चिल्ड्रेन नेपालको बाल गृहमा उनीहरुलाई राखिएको छ । बाल गृहमा १८ जना बालबालिका रहेका छन् ।

छ महिनादेखि उनीहरुको पालन पोषणको सम्पूर्ण खर्च पोखरा महानगरले गरेको छ भने आवासका लागि भवन चिल्ड्रेन नेपालले उपलब्ध गराएको छ । उद्धार गरिका बालबालिका मध्य केहीले पढने इच्छा ब्यक्त गरेकाले उनीहरुलाई पढने वातावरण बनाउन महागनरले तयारी गरेको उपप्रमुख गुरुङले बताउनुभयो । उहाँले केहीलाई सीप सिकाएर स्वरोजगार बनाएर परिवारमा पुर्नस्थापित गराउने गरी छलफल भइरहेको बताउनुभयो ।

सामाग्री हस्तान्तरण कार्यक्रममा पोखरा महानगर सामाजिक विकास महाशाखा महिला अधिकृत विष्णुमाया पौडेलले बाल दिवसको अवसरमा अन्य औपचारिक कार्यक्रम गर्ने अवस्था नरहेकाले महानगरले उद्धार गरेका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको बताउनुभयो ।

पोखरा ३० भदौ

## हाम्रो अनुरोध

- सफा सुन्दर महानगर निर्माणमा सबैले मिलेर काम गरौं ।
- हरियाली सहर निर्माण गर्न सबै नगरबासी जुटौं ।
- पर्यटकलाई सधै हसिलो भएर स्वागत गरौं
- हाम्रा पर्व र सस्ंकृतिको संरक्षण गरौं

# महिलालाई उद्यमी बनाउँदै महानगर

**महिलाहरूलाई उद्यमशीलताको पाटोसँग जोड्दै आत्मनिर्भर बनाउने योजना महानगरको रहेको छ ।**

**एकराज गिरी**



**उपप्रमुखसँग महिला कार्यक्रम अन्र्तगत पोखरा महानगरपालिक वडा नम्बर १९ को गोस्तेघाटमा सञ्चालन गरिएका झोला उद्योगको अनुगमन गर्दै पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङ लगायत।**

श्रीमानहरु दिनभर काममा तर श्रीमतीहरु गफमा व्यस्त । घर खर्च चलाउन श्रीमानकै भर पर्नुपर्ने अवस्था। अनि आफ्नो आम्दानी नहुँदा महिलाहरु पुरुषसँग आश्रित भएर बस्दा हेपिनुपर्ने यो नेपाली समाजको अवस्था हो । आर्थिक रुपमा सवल र सक्षम नहुँदा नेपाली महिलाहरु समाजमा पछाडि परेको अनुभूति महिलाहरुले गर्दै आएका छन् । त्यसैले महिलाहरुलाई उद्यमशीलता मार्फत आत्मनिर्भर र स्वरोजगार बनाउने अभियान अन्तर्गत पोखरा महानगरपालिले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरेको छ । महानगरले विगत दुई वर्षदेखि यो कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा तीन करोड रुपैयाँ लगानी गरेको छ भने गत आर्थिक वर्ष २०७६/७७ मा ३ करोड विनियोजन गरेपनि कोरोना भाइरसको संक्रमणले गर्दा २ करोड लगानी गरेको छ । चालु आर्थिक वर्षका लागि पनि ३ करोड विनियोजन गरिएको पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो। उपप्रमुखसँग महिला कार्यक्रम मार्फत सिप सिकेर बसेका आर्थिक अवस्था कमजोर भएका विपन्न, हिंसा पीडित, एकल महिला र अपांग महिला वा अपांगता भएका व्यक्तिका परिवारको महिलालाई आर्यआर्जन मार्फत आत्मनिर्भर बनाउने उद्देश्यले सस्तो व्याजमा कर्जा प्रवाह गर्ने उपप्रमुख गुरुङले बताउनुभयो । उहाँका अनुसार एक लाख भन्दा तल ३ प्रतिशत र त्यसभन्दा माथि ५ प्रतिशतमा कर्जा प्रवाह गरिने छ भने सहकारीसँग सहकार्य कार्यक्रम अन्तर्गत सहकारीलाई तीन प्रतिशतमा महानगरले उपलब्ध गराउने र उनीहरुले ६ प्रतिशत भन्दा बढि लिन नपाउने र लक्षित वर्गका महिलालाई कर्जा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त कार्यक्रम मार्फत आर्थिक वर्ष २०७५/७६ मा ७६ जनालाई व्यक्ति समूह, उद्योग र सहकारीलाई लगानी गरिएको छ । गत वर्ष व्यक्ति, समूह सहकारी र समूह गरी १ सय २१ वटासँग सम्झौता गरिएको भएपनि करिब ७५ जनालालाई मात्र कर्जा लगानी गरिएको छ । कोरोनाका कारण बजेट पर्याप्त नहुँदा तीन करोड विनियोजन भएपनि दुई करोड मात्रै निकासा भएकाले सबैलाई उपलब्ध गराउन नसकिएको उपप्रमुखसँग महिला कार्यक्रमका सदस्स सचिव विष्णुमाया पौडेलले बताउनुभयो ।

अघिल्लो वर्ष सम्झौता भएर ऋण नपाउनु भएका व्यक्तिहरुलाई यस आर्थिक वर्षमा प्राथमिकतामा राखिने पौडेलले बताउनुभयो । पहिलो पटक

उक्त कार्यक्रमबाट पोखरा वडा नम्बर १९ मा झोला बुन्ने उद्योग सञ्चालन गरिएको छ । कार्यक्रम अन्तर्गतको १३ लाख रुपैयाँमा तानबाट झोला बुन्ने उद्योग सञ्चालन गरिएको हो । उक्त उद्योगमा १६ जना महिलाले रोजगारी पाउनु भएको छ । उक्त उद्योगबाट उत्पादित झोला पोखरा महानगरको भगिनी सम्बन्ध स्थापित जापानको कोमागाने सहरमा निर्यात गरिएको छ । करिब ८० हजार मूल्य बराबरको झोला जापान निर्यात गरिएको छ । त्यस्तै पोखराकै १२ नम्बर वडामा ५ लाखमा सिलाई तालिम केन्द्र स्थापना गरिएको छ । त्यहाँ ३० जना भन्दा बढिले रोजगारी पाउनुभएको छ । पोखरा वडा नम्बर ५ मा सफल एग्रो तथा प्याकेजिङ उद्योग स्थापना गरिएको छ । उक्त उद्योगमा १ सय ५० भन्दा बढीप्महिला आवद्ध हुनुहुन्छ ।

उपप्रमुख गुरुङले महिलाहरु उद्यमी बन्दै आर्थिक रुपमा आत्मनिर्भर बनाउदै अव आर्थिक रुपमा सवल र सक्षम हुन उद्यमी बन्नुपर्ने बताउनुभयो । उहाँले महानगरभित्र सञ्चालन भएका उद्योगहरुले उत्पादन गरेका सामाग्रीको बजारीकरण गर्न उपहार बिक्री केन्द्र स्थापना गर्ने तयारी समेत गरिएको बताउनुभयो । महानगरले गत असारमा ल्याएको नीति, कार्यक्रम र बजेटमा उपहार केन्द्र स्थापना गर्ने बताएको छ । महिलाहरुलाई उद्यमशीलताको पाटोसँग जोड्दै आत्मनिर्भर बनाउने योजना महानगरको रहेको छ उहाँले भन्न्नुभयो,‘महिलाहरु आर्थिक रुपमा सक्षम नहुदाँ समाजमा हेपिएका छन्, त्यसैले अव महिला स्वरोजगार बन्नुपर्छ ।’ ‘महिलालाई लक्षित गरेर उपप्रमुखसँग महिला कार्यक्रम ल्याएका हौं ’उहाँको भनाइ छ ।

पोखरा, भदौ १० गते

# नामग्याल थुप्तेन फाउन्डेसनको ५० हजार




पोखरा महानगरपालिकाको विपद् व्यवस्थापन कोषमा पाल यूवाम नामग्याल थुप्तेन दारगेलिङं (स्कुल) फाउन्डेसन पोखराले ५० हजार रुपैयाँ सहयोग गरेको छ ।

गण्डकी प्रदेशका सांसद इन्द्रधारा विष्ट, पाल यूवाम नामग्याल थुप्तेन विद्यालयका प्रिन्सिपल ग्याच्छो गुरुङ, शिक्षक छिमे गुरुङ र सोनाम लामा सतिको टोलीले पोखरा महानगरका प्रमुख मानबहादुर जिसी र उपप्रमुख मञ्जुदेवी गुरुङलाई संयुक्त रुपमा उक्त रकमको चेक हस्तान्तरण गर्नुभयो ।

कोरोना भाइरसको कहरसँगै फेरि बाढी पहिरोको विपद्को सामना गर्नुपरेको बताउँदै सांसद इन्द्र धारा विष्टले संकटका बेला सबैले सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले उक्त फाउन्डेसन महानगरमा रहेकाले दुखमा साथी बनेको बताउनुभयो । पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले कोरोनासँगै बाढी पहिरोले नागरिकले ज्यान गुमाएको बताउँदै दुखमा सबैले साथ दिनुपर्ने बताउनुभयो ।

फाउन्डेसनले पोखरा महानगरपालिका भित्र ५ सय परिवारलाई राहत समेत वितरण गर्ने भएको छ । कोरोनाबाट चुल्हो बाल्न अप्ठयारो भएका र बाढी पहिरोबाट विस्थापित हुनुपरेका परिवारलाई राहत वितरण गर्ने बताइएको छ । महानगरसंगको समन्वयमा उक्त राहत वितरण गरिने छ ।

*पोखरा, २ साउन*

## ज्येष्ठ नागरिक दिवस

# पोखरा महानगरद्वारा दुई ज्येष्ठ नागरिकलाई सम्मान




अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा पोखरा महानगरपालिकाले २ ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ। ३० औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसमा १ सय ७ वर्षीया कलावती गिरी र १ सय ४ वर्षीय तेजबहादुर गुरुङलाई महानगरले सम्मान गरेको हो । कोरोना भाइरसका कारण महानगरले दुबै जनालाई उहाँहरुकै घरमा पुगेर सम्मान गरेको हो ।

पोखरा ११ रानीपैवाका गुरुङलाई पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी र पोखरा २४ की गिरीलाई पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले नगद १० हजार १ सय २५, फूलमाला र दोसल्ला ओढाएर सम्मान गर्नुभएको हो । महानगरले प्रत्येक वर्ष ज्येष्ठ नागरिक मध्ये २ जनालाई सम्मान गर्दै आएको छ । महानगरले उनीहरुलाई नगर पिता र नगर आमाको रुपमा सम्मान गरेको हो ।




कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका प्रमुख जिसीले हाम्रो आनीबानी र खानपानमा ख्याल नगर्दा आफ्नो आयु आफैले घटाइहेको बताउनुभयो । 'नियमित अनुशासनमा बस्ने र खानपानमा ख्याल गर्ने हो भने आयु बढ्छ भन्ने मेरो विश्वास छ,' जिसीले भन्नुभयो । उहाँले सम्मानले सकारात्मक सोचको विकास गराउने बताउनुभयो । ज्येष्ठ नागरिकको मनमा चोट पुग्ने काम कसैले पनि गर्न नहुने र उनीहरुलई सम्मानपूर्वक बाच्ने वातावरण मिलाउनु पर्ने भनाइ उहाँको थियो । सम्मानित गुरुङले खादा लगाएर महानगर प्रमुखलाई आर्शीवाद दिनुभएको थियो ।

उपप्रमुख गुरुङले ज्येष्ठ नागरिकलाई माया, सद्भाव र सम्मान व्यक्त गर्नुपर्ने बताउनुभयो । ज्येष्ठ नागरिकहरुलाई परिवारका सदस्यहरुले कुनै दुःख कष्ट नदिई पालनपोषण गर्नुपर्नेमा जोड दिँदै नेपालको संविधानले ज्येष्ठ नागरिकको संरक्षणका बारेमा स्पष्ट व्यवस्था गरेको बताउनुभयो ।

स्थानीय सरकार पोखरा महानगरले पनि ज्येष्ठ नागरिकको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको बताउँदै यस आर्थिक वर्षबाट पोखरा महानगरपालिकाभित्र सार्वजनिक यातायाताको भाडा निशुल्क गर्ने गरी २० लाख रुपैँयाँ बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । सम्मानित महानगर माता गिरीले आफ्नै घरमा सम्मानित हुन पाएकोमा खुशी लागेको बताउनुभयो । आफनै घरमा सम्मान हुने अवसर प्राप्त गरे,' उहाँले भन्नुभयो, तपाइहरु सबैको राम्रो होसा'

वडा नम्बर २४ का अध्यक्ष ओमप्रसाद सुवेदीले आफ्नै वडाको ज्येष्ठ नागरिकलाई सम्मान पाउनु सुखेद भएको बाउँदै सम्मानित व्यक्तित्वको सुस्वास्थ्य र दीर्घायूको कामना गर्नुभयो। कार्यपालिका सदस्य सन्तु सुवेदीले ज्येष्ठ नागरिकलाई अपमान र हेयको दृष्टिले हेर्न नहुने बताउनुभयो । वडा नम्बर ११ अध्यक्ष मोहनप्रसाद बास्तोलाको अध्यक्षतमा भएको कार्यक्रममा नगर सदस्य तीर्था गुरुङ र पोखरा महानगरपालिकाको सामाजिक विकास महाशाखाका अधिकृत गीता न्यौपाने निरौनाले ज्येष्ठ नागरिकको बारेमा बोल्नु भएको थियो । *पोखरा, १५ असोज*

# महानगरको शिशुवा अस्पतालमा सल्यक्रियासहितको प्रसूति सेवा



पोखरा महानगरपालिका अन्तर्गत लेखनाथको शिशुवा अस्पतालमा पहिलो पटक सल्यक्रियासहतिको प्रसूति सेवा उपलब्ध गराइएको छ । शिशुवा अस्पतालका प्रसूति रोग विशेषज्ञ डाक्टर रुपेश सिंह बस्नेत नेतृत्वको चिकित्सक टोलीले एक महिलाको सफल सल्यक्रिया गरेको हो । सल्यक्रियामा अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट प्रतिभा कोइराला, डाक्टर सुशील तिमिल्सेना, डाक्टर सरला लामिछाने, नर्सिङ अधिकृत यशोधा थपलिया, नर्सिङ निरीक्षक भगवती पाण्डेले सहयोग गर्नुभएको थियो ।

बारा जिल्लाको कोहल्बी नगरपालिका–८, नयाँबस्ती घर भई पोखराको शिशुवामा बस्दै आएकी १८ वर्षीया रीता श्रेष्ठको सफल सल्यक्रिया गरीप्रसूति गराइएको अस्पतालका मेडिकल सुपरिन्टेडेन्ट प्रतिभा कोइरालाले जानकारी दिनुभयो ।

सल्यक्रियाबाट जन्मिएको बच्चाको तौल तीन दशमलव पाँच केजी रहेको जानकारी दिँदै टोलीको नेतृत्व गरेका चिकित्सक बस्नेतले आमा र बच्चाको स्वास्थ्य अवस्था सामान्य रहेको बताउनुभयो ।

अस्पतालबाट यसअघि सामान्य सुत्केरी सेवा उपलब्ध हुँदै आएकोमा अबदेखि शल्यक्रिया मार्फत पनि प्रसूति सेवा सुरु भएको कोइरालाले बताउनुभयो । लेखनाथ क्षेत्रमा सल्यक्रिया मार्फत प्रसूति गराउन पोखरासम्मै जानुपर्ने बाध्यता हटेको बताउँदै, मेसु कोइरालाले अस्पतालका सेवाहरुलाई थप सुधार गरिँदै लगिने समेत बताउनुभयो ।

तत्कालीन स्वास्थ्यमन्त्री खगराज अधिकारीको पहलमा प्रसूति सेवाका लागि आवश्यक पूर्वाधार तयार भएको उल्लेख गर्दै, मेसु कोइरालाले त्यसमा पोखरा महानगरका प्रमुख मानबहादुर जिसी र उपप्रमुख मञ्जुदेवी गुरुङले थप सहयोग र हौसला प्रदान गर्नुभएको बताउउनुभयो । १५ शैय्याको अस्पतालमा जनरल ओपिडी, फार्मेसी, ल्याब परीक्षण एक्सरे, इसिजी, एचआइभि संक्रमितका लागि एआरभी, स्वास्थ्य बिमासहित एम्बुलेन्स सेवा सञ्चालनमा रहेको मेसु कोइरालाले बताउनुभयो । २०७३ साल देखि पोखरा महानगरपालिका अर्न्तगत आएपछि अस्पताललाई दक्षजनशक्ति सहित स्तरोन्नती गर्दै लगिने तयारी महानगरपालिकाको रहेको छ ।

**नवराज सापकोटा,** *पोखरा १८ भदौ*

# शिशुवा अस्पताललाई ५० शैय्यामा स्तरोन्नति गरिन्छ : प्रमुख जिसी




पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले शिशुवा अस्पताललाई ५० शैय्याको पुऱ्याउने लक्ष्य रहेको बताउनुभएको छ । अस्पतालमा पहिलो पटक सल्यक्रिया मार्फत बच्चा जन्माएकी रीता श्रेष्ठलाई सुत्केरी पोषण सामग्री हस्तारणपछि आयोजित अन्तर्क्रियामा प्रमुख जिसीले बताउनुभएको हो ।

उहाँले अहिले १५ शैय्या रहेको अस्पताललाई साविक लेखनाथ नगरपालिकाको जग्गामा निर्माण हुने विशिष्टिकृत बाल अस्पतालसँगै स्तरोन्नति गरिने बताउनुभयो ।

महानगरपालिकाको स्वामित्वमा रहेको शिशुवा अस्पतालमा न्यून जनशक्तिका बीच सल्यक्रिया मार्फत प्रसूति सेवा सुरु भएको भन्दै, थप जनशक्तिका लागि पहल गर्ने उल्लेख गर्नुभयो । प्रमुख जिसीले सल्यक्रियाको नेतृत्व गरेका चिकित्सकसहित अस्पताल व्यवस्थापन समितिलाई महानगरको तर्फबाट धन्यवाद समेत दिएका थिए ।

सोही क्रममा महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले अस्पतालमा प्रसूति सेवा सुरुभएपछि लेखनाथ र आसपासका बासिन्दा पोखरासम्म धाउनु पर्ने बाध्यताको अन्त्य भएको उल्लेख गरिन । प्रसूतिका लागि आपतकालीन अवस्थामा ४५ मिनेट लगाएर पोखरासम्म धाउँदा आमा र बच्चाको स्वास्थ्य जोखिम हुने गरेको उल्लेख गर्दै, उपप्रमुख गुरुङले अस्पताललाई गुणस्तरीय बनाउन महानगरले जोड दिने बताउनुभयो । सुरक्षित प्रसूति सेवा शिशुवामै पाइन्छ भन्ने विश्वास दिलाउन पनि उहाँले चिकित्सकको टोलीलाई आग्रह गर्नुभयो ।

महानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख हेमन्त शर्माले सल्यक्रियाबाट पहिलो बच्चाको जन्म भएपनि आगामी दिनमा विशेषज्ञीय सेवाका चिकित्सकको व्यवस्थापन चुनौति रहेको बताउनुभयो । उहाँले विभिन्न परीक्षण, ल्याब लगायतका सेवा र सुविधा थप्नु पर्नेमा जोड दिए ।

शिशुवा अस्पतालका मेडिकल सुपरिन्टेडेन्ट प्रतिभा कोइरालाले सबैको सहयोगबाट अस्पतालमा पहिलो पटक सल्यक्रिया मार्फत प्रसूति सेवा उपलब्ध गराउन सकिएको उल्लेख गर्नुभयो । उहाँले न्युन रहेको स्रोत र साधनलाई चुनौति रुपमा लिँदै त्यसलाई अवसरका रुपमा परिण गर्ने प्रयास गरिएको बताउनुभयो ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष डा. नारायण ओझाले शिशुवा अस्पतालको सेवाबाट लेखनाथका मात्रै नभई मादी र रुपा गाउँपालिकासहित कास्कीको पूर्वीभेगसँग जोडिएका लम्जुङका विभिन्न स्थानका बासिन्दा लाभान्वित हुने बताउनुभयो । उहाँले मातृ तथा शिशुसँग जोडिएका चिकित्सक, जाँच र ल्याबको व्यवस्था हुनुपर्नेमा जोडदिनुभयो ।

**नवराज सापकोटा,** *पोखरा २२ भदौ*

# वडा कार्यालयमै नर्सरी, किसानलाई सहज




**पोखरा महानगर वडा नम्बर २९ मा स्थापना गरिएको सामुदायिक नर्सरीबाट बिरुवा बिक्री गदै। महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरिया र  कृषि सञ्जाल २९ का पदाधिकारी।**

पोखरा महानगरपालिकाले सामुदायिक नर्सरी स्थापना गरेको छ । महानगरले वडा कार्यालय भित्रै नर्सरी स्थापना गरी सस्तो मूल्यमा, गुणस्तरीय बेर्ना बिक्री गर्ने योजनासहित सामुदायिक नर्सरीको अवधारणा ल्याएको महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो ।

अघिल्लो आर्थिक वर्षमा ९ वटा वडामा सामुदायिक नर्सरी स्थापना गर्ने कार्यक्रम ल्याएको थियो तर योजनाका कार्यान्वयन गर्ने तयारी गर्दै थियौं कोरोना भाइरसका कारण सफल हुन सकेन्,' उहाँले भन्नुभयो, 'पोखरा वडा नम्बर २९ मा भने फागुनमा नर्सरी स्थापना गऱ्यौं ।'  पोखरा महानगरले वडा वडामा कृषि सञ्जाल स्थापना गरेको छ । वडामा नर्सरी स्थापनाकालागि प्लाटिक घर निर्माण, बिरुवा उमार्ने लगायतका सामग्रीका लागि २ लाख ४० हजार रुपैंयाँ खर्च महानगर कृषि शाखाले गरेको छ । उक्त नसरीको व्यवस्थापन गर्ने जिम्मेवारी कृषि सञ्जाललाई दिएको छ । 'बिरुवा आवश्यक पर्नेहरु वडामा आउने र त्यहाँबाट खरिद गरेर लैजाने व्यवस्था गरेका छौं, कृषि महाशाखा प्रमुख कडरियाले भन्नुभयो,'नागरिकहरु वडामा आउनुहुन्छ, त्यहा ँआएकाहरुलाई आवश्यक पर्ने तरकारी, फलफूल र फूलका बिरुवा किनेर लैजानुहुन्छ ।'

कृषि सञ्जाल पोखरा २९ का अध्यक्ष होमनाथ पौडेलले वडाका तीन ठाँउमा ४० जनालाई तालिम दिएपछि अहिले उहाँहरु कृषिमा लाग्नुभएको बताउनुभयो । 'सामुदायिक नसरीमा पहिलो चणमा २१ हजार बिरुवा बिक्री गरेका छौं,' उहाँले भन्नुभयो, 'कृषि सञ्जालमा ३९ जना किसान दर्ता भएका छन्। तर १ सय ५० किसानले बिरुवा किनेर लागेका छन् ।' वडा कृषि सञ्जालका सदस्य शिवमणि भट्टराईले भन्नुभयो,'गुणस्तरीय बिरुवा उत्पादन गर्ने र सस्तोमा बिरुवा उपलब्ध गराउने उद्देश्य सहित सामुदायिक नर्सरी स्थाना गरिएको हो ।'

उनका अनुसार तरकारीका बेर्ना तीन रुपैंयाँ र सयपत्रीफूलका बेर्ना २० रुपैंयाँमा बिक्री गरिएको छ । पैसा बाहिरिएको छ, त्यसैले बिरुवा आफैले उत्पादन गरेर वडामा बिक्री गर्दा आर्यमा वृद्धि हुने भट्टराईले बताउनुभयो । नर्सरीबाट बेर्ना बिक्री भएको पैसा कृषि सञ्जालले राख्ने र त्यही लगानी गर्ने गरी सामुदायिक नसरीको अवधारणा ल्याइएको महानगरले जनाएको छ । सामुदायिक नर्सरीमा अगौटे काउली, बन्दा, ब्रो काउली, तथा सयपत्री फूलका बिरुवा बिक्री हुँदै आएको छ । *पोखरा, साउन २६*

# छतमा तरकारी र फलफूल, बिक्री गर्न उपज केन्द्र




नेपालका अधिकांश खेतबारी बाँझै छन् । सहरका खेती योग्य जमिनमा क्रंकिटका घर ठडिएका छन् । तीनै घरका छतमा यतिबेला घिरौला, करेला, लौका, कागती फलेका छन् । 'खेती योग्य जमिनमा घर बनाएर भाडाले पैसा पाएपनि अर्गानिक तरकारी खान पैसाले नपाइँदो रहेछ', पोखरा-८ की सावित्री घिमिरेले भन्नुभाये । पोखराको नागढुंगाका १ सय ३० घरका छतमा तरकारी फलेका छन् । छतमा फलेको अर्गानीक तरकारीबाट आम्दानी समेत भएको छ । त्यसैले घरको छतमा उत्पादन गरेको तरकारी बिक्री वितरण गर्न पोखरा महानगरपालिका वडा नम्बर–८ स्थित नागढुंगा टोल विकास संस्थाले कृषि उपज संकलन बिक्री सहजीकरण केन्द्र स्थापना गरेको छ ।

घरायासी रुपमा उत्पादन भएको तरकारी बिक्रीका लागि आफ्नै टोलका सदस्यहरुलाई बिक्री वितरण गर्ने गरी केन्द्र सञ्चान गरिएको टोल विकास संस्थाका अध्यक्ष डम्बरराज सुवेदीले बताउनुभयो । उपज केन्द्रको महानगर वडा नम्बर ८ का अध्यक्ष रुद्रनाथ बरालले उद्घाटन गर्नुभयो । अध्यक्ष बरालले कौशी खेती अभियानमा समाजले अग्रणी भूमिका खेलेको बताउँदै तरकारी उत्पादन महानगरबासीकै लागि अनुकरणीय हुने बताउनुभयो । उत्पादन गरेको तरकारी प्रवर्द्धनमा वडाले सधैं सहयोग गर्ने बताउनुभयो । कार्यक्रममै समाजका अध्यक्ष डम्बरराज सुवेदीको घरमा उत्पादित करिब ४५ किलो अर्गानिक तरकारी स्थानीयहरुलाई बिक्री गरिएको थियो ।

टोलभित्र रहेका सदस्हरुले उत्पादन गरेका तरकारी संकलन गरेर बिक्री गर्ने उद्देश्यले केन्द्र सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । कौसी खेतीसँगै घरबाट उत्पादन हुने ८० प्रतिशत फोहोर व्यवस्थापन भएको र ६० प्रतिशत तरकारी उत्पादन भएको बताइएको छ । १ सय ३० घरधुरी मिलेर केन्द्र स्थापना गरिएको हो । पोखरा महानगरपालिक कृषि महाशाखाका अनुसार वडा नम्बर ८ मा मात्रै गत आर्थिक वर्षमा २ हजार जनाले कौशीखेती तालिम लिएका थिए । तालिम लिएका मध्य ५० प्रतिशतले कौशीमा तरकारी खेती गरेको महानगर कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो । उहाँले कोरोना भाइरसका कारण भएको लकडाउनको समयमा छतमा तरकारी खेती गर्नेको संख्या वृद्धि भएको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार पोखरा महानगरले एक घर एक कागती बिरुवा वितण गरेको थियो । गत वर्ष बारमासे कागतीको बिरुवा एक सय घरमा वितरण गरेका थियौं, अहिले कागती उत्पादन भएको छ । उहाँका अनुसार छतमा लगाएको कागती छिटो फलेको छ । कागती फलेपछि सबै उत्साहित भएको उहाँले बताउनुभयो ।

कौशीखेतीबाट मात्रै मासिक ५० करोडको तरकारी उत्पादन गर्न सकिने पोखरा महानगर कृषि महाशाखाले जनाएको छ । पोखरा महानपालिका कृषि महाशाखाका प्रमुख मनहर कडरियाले पोखरा महानगरका करिब १ लाख ५० हजार घरमा कौशी खेती गर्दा मासिक करिब ५० करोड सम्मको तरकारी फलाउन सकिने दाबी गर्नुभयो । घरबाट निस्कने कुहिने फोहोरलाई मल बनाएर कौशी खेती गर्न सकिने उहाँको भनाइ छ । 'तरकारी उत्पादनमा मल बिउ व्यवस्थापन गर्ने हो भने छिटो र राम्रो उत्पादन हुन्छ उहाँले भन्नुभयो, ' बारीमा भन्दा कौसीमा राम्रो र छिटो फलेको छ ।'

उहाँले थप व्यवस्थित गरेर अभियानका रुपमा कौशीखेती गर्नेहो भने मासिक ५० करोडको तरकारी उत्पादन हुने सम्भावना भएको बताउनुभयो । घरको छतमा प्लास्टिक घरको अवधारणा ल्याएर उत्पादनमा सहज बनाउने हो भने महानगर तरकारीमा आत्मनिर्भर बन्नसक्छ । पोखरा महानगर कृषि महाशाखाले कम्पोस्टबिन ५० प्रतिशत अनुदानमा वितण गर्दै आएको छ । पोखरा महानगरले फोहोरको वर्गीतकरण गर्दै कम्पोष्ट मल बनाएर कौशीखेतीलाई प्राथमिकतादिने नीति अनुसार अभियान समेत सुरु गरेको छ ।
*पोखरा, साउन २३*

# महानगरलाई भारतीय पेन्सन क्यापद्धारा स्वास्थ्य सामग्री प्रदान




**पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीलाई स्वास्थ्य सामग्री हस्तान्तण गदै भारतीय पेन्सन क्याम पोखराका प्रमुख सेनानी शशांक त्रिपाठी लगायत।**

पोखरा महानगरपालिकालाई भारतीय पेन्सन क्याम पोखराले स्वास्थ्य सामग्री सहयोग गरेको छ । पेन्सन वितरण कार्यालय पोखराका प्रमुख सेनानी शशाँक त्रिपाठीले पोखरा महानगर प्रमुख मानबहादुर जिसीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभयो । पेन्सन क्याम्पले एक सय थान पञ्जा र एक सय थान गम्बुट प्रदान गरेको हो ।

सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै महानगर प्रमुख जिसीले कोरोना भाइरसको संक्रमण विरुद्धको लडाईंमा भारतीय पेन्सन क्यामले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै लकडाउन खुलेपनि संक्रमण नसकिएको बताउनुभयो । उहाँले थप सजक र सर्तक बन्नुपर्नेमा जोड दिनुभयो । भारतीय पेन्सन वितरण कार्यालय पोखराका प्रमुख सेनानी शशांक त्रिपाठीले कोरोना नियन्त्रणमा सानो भएपनि आफनो तर्फबाट केही सहयोग गरौं भन्ने उद्देश्यले सहयोग गरेको बताउनुभयो ।

उहाँले यसअघि पोखरा महानगरको वडा नम्बर १० र १५ मा खाद्यान्न वितरण गरेको बताउनुभयो। उहाँका अनुसार जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय रामबजारलाई स्वास्थ्य सामग्री प्रदान गरेको बताउनुभयो । कार्यक्रममा पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ र प्रमुख प्रशासकीय अधिकृत महेश बरालले स्वास्थ्य सामग्री प्रदानले कोरोना संक्रमण नियन्त्रमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

*पोखरा, २२ साउन*

## खपौंदीमा खुल्यो किसान बजार

# 'स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्छौं'




पोखराको वडा नं १८ स्थित खपौंदीमा फेवा किसान बजार खुलेको छ । कृषकहरुले उत्पादन गरेका उपभोग्य वस्तुहरु सहज र सिधा उपभोक्तासम्म पुऱ्याउनका लागि पोखरा महानगरपालिकाको सहयोग र स्थानीय कृषकहरुसँगको साझेदारीमा बजार सञ्चालनमा आएको हो ।

महानगरका प्रमुख मानबहादुर जिसीले शुक्रबार बजारको उद्घाटन गर्नुभयो । कार्यक्रममा बोल्दै प्रमुख जिसीले कृषि क्षेत्र सशक्त पेशा र महत्वपूर्ण व्यवसाय भएको चर्चा गर्दै उपभोक्ताहरुको माग अनुसारका कृषि उपज उत्पादनमा लाग्नुपर्नेमा जोड दिनुभयो । 'स्थानीय तथा अर्गानिक उत्पादनप्रति जसरी उपभोक्ताहरुको चासो बढेको छ, त्यही रुपमा अहिले कृषि उपज बजारमा आउन सकेको छैन', जिसीले भन्नुभयो, 'फेवा किसान बजारले उपभोक्ताको माग अनुसार वस्तुहरुको बिक्री वितरण गर्न सक्नुपर्छ ।' किसानले उत्पादन गरेको वस्तु किसानले नै बिक्री गर्न पाउनुपर्ने उहाँको भनाइ छ ।

पोखरामा दैनिक ३ करोड मूल्य बराबरको तरकारी खपत हुने गरेको दृष्टान्त सुनाउँदै मेयर जिसीले करौडौं रकम बाहिरिनबाट जोगाउनका लागि स्थानीय उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो । 'यहाँ उत्पादन हुने वस्तु सकेसम्म बाहिरबाट आयात नगर्ने महानगरको नीति हो' उहाँले भन्नुभयो ।

पोखराको लेखनाथस्थित तालचोक, बिरौटा, काहुँखोला, बाटुलेचौर लगायतका स्थानमा यस किसिमका बजारहरु सञ्चालनमा आइसकेको जानकारी दिँदै उहाँले कृषक र उपभोक्तालाई सिधा व्यापारमा जोड्ने महानगरको उद्देश्य रहेको बताउनुभयो । मेयर जिसीले व्यवसायिक कृषकहरुले कृषि बिमाको सुविधा प्रयोग गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

कार्यक्रममा बोल्दै महानगरका कृषि तथा पशु विकास महाशाखा प्रमुख मनहर कडरियाले किसानहरु बिचौलियाका कारण पीडित भएकाले यस्तो बजारको कल्पना गरिएको बताउनुभयो।

पोखराको वडा नं १८, २३ र २४ का किसानहरुलाई लक्षित गरी बिक्री केन्द्र सञ्चालनमा ल्याइएको उनले जानकारी दिनुभयो । उत्पादनले बजार नपाएको भनेर किसानहरुले सधैं गरिरहने गुनासो केही हदसम्म सम्बोधन हुने कडरियाको विश्वास छ । किसानले गरेको उत्पादनको आधारमा अनुदानको व्यवस्था गरिने उनले बताउनुभयो ।

पोखरा महानगरको लोगो सहितको प्याकेजिङ र ब्रान्डीङ गरी कृषि उपज बिक्री गरिने उहाँको भनाइ छ । कडरियाका अनुसार साना कृषकहरुसँग साझेदारी गरेर पोखराको चिप्लेढुंगास्थित श्री कम्पलेक्समा कृषि उपज पुऱ्याउने व्यवस्था महानगरले गर्नेछ । किसान बजारमा स्थानीय उत्पादनहरु, पोखरेली जेठोबुढो, विभिन्न तरकारी, विभिन्न व्यवसायिक फर्महरुबाट उत्पादिन उपभोग्य वस्तुहरु बिक्रीका लागि राखिएका छन् ।

सोही अवसरमा फेवातालमा माछाका भुराहरु छोडिएको छ, विभिन्न प्रजातिका १५ हजार माछाका भुरा तालमा छाडिएको हो । महानगर प्रमुख मानबहादुर जिसी, पोखरा महानगर वडा नं १८ का अध्यक्ष रणबहादुर थापा, वडा नं ६ का अध्यक्ष जगत पहारी, कृषि महाशाखा प्रमुख मनहर कडरिया लगायतले भुराहरु तालमा छाड्नु भएको हो । महानगरले वर्षेनि माछाका भुराहरु तालमा छाड्ने गरेको छ ।

वडा नं १८ का अध्यक्ष रणबहादुर थापाको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन किसान विष्णु दाहालले गर्नुभएको थियो ।

**जीवन सुवेदी,** *पोखरा, १६ असोज*

# पोखरा महानगरपालिका

## साझेदारी विकास कोष, गरिबी न्यूनीकरण कार्यक्रम

### प्रतिवेदनको अवधि/क्षेत्र :- मिति २०७६/४/१ देखि २०७७/३/३१ सम्मको प्रगति विवरण

**१. गरिबी न्यूनिकरण तथा आय आर्जनतर्फको ऋण लगानीको प्रगति विवरण :**

| कार्यक्रम | उद्देश्य | लगानीको लक्ष्य वार्षिक रु | ऋण लगानीको प्रगति | २०७७ आषाढ सम्म फिल्डमा लगानीमा रहेको ऋण रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| गरीबी न्यूनिकरण | आय आर्जन | ८३ लाख ५० हजार | ८९ लाख | २ करोड ७९ लाख ९१ हजार ९१४ | |
| प्रगति | | | १०७ प्रतिशत | | |

**२. गरिबी न्यूनिकरण तथा आय आर्जन तर्फको ऋण असुलीको प्रगति बिबरण :**

| कार्यक्रम | उद्देश्य | ऋण असुलिको लक्ष्य बार्षिक रु | साँवा असुलिको प्रगति रु | व्याज असुलिको प्रगति रु | जम्मा असुलि |
|---|---|---|---|---|---|
| गरीबी न्यूनिकरण | आय आर्जन | ६३,१०,०००।- | ५८,१८,३१९।- | १६,१२,९६१।- | ७४,३१,२८०।- |
| प्रगति | | | | | ११८ प्रतिशत |

**३.आवास निर्माण कार्यक्रम तर्फको ऋण लगानीको प्रगति बिबरण :**

| कार्यक्रम | उद्देश्य | लगानीको लक्ष्य | ऋण लगानीको प्रगति | फिल्डमा लगानीमा रहेको जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| आवास निर्माण | आवास/घर निर्माण तथा मर्मत | १ करोड ८६ लाख | १ करोड ६४ लाख २५ हजार | ८ करोड २ लाख ७३ हजार २२३ | लकडाउँनका कारण प्रगति १०० प्रतिशत नपुगेको। |
| प्रगति | | | ८८ प्रतिशत | | |

**४.आवास निर्माण कार्यक्रम तर्फको ऋण असुलिको प्रगति बिबरण :**

| कार्यक्रम | उद्देश्य | साँवा असुलीको प्रगति | व्याज असुलीको प्रगति | जम्मा असुली | असुली दर |
|---|---|---|---|---|---|
| आवास निर्माण | आवास/घर निर्माण तथा मर्मत | २,३४,०२,७८४।- | ६७,७८,९९५।- | ३,०१,८१,७७९।- | ९८ प्रतिशत |

५. थप १०० घर निर्माण तथा मर्मतका लागि रु ५ करोड ५० लाखको थप कार्यक्रमका गर्न, पोखरा महानगरपालिका, लुमन्ति र कामना सेवा विकास बैंक बिच सम्झौता गर्ने कार्य सम्पन्न भएको,

६. विगत ५ वर्षदेखि बैंकको चल्ति खातामा निस्क्रिय रहेर बसेको साविक पोखरा उपमहानगरपालिका तर्फको साझेदारी विकास कोषको रकम रु १ करोड लाई १०० प्रतिशत लगानी गरी परिचालन गर्न सफल भएको,

७. आय आर्जन तर्फका उद्यमी लाई ऋण लगानी गर्ने कार्य भैरहेको । जसमा बार्षिक व्याज दर सयकडा १० प्रतिशत रहेको,

८. घर निर्माण तथा मर्मत गर्ने सेवाग्राही लाई ऋण लगानी गर्ने कार्य भैरहेको । जसमा वार्षिक व्याज दर सयकडा ८ प्रतिशत रहेको । असुलीको प्रगति दर ९८ प्रतिशत रहेको,

९. उद्यमी/सेवाग्राहीहरु बाट दैनिक ऋण असुलि गर्ने कार्य भैरहेको,

१०. टोल विकास संस्थाकालाई लेखा तथा बचत व्यवस्थापनका सामग्रीहरु उपलब्ध गराउँने कार्य भएको,

११. टोल विकास संस्थाहरुलाई नियमन गर्ने कार्य भएको,

१२. टोल विकास संस्थाको संस्थागत विकासका लागि प्राबिधिक सहयोग गर्ने कार्य भएको,

१३. टोल विकास संस्था तथा उद्यमी एंब घर निर्माण गर्ने सेवाग्राहीहरुको फिल्ड अनुगमन, निरीक्षण तथा ताकेता गरिएको,


१४. आय आर्जन तथा आवास निर्माण लागि लक्षित बर्ग तथा लाभग्राहीको छनौट गर्ने कार्य भएको,

१५. न्युन लागतमा नमुना बस्ति निर्माणका लागि पोखरा महानगरपालिका, लुमन्ति र सेवाग्राहीहरुको संयुक्त टिमबाट जग्गाको फिल्ड निरीक्षण गर्ने कार्य भएको,

१६. लुमन्तिको सहयोगमा आवास निर्माण कार्यक्रमको प्रभाब अध्ययन (Impact Study) गर्ने कार्य सम्पन्न भएको भई लाभग्राही सन्तुष्टि रहेको पाइएको ।

मिति : २०७७/४ / २

प्रतिवेदक
रवीन्द्र अधिकारी
साझेदारी विकास कोष




नोवल कोरोना भाइरस (COVID 19)
मुख्य लक्षणहरू
ज्वरो आउने
(१००.४ डिग्री फरेनहाइट भन्दा माथि)
छाती दुख्ने
खोकी लाग्ने
सास फेर्न गाह्रो हुने
टाउको दुख्ने
माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
नोवल कोरोना भाइरस संक्रमित बिरामीसँगको नजिकको सम्पर्कपछि एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । यस भाइरसको संक्रमणबाट बच्ने मुख्य उपाय व्यक्तिगत सावधानी नै हो त्यसैले,
नियमित साबुन पानीले हात मुख धुने गरौं
खोक्दा, हाँछ्यू गर्दा रुमालले नाक, मुख छोप्ने गरौं
नमस्कार गर्ने गरौं
माछा, मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने गरौं
सकेसम्म बढी भीडभाड हुने ठाउँहरुमा नजाऔं
संक्रमण फैलिएका देशहरूबाट आउने व्यक्तिहरू दुई हप्तासम्म अलग्गै (Self-Quarantine) बस्ने गरौं ।
पोखरा महानगरपालिका
स्वास्थ्य महाशाखा
न्यूरोड, पोखरा